# पहिलो परिच्छेद
# शोध परिचय

## १.१ विषय परिचय

लोकगीत लोक भावनाको अभिव्यक्ति रहने मानवीय जीवनका स्वतःस्फूर्त गायन हो । लोक जीवनका धार्मिक, सामाजिक र सांस्कृतिक जस्ता विविध पक्षहरूको उद्‌घाटन गर्नुका साथै लोक जीवनका सुखदुःख, आँसुहाँसो जस्ता पक्षहरू लोकगीत मार्फत व्यक्त हुने गर्दछन् । यसै लोकगीत अन्तर्गत, देउडा गीत पर्दछ । 'देउडा' शब्दको अर्थ डेढ खुट्टाले पैताता मिलाएर सामूहिक रूपमा गाइनु र खेलिनु हो । 'देउडा' लाई 'डेउडा' पनि भन्ने गरिन्छ । यसमा दुई पक्षका बिच प्रश्नोत्तर ढाँचामा प्रतिस्पर्धा हुन्छ । दुबै समूहमा एक-एक जना गरी दुई वटा 'देउडे' हुन्छन् जसलाई स्थानीय भाषामा 'गिदेरु' पनि भनिन्छ । गिदेरुले प्रारम्भ गरेको गीत दुवै समूहले दोहोऱ्याउँदै खुट्टा चालेर गोलाकार वा अर्ध गोलाकार स्थितिमा अगि बढ्दै देउडा गाउने गरिन्छ ।

परम्परादेखि नै प्रचलनमा आएको देउडा गीतले अहिलेसम्म निकै लोकप्रियता हासिल गरेको छ । मध्य पश्चिम र सुदूर पश्चिमका अरू जिल्ला जस्तै हुम्ला जिल्लामा पनि धेरै पहिलेदेखि नै देउडा गीतको प्रचलन रहँदै आएको छ । त्यहाँ मौखिक रूपमा व्यापक क्षेत्रमा देउडा गायन हुन्छ तापनि अझसम्म यसको खासै अध्ययन हुन सकेको छैन । त्यसैले देउडा गीतको अध्ययन हुनु पर्ने आवश्यकताको अनुभव गरी प्रस्तुत अध्ययन गरिएको हो ।

## १.२ समस्या कथन

मध्यपश्चिमको हुम्ला जिल्लामा प्रचलित लोकगीतहरूमध्ये देउडा गीतको अध्ययन अहिलेसम्म पनि नहुनु यस अध्ययनको समस्या हो । सोही समस्यासँग सम्बन्धित बुँदाहरू यहाँ प्रस्तुत छन् :

क) हुम्ला जिल्लामा प्रचलित लोकगीतका के कति भेद छन् र तीमध्ये देउडा गीत कुन भेदमा पर्दछ ?

ख) हुम्ला जिल्लामा प्रचलित देउडा गीतहरू के कस्ता छन् ?

ग) हुम्ला जिल्लामा प्रचलित देउडा गीतलाई कसरी वर्गीकरण र विश्लेषण गर्न सकिन्छ ?

## १.३ शोधकार्यको उद्देश्य

प्रस्तुत शोधपत्रको उद्देश्य हुम्ला जिल्लामा परम्परादेखि प्रचलित विभिन्न प्रकारका लोकगीतहरूमध्ये देउडा गीतको अध्ययन गर्नु हो । यस उद्देश्यसँग सम्बन्धित बुँदाहरू निम्न अनुसार छन् :

क) हुम्ला जिल्लामा प्रचलित देउडा गीत लगायत विभिन्न प्रकारका लोकगीतको चिनारी दिनु ।

ख) हुम्ला जिल्लामा प्रचलित देउडा गीतको सङ्कलन गर्नु ।

ग) हुम्ला जिल्लामा प्रचलित देउडा गीतको वर्गीकरण र विश्लेषण गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

हुम्ला जिल्लामा प्रचलित देउडा गीतमा केन्द्रित रही हालसम्म खासै अध्ययन भएको छैन तापनि देउडा गीतबारे भने विभिन्न विद्वान्हरूले केही प्रकाश पारेको पाइन्छ । त्यसैको समीक्षा यहाँ प्रस्तुत छ :

क) वि.सं. २०१४ मा धर्मराज थापाले **'डाँफेचरी'** भन्ने साहित्यिक पत्रिकामा सुदूर पश्चिमका केही जिल्लामा गएर लोक साहित्यको अध्ययन गरेका थिए तर उनले मध्यपश्चिमको हुम्ला जिल्लामा केन्द्रित भई देउडा गीतको विशेष अध्ययन भने गरेका छैनन् ।

ख) वि.सं. २०२८ मा प्रदीप रिमालले **कर्णाली लोक संस्कृति** भन्ने पुस्तकमा कर्णाली क्षेत्रको साहित्य र कलाका बारेमा उल्लेख गरेका छन् । उक्त पुस्तकमा सिङ्गो कर्णाली अञ्चलको लोक संस्कृतिबारे विवेचना भएको छ तर देउडा गीतबारे भने त्यसमा विवेचना भएको पाइँदैन ।

ग) वि.सं. २०२८ मा स्थिर जङ्गबहादुर सिंहले **कर्णाली लोक संस्कृति** भन्ने पुस्तकमा कर्णाली क्षेत्रमा प्रचलित लोकगीत, स्थानीय संस्कृति र परम्परा तथा जीवन शैली माथि प्रकाश पारेका छन् । यसमा देउडा गीतका नगण्य नमुना मात्र रहेका छन् ।

घ) वि.सं. २०३२ मा देवकान्त पन्तले **डोटेली लोक साहित्य** भन्ने पुस्तकमा डोटेली लोक साहित्यको व्यापक चर्चा गरेका छन् । पन्तले त्यस क्षेत्रमा प्रचलित गीतलाई स्थानीय संस्कृतिको ध्वन्यात्मक रूप मान्न सकिन्छ भनेका छन् । उनले त्यस क्षेत्रमा प्रचलित देउडा गीतको चर्चा सहित देउडा सार्वजनिक गीत हो भन्दै देउडा गीत रचना गर्न, सङ्कलन गर्न र गाउन धेरै सरल हुन्छ भनेका छन् । उनका अनुसार देउडा गीतहरू प्रायः सामयिक प्रकृतिका र प्रेम सम्बन्धी

नै हुन्छन् । देउडा गीतको स्थायी लय हुन्छ भन्ने कुरालाई उनको अध्ययनमा समेटिएको पाइन्छ ।

ङ) वि.सं. २०३६ मा प्रकाशित **'बेन्नु'** पत्रिकामा कर्णाली विद्यार्थी हित समितिले कर्णालीभित्रका धार्मिक, सामाजिक, सांस्कृतिक आदि पक्षलाई समेटेर विभिन्न लेख रचना प्रकाशन गरेको पाइन्छ । यसमा देउडा गीतलाई सामान्य स्थान दिई यस क्षेत्रका देउडाको सामान्य चिनारी मात्रै दिने काम भएको छ । हुम्ला जिल्लाका देउडा गीतहरू बारे यसमा चर्चा गरिएको पाइँदैन ।

च) वि.सं. २०३६ मा काजी रोशनको **मानसरोवरमा डुबुल्की मार्दा** पुस्तकमा हुम्ला जिल्लामा प्रचलित देउडा गीतका केही नमुना सहित परिचय दिने कार्य भए पनि विस्तृत रूपमा अध्ययन भने भएको छैन ।

छ) वि.सं. २०४६ मा प्रकाशित रत्नाकर देवकोटाको **कर्णालीको अथ र इति** भन्ने पुस्तकमा कर्णाली अञ्चलको ऐतिहासिक सांस्कृतिक सामाजिक र आर्थिक पक्षको चर्चा गरिएको छ तर देउडा गीतबारे भने यसमा केही उल्लेख भएको छैन ।

ज) वि.सं. २०५७ मा कृष्णप्रसाद पराजुलीको **नेपाली लोकगीतको आलोक** भन्ने पुस्तकमा देउडा गीतमा लोग्ने मान्छे, स्वास्नी मान्छे र केटाकेटीका छुट्टाछुट्टै खेल हुन्छन् भनिएको छ । देउडा खेल्दा मानिसहरू हातेमालो गर्दै गोलाकार घेरा बनाएर दुई पाइला अगाडि र पछाडि सर्दै चालमा चाल, तालमा ताल र लयमा लय मिलाउँदै शरीर लच्काएर गीत गाउँछन् अनि पालैसित नाच्छन् भनेर पनि उनले भनेका छन् । उनको यस पुस्तकमा पनि हुम्लामा प्रचलित देउडा गीतको चर्चा छैन ।

झ) वि.सं २०५७ मा जीवेन्द्र देव गिरीको **लोकगीतको अवलोकन** भन्ने पुस्तकमा कर्णाली प्रदेशका बाह्रमासे गीतहरूको चर्चा गरिएको छ । यस पुस्तकमा कर्णाली प्रदेशका केही लोक गीतहरूको विवेचना गरिए पनि हुम्लाका देउडा गीतको चर्चा गरिएको छैन ।

ञ) वि.सं २०५८ मा प्रकाशित चूडामणि बन्धुको **नेपाली लोक साहित्य** भन्ने पुस्तकमा देउडा गीतबारे सामान्य चर्चा गरिएको छ तर यसबारे विस्तृत विवेचना भने त्यहाँ भएको पाइँदैन ।

ट) वि.सं २०६० मा गोविन्द प्रसाद पाण्डेको **देउडा विगतदेखि वर्तमानसम्म** भन्ने पुस्तकमा देउडा गीतको सङ्कलनका साथै यसका केही पक्षबारे विवेचना गरेका छन् तर उनको अध्ययन व्यवस्थित र हुम्ला केन्द्रित छैन ।

ठ) वि.स. २०६२ मा प्रकाशित रत्नाकर देवकोटाको **मौलिक लोकगीत-भित्रको पश्चिम नेपाल** भन्ने लेखमा देउडा गीतका विशेषताहरूको चर्चा सहित हुम्ला जिल्लामा प्रचलित केही देउडा गीतहरूको सङ्कलन प्रस्तुत छ तर उनको अध्ययन पनि हुम्ला केन्द्रित होइन र यसमा शोधविधिको पालना पनि भएको छैन ।

उपर्युक्त लेखकहरूद्वारा देउडा गीतबारे प्रकाश पारिए तापनि हुम्ला जिल्लामा प्रचलित देउडा गीतका विविध पक्ष र विशेषतामाथि प्रकाश पार्न नसकिएको हुँदा सो अपूर्णतालाई पूरा गर्न आवश्यक ठानी, "**हुम्ला जिल्लामा प्रचलित देउडा गीतको सङ्कलन, वर्गीकरण र विश्लेषण**" शीर्षकमा यो शोधकार्य गरिएको छ ।

## १.५ अध्ययनको औचित्य

प्रस्तुत अध्ययनमा हुम्ला जिल्लामा प्रचलित देउडा लोकगीतका बारेमा विस्तृत प्रकाश पारिएको छ । त्यहाँ प्रचलित नेपाली लोक साहित्यको अध्ययनमा पूर्णता ल्याउन यसले आंशिक योगदान गरेको छ । हुम्ली देउडा गीतका साथै विभिन्न लोकगीतका भेद उपभेदका बारेमा पनि यहाँ चर्चा गरिएको छ । त्यसैले लोकगीतको अध्ययन गर्न खोज्ने व्यक्तिहरूलाई यसबाट प्रत्यक्ष सहयोग मिल्ने छ । त्यस्तै यस जिल्लामा सर्वाधिक प्रचलित देउडा गीतले समाजको ऐतिहासिक, सांस्कृतिक र सामाजिक पक्षलाई के कति अङ्कन गरेको छ भन्ने कुरा पनि यसबाट प्रकाशमा आएको छ । नेपालका विभिन्न भागमा प्रचलित विभिन्न प्रकारका लोक गीतको तुलनात्मक अध्ययनमा पनि यसबाट आवश्यक सहयोग पुग्ने छ । त्यसैले प्रस्तुत अध्ययन औचित्यपूर्ण छ ।

## १.६ शोधकार्यको सीमाङ्कन

प्रस्तुत शोधपत्रको अध्ययनमा हुम्ला जिल्लाका डाँडाफया, सिमकोट, लाली, राया, सर्किदेउ, रोडीकोट, दार्म, जैर महिला र श्रीनगर जस्ता प्रमुख स्थलहरूलाई केन्द्र बनाइएको छ । यसमा नेपाली भाषाको हुम्ली भेदमा प्रचलित लोकगीतलाई मात्र अध्ययनको विषय बनाइएको छ ।

## १.७ शोधविधि

### १.७.१ सामग्री सङ्कलन विधि

प्रस्तुत अध्ययनमा सामग्री सङ्कलनका निम्ति मूलतः क्षेत्रीय अध्ययन पद्धतिलाई अँगालिएको छ । यस क्रममा अध्ययन क्षेत्रमा पुगी देउडा गीतको सङ्कलन गरिएको छ । साथै

स्थलगत अध्ययनको क्रममा प्रश्नावली, अन्तर्वार्ता र अन्तर्क्रिया पनि सम्पन्न गरिएको छ । यस अध्ययनमा अंशतः पुस्तकालयीय पद्धतिबाट पनि सामग्री सङ्कलन गरिएको छ ।

### १.७.२ विश्लेषणको सैद्धानित्क ढाँचा

प्रस्तुत अध्ययनमा विश्लेषणको सैद्धान्तिक ढाँचा अनुसार सामग्रीको विश्लेषणका लागि वर्णनात्मक विधिलाई अँगालिएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोध पत्रको रूपरेखा निम्नानुसार रहेको छ :

पहिलो परिच्छेद - शोध परिचय

दोस्रो परिच्छेद - हुम्ला जिल्लाको परिचय

तेस्रो परिच्छेद - हुम्ली लोकगीतको परिप्रेक्ष्यमा देउडा गीत

चौथो परिच्छेद - हुम्ली देउडा गीतको वर्गीकरण र विश्लेषण

पाँचौ परिच्छेद - उपसंहार

# दोस्रो परिच्छेद

# हुम्ला जिल्लाको परिचय

## २.१. नामकरण

हुम्ला जिल्लाको नामकरण कसरी गरियो भन्ने सम्बन्धमा विभिन्न किंवदन्ती र विभिन्न विचारहरू प्रचलित रहेको पाउन सकिन्छ । खास गरी नामकरणका सम्बन्धमा धार्मिक एवम् ऐतिहासिक आधारमा केही भनाइहरू प्रचलनमा आएका छन् । तिनै आधार यहाँ प्रस्तुत छन् ।

यस जिल्लामा अवस्थित प्रसिद्ध तीर्थस्थल खार्पुनाथमा प्राचीन कालमा कोटी होम लगाइएको हुनाले यही होम लगाएको अर्थात् (होम+ला) बाट 'होमला' भई 'हुम्ला' हुन गएको भन्ने भनाइ रहेको छ ।[१] अर्का थरीको भनाइ अनुसार 'हुल्म लडरिङ' 'साँगुरो नदी' बाट 'हुम्ला' भएको हो ।[२] यसका अतिरिक्त "हुण जातिहरू यही बाटो भएर 'ल्हा' भन्ज्याङ काटेर तिब्बत क्षेत्रमा प्रवेश गरेको हुनाले 'हुण' र 'ल्हा' बाट 'हुम्ला' भएको भन्ने भनाइ पनि रहेको छ ।[३] यस जिल्लाको नामकरणका बारेमा अरू पक्षभन्दा यहाँ सर्व प्रथम दिइएको ऐतिहासिक पक्ष नै बढी प्रबल र विश्वसनीय देखिन्छ ।

## २.२. भौगोलिक अवस्था

वर्तमान हुम्ला नेपाल अधिराज्यको पचहत्तर जिल्लामध्ये एउटा हो । भौगोलिक अवस्थिति हेर्दा हुम्ला जिल्ला २९°३५′ देखि ३°५७′ उत्तरी अक्षांश र ८१°१८′ देखि ८२°१०′ पूर्वी देशान्तरमा फैलिएको छ । कुल ५,६५५ वर्ग कि.मि. क्षेत्रफल ओगटेको यो जिल्ला नेपालमा डोल्पापछिको दोस्रो ठुलो क्षेत्रफल भएको जिल्ला हो । हुम्ला जिल्ला समुद्र सतहबाट १,५२४ मिटरदेखि ७,३३७ मिटरउचाइमा अवस्थित छ ।[४] नेपालको अति विकट उत्तर पश्चिम क्षेत्रमा अवस्थित हुम्ला जिल्लाको सिमानामा पूर्वमा मुगु, दक्षिणमा बाजुरा र मुगु, उत्तरमा चीनको स्वशासित क्षेत्र तिब्बत र पश्चिममा बझाङ र तिब्बत पर्दछन् ।[५] भौगोलिक रूपमा विकट यो जिल्ला वर्तमान समयसम्म आइ पुग्दा सडक, यातायात, बिजुली, सञ्चार र शिक्षा आदिले

---

१ हुम्ला जिल्ला विकास समिति (**हुम्ला : जिल्लाको वस्तुस्थिति विवरण,** २०६७) पृ. १६ ।

२ ऐजन ।

३ ऐजन ।

४ जिल्ला सिँचाइ कार्यालय, सिमकोट, **जिल्ला प्रोफाइल**, (२०६५), पृ.१६ ।

५ राजाराम सुवेदी, **बाइसे राज्यको रूपरेखा,** ललितपुर : साझा प्रकाशन, २०४९, पृ.४५ ।

पछाडि रहेको छ । यो जिल्ला मध्य पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत कर्णाली अञ्चलमा पर्दछ । नेपालको सबैभन्दा विकट जिल्ला हुम्लामा ९ इलाका, २७ गा.वि.स. र एक मात्र निर्वाचन क्षेत्र रहेका छन् । जिल्ला सदर मुकाम सिमकोट समुद्र सतहदेखि २९४३ मिटर उचाइमा अवस्थित छ ।

सिमकोट, वरगाउँ, ठेहे, हेप्का, डाँडाफया, स्याँडा खगाल गाउँ, मुचु, लिमी, छिप्रा, खार्पुनाथ, लाली, राया, सर्किदेउ, साया, मेलछाम, श्रीमष्ठा, गोठी, रोडिकोट, बराई, मिमी, दार्मा, जैर, श्रीनगर, कालिका, मदना र मैला गा.वि. स. हरू हुम्ला जिल्लामा रहेका छन् । भौगोलिक विकटता, राजनैतिक अस्थिरता र विकासका आधारभूत कुराको कमीले यो जिल्ला विकासका दृष्टिले पिछडिएको छ ।

भौगोलिक क्षेत्र र बनोटको हिसाबले यस जिल्लालाई ३ भागमा बाँडिएको छः

### २.२.१. उच्च हिमाली क्षेत्र

उच्च भू-भाग र अग्ला हिमाल भएको यस क्षेत्रमा धेरेजसो ठाउँमा बाह्रै महिना हिउँले ढाकेको हुन्छ । यहाँको धेरैजसो भागमा चट्टान रहेको छ भने केही भागमा वन जङ्गल पनि रहेको छ । यहाँ खास गरी गेग्रान र बलौटे माटो पाइन्छ । यस क्षेत्रमा बसोबास गर्ने लिमी र मुचु गा.वि.स. का जनताहरूको जन जीवन अत्यन्तै कष्टकर छ । उनीहरूले व्यापार, व्यवसाय र चौंरी पालनबाटै जीविकोपार्जन गर्नु पर्ने बाध्यता रहेको छ ।

### २.२.२. उच्च पहाडी क्षेत्र

यस क्षेत्रको भूभाग ज्यादै भिरालो रहेको छ । घाँसे मैदान तथा चरन क्षेत्रको रूपमा यस क्षेत्रको भूभाग वनस्पतिले ढाकेको छ । बहुमूल्य प्राकृतिक स्रोत विशेष गरी विश्व प्रसिद्ध जडीबुटी यस क्षेत्रमा पाउन सकिन्छ । जिल्लाको यस क्षेत्रको अधिकांश भूभाग चट्टान र हिउँले ढाकिएको छ ।

### २.२.३. पहाड तथा नदीको बेँसी क्षेत्र

यहाँको नदी किनारामा अवस्थित केही भूभाग तुलनात्मक रूपमा नदी नालाले बगाएर ल्याएको मलिलो माटो भएको समथर क्षेत्र हो । कर्णाली नदी र अन्य ५० भन्दा बढी नदीनाला तथा खोलाहरू यस क्षेत्रमा रहेका छन् । यस क्षेत्रको माटो पाँगो बलौटे छ जुन कारण धान, गहुँ र मकै आदि खेती गरिन्छ । जिल्लाको दक्षिणतिर पर्ने त्यो भू-भागमा वन जङ्गल पनि रहेको छ ।

## २.३. ऐतिहासिक अवस्था

सन् १३९३ मा मेदिनी बर्मा जुम्लाका शासक भएपछि जुम्लाको शासित प्रदेशका रूपमा रहेको हुम्लाको भू-भाग उनले आफ्न ज्वाइँ वलिराज शाहीलाई दिएका थिए यिनैको वंशजले सन् १७३६ सम्म यस प्रदेशमा शासन गरे । बहादुर शाहको कालमा वि.स. १८४६ मा जुम्ला गोर्खाली फौजले विजय प्राप्त गरेको थियो । भक्ति थापाको नेतृत्वमा आएको फौजले तिब्बतको खोचेर सम्मको भू-भागलाई नेपालको प्रशासकीय क्षेत्रको रूपमा मिलाएको थियो ।[६] तिब्बतको ताक्लाकोटको उत्तर पश्चिममा अत्याधिक रूपमा बसेका नेपालीहरूको स्थितिबाट पनि भक्ति थापाले तिब्बतका अन्य भू-भागहरू नेपालमा मिलाएका थिए भन्ने स्पष्ट हुन्छ । वि.स. २०१८ मा भएको नेपाल अधिराज्यको राजनैतिक विभाजनमा हुम्ला एउटा स्वतन्त्र जिल्लाको रूपमा स्थापित हुन पुग्यो ।

## २.४. सामाजिक अवस्था

हुम्लाको प्राचिन समाजको बस्तीबारे प्राचिन हिन्दु पुराणमा उल्लेख भएको पाइन्छ । खस जातिहरू भारतबाट हिमाली भेगमा प्रवेश गरी बस्ती बसेका यहाँका व्यासी (ऐडी, रोकाया, बुढा) जातिका मानिस व्याँसबाट आई बस्ती बसेको र भोटेहरू (लामा जाति) भोटबाट आई हुम्लामा बसोबास गरेको किंवदन्ती छ ।[७] यस जिल्लामा ठकुरी, ब्राहमण, क्षेत्री, लामा र दलित जातिहरूको उलेख्य रूपमा बसोबास गरेको पाइन्छ । हुम्ला जिल्लामा बढी भन्दा बढी मठ मन्दिर र गुम्बा रहेका कारण हिन्दू र बौद्ध धर्मालम्बीहरूको बसोबास रहेको पृष्टि हुन्छ ।

यस जिल्लाका मानिसहरूको पैरनमा बुढापाकाहरूले दौरा, सुरुवाल, कोट बक्खु र परदनी लगाउँछन् भने महिलाहरूले ध्वती, गुनिउँ र चोलो आदि पोसाक लगाउँछन् । यी कुराहरूले यस जिल्लाको सामाजिक अवस्थाको परिचय दिएको पाइन्छ । यस जिल्लाका मानिसहरका प्रमुख भोजनका रूपमा कोदो, फापरको रोटीमा, जौ र उवाको सातु तथा भात र तरकारीका रूपमा आलु, चोती, मुला, सिस्नोको साग, पाल्ता सिमी, मास र गुरासको दाल आदि रहेका छन् । यस जिल्लामा बसोबास गर्ने जातिहरूका थरहरू यस प्रकार रहेका छन् ।

(क) ब्राह्मण

उपाध्याय, जैशी र काफ्ले आदि ।

---

६ रमेश खतिवडा, (**कर्णाली,** काठमाडौं : वीणा प्रकाशन, २०५४), पृ. ९३ ।

७ योगी नरहरीनाथ, (**सेतीतारा,** ललितपुर : साझा प्रकाशन, २०२६), पृ. १७ ।

(ख)  ठकुरी

शाही, छत्याल, मल्ल, हमाल, बम र बारकोटे

(ग)  क्षत्री

बिष्ट, रावल, रावत, रोकाया, बुढा, भण्डारी, कार्की, फडेरा, बोहोरा, महतारा, ऐडी, बुढाथोकी, खड्का र बोगटी

(घ)  लामा

लामा र दलित लामा

(ङ)  दलित

दमाई, टमटा, सार्की, सुनार, लुहार र परियार

हुम्लामा प्राचीन समयदेखि नै मानव बस्ती रहेको पाइन्छ । यहाँ अहिले विभिन्न जातजातिका मानिसहरूले बसोबास गर्दछन् विभिन्न जातिका यहाँ माथि उल्लेखित मानिसहरूले निम्न अनुसारको काम गर्छन ।

(क)  ब्राहमण

पढ्ने पढाउने यज्ञ गर्ने दान लिने दिने खेतीपाती जागिर गर्ने ।

(ख)  ठकुरी

सर्वशक्ति हातमा लिएर राज्यको दायित्व बोकी चलाउने, पढ्ने, खेती गर्ने ।

(ग)  क्षेत्री

शासकहरूको आज्ञा अनुसार राज्यमा न्याय शक्ति, कर्म वन्दव्यवस्था गर्ने खेतीपाती र नोकरी गर्ने

(घ)  लामा

पुजा पाठ गर्ने, व्यापार व्यावसाय खेतीपाती गर्ने ।

(ङ)  दलित

माथिका सबैको सेवा गर्ने तथा आफ्नो क्षेत्रमा परेको काम पुरा गर्ने ।

यसरी हुम्ला जिल्लाको सामाजिक अवस्थालाई केलाएर हेर्ने हो भने यहाँ विभिन्न जातजातिका मानिसहरू बसोबास गर्दछन् । सबै समुदायको एकै किसिमको संस्कृति परम्परा र

भाषा रहेको पाइदैन खास गरी यो क्षेत्र हिमाली जिल्ला भएका कारण यहाँका मानिसहरू धर्म र रुढीबादी परम्परा प्रति बढि विश्वास राख्दछन् ।

पहिलेको तुलनामा सबै जाीत धर्म, समूह पुरुष र महिलाहरूमा शिक्षित हुने तथा क्रमिक रूपमा पुरानो रुढीबादी परम्परा र अन्धविश्वासलाई छोड्ने गरेको पाइन्छ । हुम्ला जिल्ला खास गरेर कृषि प्रधान जिल्ला भएका कारण यहाँका मानिसहरूको आयस्रोत वा जीविकोर्पाजनको मुख्य स्रोत कृषि नै रहेको छ भने अर्कातिर गरिबीका कारणले जीवन धान्न छिमेकी मुलुक भारत र अन्य देशहरूमा जाने परम्परा पनि उत्तिकै छ ।

## २.५. आर्थिक अवस्था

हुम्लाका बहुसङ्ख्यक जनताको आर्थिक जीवनको मुल आधार कृषि भए पनि यो हुम्लाको समष्टी अर्थतन्त्रको स्रोत होइन किनभने कुनै जमनामा यहाँ उब्जेको खाद्यान्नले वर्षको धेरै महिना पुगेपनि उत्पादनको कमी र जनसंख्याको बृद्धि क्रमले यतिबेला यहाँ उब्जेको खाद्यान्नले हुम्लीहरूलाई तीन महिना पनि खान पुग्दैन कृषिप्रति निर्भर हुदाँहुदै पनि हुम्लीहरू परिनिर्भर जीवन बिताई रहेका छन् जिल्लाको दक्षिण क्षेत्रले मात्र कृषि उत्पादनमा टेवा पुऱ्याइरहेको छ ।

यहाँको आर्थिक सन्तुलनमा व्यापारको पनि ठुलो भूमिका छ । धेरै जसो मध्य तथा उत्तरी क्षेत्रका मानिसहरू ऐतिहासिककाल देखि नै तिब्बतको ताक्लाकोट सँग व्यापार गरेर जीवन धान्दै आइरहेका छन् । हुम्ली जनताले विभिन्न किसिमका जडीबुटीहरू तिब्वतको ताक्लाकोटमा भेडा, च्याङ्ग्रा, खच्चर, झोपा र घोडा आदिमा ढुवानी गरी बेचविखन गर्ने गरेको पाइन्छ । यहाँ जनजीवनमा पशुपालनले पनि ठुलो आर्थिक महत्व राख्दछ । यस जिल्लामा अहिले सम्म कतै पनि व्यवस्थित बजार छैन तर ऐतिहासिककाल देखि नै यहाँ व्यापार चाहिँ चालिरहेको छ।

विभिन्न किसिमका मुल्यवान जडीबुटीहरू संकलन गरी विक्रि वितरण बाट यहाँका मासिसहरूले आर्थिक अवस्थामा केही सुधार ल्याउने काम भने गरेको छन् । हुम्लाका जिल्लाको आर्थिक मेरुदण्डको प्रमुख आधार मध्ये कृषि पनि एक हो । यस क्षेत्रमा उत्पादन गरिने प्रमुख खाद्यान्नका रूपमा धान, मकै, कोदो, फापर, गहुँ, जौ, उवा र कागुनो आदि रहेका छन् । तरकारीका रूपमा सिमी, मास, गहत, गुरास, फर्सी, केराउ, लसुन, भन्टा, सिस्नोको साँग र पाल्ता आदिको यहाँ उत्पादन हुन्छ । तोरी, बदाम, ढुटेलो, चुली, खामु, तिल र आरु आदी बाट तेल निकालिन्छ । फलफुलहरूमा स्याउ, आरु, सून्तला, कागती, आरुबखडा र केरा आदि उत्पादन गरी विक्रि वितरणबाट आर्थिक आम्दानी गरिन्छ । हुम्ला जिल्लामा आयस्रोतको रूपमा

पशुपालन व्यावसाय पनि त्यतिकै फस्टाएको देखिन्छ । यहाँ गाई, भैसी, चौरी, भेडा, बाखा, सँगुर, कुखुरा र खच्चर आदि पाल्ने गरिन्छ । यहाँका बासिन्दाले गाई, भैसी र चौरीको दुध, दही, घिउ र छुप्री बेच्ने, सुगुर, भेडा, बाखा, कुखुराको मासु बेच्ने र घोडा खच्चर आदिमा मालसामान ढुवानी गरी आम्दानी गर्ने गरेका छन्  त्यस्तै यस जिल्लाको अन्य आर्थिक स्रोतका रूपमा डोको, नाङ्लो, छाप्री, थुन, राँगे, सुपो आदि निर्माण गर्ने र विक्री वितरण गर्ने व्यवसाय रहेको पाइन्छ ।

हुम्ला जिल्ला मानसरोवर र कैलाश पर्वतको पदमार्ग भएका कारण यहाँका मानिसहरूले पर्यटकका सरसामानको भारी बोकेर पनि आम्दानी गर्ने गरेका छन् । व्यापार र जडिबुटी नै यस जिल्लाका आर्थिक स्रोतहरू छन् ।

## २.६. धार्मिक र सांस्कृतिक अवस्था

हुम्ला जिल्लाको धार्मिक सांस्कृतिक अवस्था सम्पन्नशाली रहेको पाइन्छ । यहाँका मानिसहरू धर्मकर्ममा अत्यन्तै विश्वास गर्दछन् । यस जिल्लाका मानिसहरू हिन्दू धर्म र बौद्ध धर्म मान्ने गर्दछन् । लामा वस्तीमा बौद्ध धर्म र अन्य जातजातिहरू हिन्दू धर्म मान्दछन् । हिन्दू धर्म मान्ने मानिसहरूले मठ मन्दिर निर्माण गरेर पूजा आजा गरेर धार्मिक र सांस्कृतिक परम्परालाई निरन्तरता दिएको पाइन्छ । यस क्षेत्रका कतिपय मानिसहरूले बौद्ध धर्म मान्ने हुनाले गुम्बाहरूको स्थापना गरेर आफ्नो धार्मिक र सांस्कृतिक परम्परालाई जोगाएका छन् । हुम्ला जिल्लामा थुप्रै मठ मन्दिर र गुम्बाहरू प्राचीन समय देखि रहेका छन् तर केही मठ मन्दिरहरू सुरक्षित रहन नसकेका उदाहरण पनि छन् । हुम्ला जिल्लाका प्रमुख धार्मिक स्थलहरू मध्ये हिन्दूधर्म मान्नेका मन्दिरहरमा खार्पुनाथ महादेव, ल्वासुर, भगवती, मष्ठा, रामपाल, हिल्सा र गुरा आदि छन भने बौद्ध धर्मालम्बहिरूका गुम्बाहरूमा रलिङ्ग गुम्बा, याल्वाङ्ग गुम्वा रिभ्फिलिङ्ग गुम्बा आदि प्रमुख रूपमा रहेका छन् । हुम्ला जिल्ला भित्र रहेका यिनै धार्मिक महत्वपूर्ण स्थलहरू हुन् । जहाँ मानिसहरूले विभिन्न पर्वहरूमा धुमधामसँग पूजा आजा गरेर धार्मिक र सांस्कृतिक परम्परालाई जीवन्त बनाएका छन् ।

हुम्ली सांस्कृतिक परम्परामा मानिसको जन्मदेखि मृत्युसम्म संस्कार पर्दछन् वर्षभरि मनाइने विभिन्न चाडपर्वहरू पनि यहाँका संस्कृतिका विशिष्ट पक्षहरू हुन् । मनोरञ्जनका लागि गरिने विभिन्न उत्सवहरू जन्म पश्चात गरिने न्वारान कर्म छैटौ दिनमा मनाइने छैटी छ महिनामा गरिने पास्नी र त्यसपछि गरिने मुण्डन ब्रतबन्ध, विवाह आदिले मानव शुद्धिकर्मको सांस्कृतिक पक्षलाई समेटेको पाइन्छ । अन्य महत्वपुर्ण चाडपर्वहरू दशै, तिहार, गौरा, भुवो, साउने पूर्णिमा, श्रीपञ्चमी, जनै पुर्णिमा, माघि संक्रान्ति, उनन्ते पुनी, चैतलो राँके संक्रान्ति र ल्होसार, साँस्कृतिक पर्वहरू विशेष गरेर मनाइने गरिन्छ ।

## २.७. शैक्षिक अवस्था

शैक्षिक दृष्टिकोणबाट हुम्ला जिल्लामा धेरै नै पछाडि रहेको छ । २००७ सालको प्रजातन्त्रको उदय सँगै यस जिल्लामा केही प्राथमिक विद्यालय खुलेको पाइन्छ । भवानी प्रा.वि. गोठीको विद्यालय हुम्ला जिल्लाकै सबैभन्दा पहिलो विद्यालयको रूपमा चिनिन्छ। यस जिल्लामा हाल सम्म सञ्चालित ११२ विद्यालयहरू मध्ये ९३ वटा प्रा.वि. १२ वटा नि.मा.वि.१३ वटा माध्यामिक र ५ वटा उच्च मा.वि. रहेका छन् भने स्नातक तहको पढाइ भने हालसालै मात्र मानसरोबर बहुमुखी क्याम्पस, सिमकोटमा सञ्चालन भएको छ । २०५८ सालको शैक्षिक तथ्याङ्क अनुसार हुम्ला जिल्लाको औषत साक्षरता दर २९% र पुरुष साक्षरता दर ५४% देखिएको छ ।"

शिक्षा सम्बन्धी राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रबाट गरिएका पहलहरू र शैक्षिक अवसरहरूको उपयोग यस जिल्लाका मानिसहरूले गर्दै आएका छन् । भौगलिक विकटता, राजनैतिक अस्थिरता दक्ष र तालिम प्राप्त शिक्षकको कमी, स्रोत सामग्रीको अभावले गर्दा यस जिल्लाको शैक्षिक अवस्थाले राम्रो गति लिन सकेको छैन ।

## २.८. यातायातको अवस्था

हुम्ला जिल्ला हालसम्म मोटर बाटोले नछोएको जिल्ला हो । हिल्सा सिमकोट सडक विश्व खाद्य कार्यक्रमको कामको लागि खाद्यान्न कार्यक्रम" अन्तर्गत निर्माणधीन रहेको भए पनि खाद्यान्न थोरै मात्र आउने हुनाले मोटर बाटाले तीव्र गति लिन सकेको छैन । यहाँ हालसम्म जम्मा ३० कि.मि. कच्ची सडक मात्र निर्माण भएको छ । जिल्लाको दक्षिणी भागमा निर्माणधिन सल्ली सल्ला सडक पनि खाद्यान्नको कमीले ५ कि.मि. मात्र निर्माण भएको छ । सदरमुकाम सिमकोटबाट र अन्य बजारबाट मालसामान ढुवानी गर्न मानिसहरूले आफै बोकेर र भेडा बाखा, घोडा र खच्चरमा लादेर ढुवानी गरेको पाइन्छ ।

"सिमकोट विमानस्थलको निर्माण २०३४ सालमा भए देखि नै नियमित हवाई सेवा प्रदान भइरहेको छ। विमानस्थल रहेको स्थानको उचाई समुन्द्री सतहबाट करिब ९२४६ फिट रहेकाले हिउँ पर्ने मौसममा केही महिना विमान सेवा अवरुद्ध हुने गर्दछ ।" हाल सरकारी निजी विमान कम्पनीहरूका जहाजहरूले नेपालगञ्ज र सुर्खेतबाट खाद्यान्न निर्माण सामग्री, दैनिक उपभोग्य वस्तु ढुवानीका साथै यात्रुहरूलाई आवतवजावत सेवा प्रदान गरि रहेका छन् ।[८]

---

८ जिल्ला विकास समिति, सिमकोट **हुम्ला जिल्लाको वस्तुस्थिति विवरण,** (२०६७), पृ. १७३ ।

## २.९. सञ्चारको अवस्था

यस जिल्लामा सर्वसाधारणको पहुँच र प्रयोगमा आउन सक्ने मुख्य गरी हुलाक टेलिफोन र मोबाइल सेवा बाहेक अन्य सेवा विशेष गरेर विद्युतिय सेवा इमेल, इन्टरनेट, रेडियो, एफ.एम. र टेलिभिजन सदरमुकाम सिमकोट बाहेक अन्य ठाउँमा खासै उपलब्ध छैन । हालसालै विस्तार गरिएका नमस्ते स्काई, हेलो नेपाल, मेरो मोबाइल, जस्ता सेवाले हुम्ली जनतालाई संञ्चार क्षेत्रमा ठुलो सहयोग पुऱ्याइरहेका छन् भने हुलाक सेवा विस्तारै लोप हुदै गएको छ ।

भौगोलिक विकटता र सञ्चारको अभावका कारण अझै हुम्ला जिल्लाका ७७३५ परिवार मध्ये ४०% परिवाससँग रेडियो एक प्रतिशत सँग मात्र टेलिभिजन १.२% परिवारसँग टेलिफोन लाइन करिब ३% सँग अन्य संञ्चारका साधनहरू जस्तै मोबाइल मल्टि मिडिया तथा कम्प्युटर आदि रहेको देखिन्छ ।[९]

## २.१०. स्वास्थ्यको अवस्था

यस जिल्लाको स्वास्थ्यको अवस्था अत्यन्तै दयनिय रहेको पाइन्छ । नेपाल सरकारको एक गाउँ एक स्वास्थ्य संस्थाको नीति बमोजिम गाउँ गाउँ सम्म आधारभूत स्वास्थ्य सेवा पुऱ्याउने उद्देश्यले यस हुम्ला जिल्लामा एक जिल्ला अस्पताल दश स्वास्थ्य चौकी १६ उप स्वास्थ्य चौकी र जिल्लामा एक आयुर्वेद औषधालय स्थापना भई सञ्चालित छन् । दरबन्दी अनुसारको मानव संसाधन आवश्यक औषधी उपकरणको कमी भौगोलिक सामाजिक, आर्थिक र साँस्कृतिक कारणले स्वास्थ्य सेवा प्रभावकारी र भरपर्दो रहेको देखिदैन । यसका साथ साथै स्वास्थ्य शिक्षा, खानेपानी, चेतना अभिवृदिका क्षेत्रमा काम गर्ने सरकारी गैर सरकारी र निजी क्षेत्र बिच प्रभावकारी समन्वय र सहकार्यको कमी देखिन्छ ।

यस जिल्लामा परम्वरागत घरेलु उपचार स्थानीय जडीबुटीको औषधी उपचार पनि प्रचलित रहेको छ । धामी झाँक्री द्वारा, लामा द्वारा झारफुक तन्त्र मन्त्र गर्ने, मन्तर्ने प्रचलन आदि पनि धैरै हदसम्म प्रचलनमा रहेको पाइन्छ । यस जिल्लाको स्वास्थ्यको अवस्था प्रायजसो धर्म र अन्धविश्वासमा आधारित भएको कारणले यहाँका ग्रामिण भेगका मानिसहरूले निक्कै कष्ट भोग्नुका साथै अकालमै ज्यान गुमाउनु समेत परेको देखिन्छ ।[१०]

---

९ दूर सञ्चार कार्यालय, हुम्ला, सिमकोटबाट प्राप्त जानकारी अनुसार ।

१० जिल्ला स्वास्थ्य कार्यालय, हुम्ला, सिमकोटबाट प्राप्त जानकारी अनुसार ।

## २.११. निष्कर्ष

मध्य पश्चिमाञ्चल विकास क्षेत्रको विकट हिमाली जिल्ला हुम्ला नेपालका विभिन्न दुर्गम जिल्ला मध्येको एउटा जिल्ला हो । यो जिल्ला हिमालै हिमालले घेरिएको कारण भौगोलिक विकटता तथा राज्यको उपेक्षाका कारण विकासमा ज्यादै नै पछाडी परेको देखिन्छ । जिल्लावासीहरू रोग भोक निरक्षरता र अभावको पीडामा जीवन गुर्जान बाध्य छन् । खाद्य सङ्कटबाट ग्रसित यहाँका अधिकांश मानिसहरू दुई छाक खान नपाएर मर्नु पर्ने जस्तो कहालि लाग्दो अवस्थामा छ । एक किलो नुनको लागि पनि सरकारको मुख ताक्नु पर्ने अवस्था छ । आधुनिक औषधी उपचार सेवाको के कुरा सिटामोल र जीवनजल समेत नपाएर मासिसहरू अकालमा मर्नु पर्ने बाध्यता देखिन्छ ।

यस जिल्लाको सामाजिक, आर्थिक, धार्मिक, ऐतिहासिक आदि विविध पक्षको निकै महत्व रहेको छ । यहाँको सांस्कृतिले यस भेगको धार्मिक सांस्कृतिक परम्परालाई जिउदो राख्दै समग्र नेपालको सांस्कृतिक पक्षलाई जोगाउने काममा योगदान गरेको पाइन्छ ।

हुम्ला जिल्ला परम्परादेखि नै एक ऐतिहासिक महत्व बोकेको हुँदा यहाँका ऐतिहासिक र धार्मिक स्थलहरू प्रस्तुत छन् यस्ता प्रमुख स्थलहरूमा खार्पुनाथ मन्दिर, रलिङ्ग गुम्बा, रिझलिङ्ग गुम्बा, पञ्चमुखी हिमाल, दुधकुण्ड ताल, लिमी उपत्यका दार्मा र सर्किदेउ कर्णाली जल विहार आदि प्रमुख रहेका छन् । यसै गरी हुम्ला जिल्ला मानसरोबर र कैलाश (तिब्बत) पुग्ने प्रमुख पद मार्गका रूपमा रहेको छ । भौगोलिक दृष्टिकोणबाट हुम्ला जिल्ला हिमाली जिल्लामा रहेको र यहाँको भू बनोटका कारण विकासमा पछि पेरका कारण सदरमुकाम सम्म पनि सडक बाटोले छुन नसकेको एकमात्र हवाइ जहाज बाहेक अर्को विकल्प नरहेको यस जिल्लामा खासै बिजुलीको व्यवस्था संञ्चारको उपयुक्त व्यवस्थाले गति लिन सकेको छैन ।

पर्यटकीय दृष्टिकोणले हुम्ला जिल्ला अति नै महत्वपूर्ण भए पनि आवश्यक पर्यटनका पूर्वाधारको अभावले उल्लेखनीय सङ्ख्यामा पर्यटकहरूको आगमन भने हुन सकिरहेको छैन । पर्यटकका प्रमुख आकर्षणका रूपमा रहेका सैपाल हिमाल, मानसरोवर तथा कैलाश पुग्ने अति छोटो मार्ग, पञ्चमुखी हिमाल, चााङला हिमाल विभिन्न स्थानहरूमा अवस्थित तातोपानीका मूलहरू ऐतिहासिक तथा प्राचीन गुम्बा र मन्दिरहरू ऐतिहासिक सांस्कृतिक परम्परा कर्णाली ऱ्याफ्टिङ रक क्लाइम्बिङ आदि हुन् ।

यस जिल्लामा जडीबुटी प्रसोधन लघु तथा साना जल विद्युत घरेलु उद्योग वा व्यावसाय रूपमा बाँस आदि बाट डोको, नाङ्ला, छाप्री, थुन, भेडाको ऊनबाट लिउ फेरुवा काठका अन्न राख्ने खाट जस्ता व्यावसाय तिब्बतको ताक्लाकोट पैमा  कवाडी बजार, यारी, सिमकोट, सर्केगाड, दार्मा, श्रीनगर र लाली आदि प्रमुख रहेका छन् ।

# तेस्रो परिच्छेद

# हुम्ली लोकगीतको परिप्रेक्ष्यमा देउडा गीत

## ३.१ लोकगीतको परिचय

लोकले सजिलै बुझ्न र अनुभव गर्न सक्ने भाषा र भावनामा निर्मित मानव मुटुको स्पन्दनबाट निस्केको मिठो आकर्षक मौखिक साहित्य नै लोकसाहित्य हो ।[११] मानव सभ्यताको विकाससँगै मानवका सुखदुःख, हर्ष बिस्मात, कर्म आदिका बारेमा मानवले सिर्जित गर्दै आएका अनुभवलाई विभिन्न माध्यमबाट व्यक्त गर्ने क्रममा लोक साहित्यको विकास भएको हो । मानिसहरू चेतनशील प्राणी भएकाले आफ्ना चेतन र अचेतन मनमा रहेका हाँसो तथा पारिवारिक सामाजिक वातावरण, प्राकृतिक दृश्यावली, परिस्थितिजन्य विसङ्गति जस्ता कुराहरूबाट निर्मित मनका कुण्ठा र भावहरूलाई उनीहरुले लोकगीत मार्फत प्रकट गरेका हुन्छन् ।

जीवन जगत्का तरलतमा भाव, तदनुरूपको कोमल भाषा र विशिष्ट लय लोकगीतका प्रमुख त□व हुन् । वस्तुपक्षभन्दा भावपक्ष र मस्तिष्कभन्दा हृदय यससँग टाँसिएका हुन्छन् । त्यसैले लोकगीतहरू सुइरो रोपिए झैँ मान्छेका हृदयमा रोपिन्छन् । भावका प्रबलताले गर्दा लोकगीत सुन्दासुन्दै कतिपय मान्छेमा तुरुन्त हाँसो वा आँसु देखा पर्न थाल्दछ । लोकगीतले असल विचारलाई पनि घोलेर सम्प्रेषण गरेमा त झन् सुनमा सुगन्ध हुन जान्छ । यसरी नै भाषिक सरलता र मिठास एवम् लयका सङ्गतिपूर्ण आरोह अवरोहबाट यसले शक्ति बटुल्दछ ।[१२]

श्रुति परम्परामा अघिल्लो पुस्ताको चिनो स्वरूप पछिल्लो पुस्ताले ग्रहण गर्दै आफ्ना थप अनुभूति र युगीन परिवेशका अभिव्यक्तिहरू समावेश गरी लोकगीतको क्षेत्रलाई व्यापक बनाएको हुन्छ । मानव सभ्यताको विकासका क्रममा सुखदुखका भाव र अभिव्यक्तिहरूलाई गुञ्जायमान गरी लोकगीतहरूका माध्यमबाट व्यक्त गरेको पाइन्छ ।

लोकगीतले मानव जीवनका विभिन्न, सामाजिक सांस्कृतिक र ऐतिहासिक परम्पराको परिचय दिएको पाइन्छ । यसरी समष्टिमा हेर्दा लोकले गाउने गीतलाई लोकगीत भनिन्छ । लोकगीत भनेको लोक जीवनको रागात्मक स्वर्स्फूत लयात्मक अभिव्यक्ति हो । लोकगीतमा लोक जीवनका दुःखसुख, हाँसोआँसु, आशा निराशाका साथै लोकको चाल चलन, विधि व्यवहार,

---

[११] धमराज थापा र हँसपुरे सुवेदी, **नेपाली लोक साहित्यको विवेचना**, (काठमाडौः पाठ्यक्रम विकास केन्द्र त्रि.वि.वि.), पृ ४७ ।

[१२] जीवेन्द्र देव गिरी, **नेपाली लोक साहित्यमा जन जीवन,** (काठमाडौः एकता प्रकाशन थापथली), पृ.१३

आस्था र मान्यताहरूको अभिव्यक्ति हुन्छ । यसमा लोकको सम्पूर्ण चित्र प्रस्तुत भएको हुन्छ । त्यसैले लोकको संस्कृति यसैमा अभिव्यक्त हुन्छ ।[१३] यसरी हेर्दा मानव जीवनसँगै सुरुवात भइ पुस्तौपुस्तादेखि पुष्पित पल्लवित हुँदै भिरपाखा, वनजङ्गल, खोलानाला, उकालीओराली हुँदै झाँगिदै जाने मानव भावकुञ्ज नै लोकगीत हो ।

## ३.२ हुम्ली लोकगीत

हुम्ला जिल्लाका लोकगीतहरूले यहाँको जन जीवनलाई आत्मसात् गरेका छन् । तिनले यहाँको बह र व्यथा एवं चिन्तन र चेतनालाई अभिव्यक्त गरेका छन् । शासकहरूको कुदृष्टि, चिन्तनको पछौटेपन र भौगोलिक विकटता, रोग, भोक र शोकका कथाव्यथा बोकेका यस क्षेत्रका लोकगीतले गीत मार्फत आफ्नो परिचय दिने काम गरेका छन् । एकसरो लगाउने र एक छाक पेटभरि खाने सपना बोकेका हुम्ली जनताका हर्ष, बिस्मात र वेदनाहरूलाई यस क्षेत्रमा प्रचलित देउडा गीतले अभिव्यक्त गरेको पाइन्छ । हुम्ला जिल्लामा प्रचलित लोकगीतले स्थानीय मान्छेहरूका मनमा रहेका सबै प्रकारका अनुभूतिलाई बाहिर प्रकट गर्नुका साथै समाजमा विद्यमान ऐतिहासिक, धार्मिक र सांस्कृतिक पराम्परालाई समेत अँगालेको पाइन्छ । मायाप्रेमको भावना, थिचोमिचो र शोषणको पर्दाफास, भागभोग र भगवान सम्बन्धी धारणा, नारी समस्याका स्वर, मुग्लानको व्यथा, जातिभेदको रहरस्योद्घाटन र वर्गीय द्वन्द्वको हुङ्कार जस्ता पक्षलाई समेटेर यस क्षेत्रमा विभिन्न प्रकारका लोकगीतहरू गाइने गरिन्छ । यस्ता गीतहरूमा धमारी गीत, हुड्क्या गीत, भुवोगीत, बालगीत, कर्मगीत र देउडा गीत प्रमुख रूपमा प्रचलित छन् । ती कुनै विशेष पर्व र अवस्था अुनसार गाउने गरिन्छन् । हुम्ला जिल्लामा प्रचलित विभिन्न लोक गीतहरूको सामान्य चिनारी निम्न अनुसार छ :

### ३.२.१ धमारी गीत

हुम्ला जिल्लामा गाइने गीतहरूमा धमारी पनि एक हो । यो गीत विशेष रूपमा चाडपर्वका अवसरमा मात्रै सामूहिक रूपमा गाउने गरिन्छ । हुम्ला जिल्लामा प्रायः भाद्र [१४]महिनामा पर्ने गौरापर्वको अवसरमा गौरा भि□याएको दिनदेखि लिएर विसर्जन गर्ने दिनसम्म लगातार यो गीत गाइने गरिन्छ । धमारी गीत विशेष गरेर देवस्तुतिपरक नै हुन्छ । हुम्ला जिल्लामा देवताहरूको प्रकृति अनुरूप धमारी गीतहरू पनि फरक फरक हुन्छन् । यो गीत सामूहिक रूपमा गाइने हुनाले धेरै मानिसहरूलाई आफूतिर आर्कषित गर्न सक्षम हुन्छ । कृष्णको धमारीके एक नमुना यस प्रकार छ :

---

[१३] चूडामणि बन्धु, **नेपाली लोक साहित्य,** (काठमाडौः एकता बुक्स), पृ.११५ ।

दिइ हाल बाँसुरी मेरो, गोरी ! दिइ हाल मेरो बाँसुरी
क्याले बजाऊँ क्याले भगाऊँ
क्याले फर्काऊँ गाई ? गोरी............।
नन्द महलको हुँ गाईग्वालो
हेर दशा कसो रे, गोरी ..........।
सुनकी नाही रूपाकी नाही
हरिया बाँसको ठुन्को रे, गोरी.........।
रनबन हुली गाई चराई
घुम हाली कामलीको, गोरी..........।

## ३.२.२ भुवोगीत

हुम्ला जिल्लामा  प्रचलित भुवोगीत विशेष गरेर पुस महिनामा मात्रै गाउने गरिन्छ । भुवोगीत पनि विशेष गरेर स्तुतिपरक नै हुन्छ । हुम्ला जिल्लामा प्रचलित भुवोगीत कुनै कुनै स्थानमा मात्रै गाइने भए पनि परम्परादेखि नै प्रचलनमा आएकाले यसले आफ्नो छुट्टै पहिचान कायम गर्न सफल छ । हुम्ला जिल्लाको सिमकोट, ठेह, छिप्रा, याङ्चु, लाली, रिप, थाली प्युस र जैर लगायतका ठाउँमा भुवो गीत गाउने परम्परा छ । परम्परादेखि चल्दै आएको किवंदन्ती अनुसार एउटा ठुलो दैत्य आएर गाउँमा दुःख दिने गरेको र गणेश भूमिराज आदि देवताको सहमतिमा त्यस राक्षसलाई मारेको सन्दर्भमा  यो गीत गाइन्छ । भुवोगीत गाउँदा नृत्य पनि गरिन्छ । पुरुषहरूले हातमा लिएको आगाको राँको, ढाल, तरबार, खुँडा र खुकुरी घुमाउँदै र बाजा बजाउँदै भुवो गाउने र नाच्ने गरिन्छ । भुवोगीतका नमुना यस प्रकार छन् :

मुचुका भुँवाले क्या गर्न पायो ?
मुचुका भुँवाले तेल पेल्न पायो

फयाका भुँवाले क्या गर्न पायो
फयाका भुँवाले भुँवो बेच्न पायो

सिमकोटका भुँवाले क्या गर्न पायो
सिमकोटका भुँवाले बजार लाउन पायो

नल्लाका भुँवोले क्या गर्न पायो ?
नल्लाका भुँवाले राज गर्न पायो

याङ्चुका भुँवाले क्या गर्न पायो ?
याङ्चुका भुँवाले बारो लाउन पायो

लालीका भुँवाले क्या गर्न पायो ?

लालीका भुँवाले भुँवो खेल्न पायो

### ३.२.३. हुड्क्या गीत

हुड्क्या गीत हुम्ला जिल्लामा विशेष गरी दमाई जातिका मानिसहरूले विवाहका दिन विभिन्न प्रकारका स्थानीय वाद्य वादन सहित गाउने गर्दछन् । खास गरी दलित (दमाई) जातिका व्यक्तिले हातमा हुड्को समाती गाउने, बजाउने र नाच्ने हुनाले उक्त व्यक्तिलाई हुड्क्या भनिन्छ र हुड्केले गाउने गीतलाई हुड्केली वा हुड्क्या गीत भन्ने प्रचलन रहेको छ । हुड्क्याले नाच्दा गाउँदा लगाउने पोसाक तथा गीतमा व्यक्त गर्ने भाषा एकदमै परम्परित हुन्छ । यस गीतले प्राचीन भाषा, संस्कृति र सभ्यता पनि अङ्गीकार गरेको हुन्छ ।

सृष्टिको आरम्भदेखिको कथा सहित विभिन्न पौराणिक र स्थानीय देवी-देवताको नाम यस गीतमा लिइन्छ । यसपछि लयपूर्ण गद्यमा प्रस्तुत गीतको भूमिका बाँधिन्छ । यो गीत त्यस वेला गायकको स्मरणमाथि निर्भर रहन्छ । मुख्य गायक प्रायः एकै जना हुन्छ । अरूले उसको लयमा लय मिलाई साथ दिने गर्दछन् । हुड्केली हुम्ली लोक संस्कृतिको अभिन्न अङ्ग भएर पनि यसको रूप सर्वथा समसामयिक हुन्छ । जबसम्म अतिशयोक्ति हुँदैन तबसम्म यसमा आर्कषण नहुने हुनाले दर्शकहरूको मनोरञ्जनका लागि यसमा अतिशयोक्ति भरिएको हुन्छ । यसले गर्दा यसबाट कुनै पनि ऐतिहासिक निष्कर्षमा पुग्न असम्भव नै हुन्छ र कहिले काहीँ दिग्भ्रमित पनि हुन जाने सम्भावना हुन्छ । हुम्ला जिल्लामा प्रचलित हुड्के गीतको एक नमुना यस प्रकार छ :

राजा हो मेरा राजा

राजकी रानी घरकी घरिना

मान्ने देवता

कुल कुटुम्ब

जिउँदा जन्ती

मर्दा मलामी

गाउँले दाजुभाइ

दिदी बहिनी हो

घिनी-ताउ-ताउ-ताउ

शिरमा लाउने शिरकै टोपी

पाउमा लाउने जुत्ता

घर छोडी आइ गयौ

नुमान है सुत्ता

### ३.२.४ देउडा गीत

हुम्ला जिल्लामा सर्वाधिक प्रचलित लोक गीत देउडा नै हो । हुम्ला जिल्लामा देउडा गीत गाउने र खेलिने परम्परा पहिलेदेखि नै थियो भन्ने कुरा तत्कालीन परिवेशलाई समेटेर गाएका गीतहरूबाट प्रस्ट हुन्छ । बालबालिकादेखि बुढाबुढीसम्म सबै वर्गका मानिसहरूको मन लोभ्याउने मधुर लयमा द्विपदी संरचनामा अन्त्यानुप्रास मिलाई देउडा गाइन्छ । देउडा गीतका बारेमा विस्तृत विवेचना यसपछिका अध्यायहरूमा गरिएको छ ।

### ३.२.५ बालगीत

हुम्ला जिल्लामा स साना बालिकालाई खेलाउँदै गरेका वेला र त्यसभन्दा ठूलो उमेरका केटाकेटीहरूले खेल्ने क्रममा गीत गाउने प्रचलन छ । त्यसरी गाइने गीतलाई बालगीत भनिन्छ । आमा बाबुले स साना केटाकेटीहरूलाई फकाउँदा यस्ता गीत गाउने गर्दछन् । बाल बालिकाहरू सानै उमेरमा छँदा बोल्न र हिँड्डुल गर्न नसक्ने अवस्थामा आमाबाबुले तिनलाई खेलाउँदै गीतसँग परिचित गराइ सकेको हुन्छन् । यी गीतहरू बाल बालिकाहरूलाई मोहित पार्ने किसिमका हुन्छन् । यसरी बाल्य अवस्थामै गीतसँग बाल बालिका परिचित भइ सकेका हुन्छन् । यसरी बाल्य अवस्थामै गीतसँग परिचित भइ सकेका केटाकेटीहरू राम्रो सँग हिड्डुल गर्ने भइ सकेपछि आफ्नै बराबरका अरू केटाकेटीहरूसँग नाची गीत गाउने र रमाउने गर्दछन् । सहरका परिवेशका बाल बालिकाले त्यस्तै परिवेशको गीत गाउँछन् भने गाउँघरका बाल बालिकाले ग्रामीण परिवेशकै गीतहरू गाउने गर्दछन् ।

हुम्ला जिल्लामा प्रचलित बालगीतहरू पनि दुई प्रकारका छन् । एउटा बाबु-आमाले बालकलाई खेलाउँदै गरेका अवस्थामा गाइएका बाल सुहाउँदा गीत र अर्को बालककै अनुभूतिबाट गाइने गीत । तिनका केही नमुना यस प्रकार छन् :

१) घुगुती घुगुती
पाँच पाथी पुबन्ती
घुगुती
पुइ गयो सर्कसम्म
घुगुती
बस्यो गजधम्म
घु घु घुगुती
चार पाथी पुबन्दी

२)	कुम्भई रानी हेडा गइछ
हेडाबाट मुसोमारी ल्याइछ
मुसो मैले चिलन दियाँ
चिलले मुकन प्वाँख दियो
प्वाँख मैले दमाई दाइन दियाँ
दमाई दाइले मुकन सियो दियो
सियो मैले ल्वारन दियाँ
ल्वारले मुकन आँसी दियो
आँसी मैले ल्वारन दियाँ
ल्वारले मुकन घाँस दियो
घाँस मैले भुइसान दियाँ
भुइसाले मुकन दुद दियो
दुद मैले राजान दियाँ
राजाले मुकन घोडो दिया
घोडो गयो तिरैतिर
मैले खायाँ खिरैखिर

## ३.२.६ कर्मगीत

कर्मगीत किसानले खेतमा काम गर्दा मनोरञ्जनका साथै काम गर्ने मानिसहरूलाई बढी उत्साहित गर्न वा हौसला प्रदान गर्नका लागि कुनै खास परिवेशमा मात्र गाउने गरिन्छ । किसानहरूले खेतीपातीका माध्यमबाटै जीविकोपार्जन गर्नु पर्ने हुनाले घाँस, दाउरा, खेतीपाती र पशुपालन सबैतिर उत्तिकै ध्यान दिएका हुन्छन् । यी गीत काम गर्दा एवम् दिग्दारी उराठ लाग्दा गाइने गरिन्छ । काम गर्ने सिलसिलामा एकछिन आफ्ना मनका भावनाहरूलाई लोकगीत मार्फत मधुर लयमा व्यक्त गरेर किसानहरू थकाइ मार्छन् । यसरी काम गर्दा कामप्रति अझ हौसला बढ्छ र थकाइलाई बिर्सेर गीतमा लय मिलाउँदै उनीहरू गाउने गर्दछन् । यस्ता गीत प्रायः समूहमा काम गर्दा गाइने गरिन्छन् । कामको प्रकृति र कामको तत्कालीन परिवेश अनुसार यी गीतहरू फरक फरक किसिमका हुन्छन् । काम गर्ने समयमा किसानहरूका अन्तर्मनबाट गीतहरू मधुर लयमा गुन्जिएर परिवेशलाई नै उल्लासमय बनाएका हुन्छन् । यस्ता गीतको एक नमुना यस प्रकार छ :

ए लाग लाग भाइयौ
छटा गर हाइ हाइ

अन्नीपन्नी खाई

काम सकिकन

घर जाउँला हाइ हाइ

रात पडि जाला

उध्यारो बाटो

चिफिलो बाटो

छटा सक

चल्ला खान्न

## ३.३ निष्कर्ष

हुम्ला जिल्लामा धमारी, भुवो, हुड्क्या, देउडा, बालगीत र कर्मगीत गाएर मानिसहरू आफ्ना मनका अनुभूति पोख्ने गर्दछन् । ती गीतहरूमा विभिन्न विषयहरू अन्तर्निहित छन् र परम्परादेखि चल्दै आएका संरचना र लय पनि छन् । केही गीतहरू गाउने चलन परम्परित भए पनि लोक गायकका तत्कालीन परिवेशबाट सिर्जना भएर गाइने गीतहरू पनि हुन् । त्यस्ता गीतहरूमा देउडा प्रमुख छ । देउडा गीतमा समाजिक जन जीवनको प्रतिबिम्ब उतारिएको पाइन्छ । समाजका संस्कार, रीतिरिवाज, वेशभूषा र प्रकृति लगायत सम्पूर्ण कुराहरू यसमा समेटिएका हुन्छन् ।

# चौथो परिच्छेद

# हुम्ली देउडा गीतको वर्गीकरण र विश्लेषण

## ४.१ देउडा गीतको परिचय

हुम्ला जिल्लामा गाइने विभिन्न लोकगीतहरूमध्ये देउडा सार्वाधिक लोकप्रिय र प्रचलित गीत हो । कर्णाली अञ्चलका हुम्ला, जुम्ला, मुगु, डोल्पा र कालिकोट जिल्लामा सर्वाधिक लोकप्रिय र प्रचालित देउडा गीत हो । देउडा गीत मध्य पश्चिम लगायत सेती र महाकाली अञ्चलमा पनि गाउने र खेल्ने गरिन्छ । एकै प्रकारको बनोट र लय भए पनि यी गीतलाई कही ड्यौडा केही देउडा र केही न्याउले गीत भनेको पाइन्छ । धर्मराज थापाले हाम्रो लोकगीतमा खप्तडको 'धौ' निगाली घारी यहाँ भएकाले नाम धौडा हुन गएको हो कि भन्ने अनुमान गरेर यसलाई घौडा गीत भनेका छन् । (चापा २०२० : ३८७) । देवकान्त पन्तले 'डोटेली लोक साहित्यमा यसलाई ड्यौडा गीत भनेका छन् । (पन्त २०३१-१) विजय चालिसेले डोटेली लोकसाहित्य र संस्कृतिमा यो देउडा शब्द संस्कृतिक 'देउदुराप' बाट देउदुरा हुँदै देउडा भएको भनेका छन् । (चालिसे, २०३९: १-२७) ।

हुम्ला जिल्लामा देउडा गीत निकै पहिलेदेखि नै गाइदै आएका छन् । बालकदेखि वृद्धसम्म सबै उमेरका मानिसहरूले गाउँदै आएका यी गीतहरूले समयको गतिसँगै विविध विषय वस्तुलाई विविध लयमा अङ्कन गर्दै आएका छन् । सामाजिक जनजीवन, प्राकृतिक अवस्था ऐतिहासिक घटनावली जस्ता परिवर्तनशील विषय वस्तुलाई समेटेर लोक गीतकारहरूका मस्तिष्कबाट गीतहरू सिर्जित भएर गुन्जिएका हुन्छन् । यी गीतहरूको संरचनात्मक स्वरूप एउटै भए पनि लोक गायकहरूले लोकलय न विग्रने गरी गाउँदा आ आफ्नै प्रकारका लयको प्रयोग गरेका हुन्छन् । त्यस्तै यी गीतहरू खेल खेल्दै सामूहिक रूपमा गाइन्छन् वा खेलिन्छन् यद्यपि व्याक्रिका आत्मगत अभिव्यक्रिका रूपमा एक्लै पनि गाउने गरिन्छन् । यसरी देउडा गीतका विविध विषय वस्तु र लयका साथै गीत गाउने तरिका पनि फरक-फरक हुन्छन् । यी आधारमा हुम्ली देउडा गीतलाई निम्न अनुसार वर्गीकरण गर्न सकिन्छ ।

### ४.१.१ संरचनाका आधारमा वर्गीकरण

हुम्ला जिल्लामा प्रचलित देउडा गीतमा सवाई छन्दमा झैं एक पङ्क्तिमा १४ वटा अक्षरहरूको संयोजन रहेको हुन्छ र त्यस्ता दुई पङ्क्तिबाट एक गीत निर्माण भएको हुन्छ । देउडा गीत प्रायः अशिक्षित र अपठित मानिसहरूले गाउने हुनाले संरचनाका पक्षमा गायकहरू अनभिज्ञ नै हुन्छन् । समय र साधन विना नै अशिक्षित लोकगायकहरूले मौखिक रूपमा सिर्जना

गरेर ओकलेका गीतहरूलाई  लिखित रूपमा उतार्दा कहिले काहीँ यी भित्रका अक्षरमा नियमितता नभएको जस्तो भान भए पनि लयानुरूप उच्चारण गर्दा १४ अक्षरको संयोजनबाट नै यसका प्रत्येक पदको निर्माण भएको देखिन्छ । यस गीतमा मूलत ८ र ६ अक्षरको संयोजनबाट नै यसका प्रत्येक पदको निर्माण भएको देखिन्छ । यस गीतमा मूलत ८ र ६ अक्षरमा विश्राम हुन्छ तापनि गहिरिएर केलाउँदा २+२+२+२+२+२+२ । कुनै गीतमा ४+४+२+२+२, कुनै गीतमा ३+३+२+२+२+२ तथा कुनैमा ३+३+२+३+३ अक्षर सङ्ख्यामा विश्राम, उप विश्राम भएको पाइन्छ । त्यसैले विश्रामका आधारमा देउडा गीतको संरचनाका प्रमुख भेद निम्न अनुसार रहेका छन् :

#### ४.१.१.१ पहिलो संरचना

धामीगाउँ ⁄ धामीज्यूका ⁄ हातभर ⁄ बाला
दुःखारीको ⁄  दिनैपन ⁄ रातभुन्दा ⁄ काला
यसमा १४ ⁄ १४ अक्षर छन् र ४, ४, ४, २ अक्षरमा विश्रात्म छ ।

#### ४.१.१.२ दोस्रो संरचना

दिन ⁄ दिन ⁄ रानी ⁄ चडा ⁄ बस्न ⁄ लागि ⁄ अल्का
जति ⁄ वैना ⁄ टाढा ⁄ भया ⁄ उति ⁄ लाग्दा ⁄ झल्का
२ २ २ २ २ २ २
प्रस्तुत गीतमा १४ ⁄ १४ अक्षर र २, २, २, २, २, २, २ अक्षरमा विश्राम छ ।

#### ४.१.१.३ तेस्रो संरचना

परानी ⁄ सुम्पन्या ⁄ भयाँ ⁄ बाज ⁄ तेरो ⁄ लागि
दिहल ⁄ मनको ⁄ चरो ⁄ बस्न ⁄ देप ⁄ काखि
यस गीतमा १४ ⁄ १४ अक्षर ३+३+२+२+२+२ को अक्षर विश्राम छ ।

#### ४.१.१.४ चौथो संरचना

म ⁄ माया ⁄ नमान्दो ⁄ भयाँ ⁄ नखान्या ⁄ फलको
काँ ⁄ होला ⁄ रोकिन्या ⁄ गलो ⁄ बगन्या ⁄ जलको
यस गीतमा १४ ⁄ १४ अक्षर र ३+३+२+३+३ अक्षरमा विश्राम छ ।

### ४.१.२ थेगोका आधारमा वर्गीकरण

हुम्ला जिल्लामा देउडा गीतको लयलाई 'ढप' भनिन्छ र लय मिलाएर गाउनुलाई 'ढप' मिलाएर गाउनु भनिन्छ । यसरी लयमा गाउँदा कुनैमा थेगो राखिन्छ भने कुनै थेगो विना गाइन्छन् । देउडा गीतलाई दुई भागमा वर्गीकरण गररिएको छ ।

क) थेगोविनाका देउडा गीत

ख) थेगो सहितका देउडा गीत

### ४.१.२.१ थेगो रहितका देउडा गीत

गीतमा थेगो नथपेर गाइने देउडा गीत थेगो विनाका गीत हुन् । यिनमा निश्चित अक्षर सङ्ख्या हुने भएकाले एउटै तरिकाले गाइन्छ । यस्ता गीतहरू अपेक्षाकृत शीघ्रतापूर्वक गाइने हुनाले लय छोटो र छरितो हुन्छ । यस्ता गीतका अक्षरमा उदाहरण तल प्रस्तुत छन् :

मालुवा पसडा उल्क्या हिउँ पानी पिउँ भनी
माया वैरी रोजा बस्या परानी लिउँ भनी

गैरा कुवा हात पुग्दैन पानी खाउँ खाउँ भुन्दै
को वैरी अन्तर पस्यो प्रीति लाउँ-लाउँ भुन्दै

दाना राउणो सुन्तलीको फल राउणो केराको
कति राउणो माया लाग्दो छुटिन्या बेलाको

सिङकोट पसल्या दाइले पालेको पहरी
रातभरी सुम्झेर बइथो लाग्याको लहरी

### ४.२.१.२ थेगो सहितका देउडा गीत

हुम्ला जिल्ला देउडा गीत थेगो हालेर पनि गाउने गरिन्छ । थेगो हाल्दा गीतको मिठास अझै बढ्छ । थेगोको प्रयोग गर्दा गीतको लय लामो लामो हुन जान्छ । लोक गायकहरूले यस्ता गीत गाउँदा प्रयोग गरिने थेगोयुक्र गीतहरू निकै श्रृति मधुर र कर्णप्रिय हुन्छन् । यस्ता गीतहरूमा विश्राम स्थान पनि निश्चित हुँदैन । यसरी गाइने गीतहरूमा अगाडिको पदांश पछाडि र पछाडिको पदांश अगाडि राखेर पनि गाइन्छ । यहाँ प्रयोग गरिने थेगाहरूले गीतको मूल भावलाई केही फरक पार्दैनन् । थेगो सहितका यस्ता देउडा गीतका केही नमुना यहाँ प्रस्तुत छन् :

**आरु फुल्याली** शिकारीले मारिल्यायो
**झुभ्क्या गुल्याली** कस्तुरीको मासु

**आरु फुल्याली** साथी भाइको सउर्याइ लाग्दा
**झुभ्क्या गुल्याली** आँखा भरि आँसु

**केम्री पारी टक्या** टुन गाई लोटी खेलिउँदो बाइगो
**रुँदै छ बैरागी मुन** पुछर तान्नी नौ क्या

**केम्री पारी टक्या** टुन मु माया सबुको मान्दो
**रुँदै छ बैरागी मुन** मेरो मान्नी नौ क्या

**कठैदैन** आफू बाइगै छोरी लइगै काली गाउँ काटी गै
**कठैदैन** एक नेल दैबुले हाल्यो दोस्रो नेल हाली गैं

**बस मायालु बस** दार्म जिउला धान पाक्दैन
**जोली कम्मर कस** चुङ्खेली छाँयाले ।

**बस मायालु बस** दै दुरै मु पन दुरै
**जोली कम्मर कस** क्या गर्नु मायाले

## ४.१.३ प्रस्तुतिका आधारमा वर्गीकरण

हुम्लामा प्रचलित देउडा गीतहरू सामूहिक गीत नै हुन र समूहमा तिनको प्रस्तुति गरिन्छ । यिनैलाई कहिले कहीँ एकल गायनमा पनि प्रस्तुत गरिने भएकोले त्यस दृष्टिले पनि यिनको वर्गीकरण गर्न सकिन्छ ।

### ४.१.३.१ एकल गायन

हुम्ला जिल्लामा बालकदेखि वृद्धसम्म सबैले आफ्ना व्यक्तिगत मनोभावलाई देउडा गीतका माध्यमबाट सामुहिक रूपमा गाउने गर्दछन् । खोलानाला र वन जङ्गल चहार्दा, दाउरा घाँस काट्दा, खेतबारीमा काम गर्दा गोठालो जाँदा देउडा गीत एकल लयमा पनि गुञ्जिएका पाइन्छन् । एकल रूपमा गाइने गीतहरू सामाजिक सांस्कृतिक पक्षसँग सम्बन्धित नभएर आफ्नै व्यक्तिगत जीवनका उतार चढाउ, प्राकृतिक, दृव्यबाट उब्जेका अनुभूति, एक अर्काको सम्झनामा उत्पन्न हुने प्रेमी-प्रेमिकाको मानसिक छटपटी जस्ता व्यक्रिगत सुख-दःखका भावनात्मक पक्षसँग सम्बन्धित हुन्छन् । एकल रूपमा गाइने त्यस्ता गीतहरू निम्न छन् :

काली तेरा सम्भनाले सुकिगो जिउज्यान
एकै सूर्ज घाम ताप्दाछौँ भेट हुदैन क्यान

पुनीका उजेली रात तारा मुधुरा छुन्
जीवनको भरोसा छैन लक्ष्य अधुरा छुन्

आशा लामो जीवनको कै दिन मरन
न टुटेइ प्रेमको डोरी त्यउँदै छ परन

छाउ पडीका कुउला रुडा, पोरीउदो फाल राख्नु
कैति भुनी क्या हुन्या छ, मुनाउदो हाल राख्नु

काट्दो छु बाँजका स्याउला, उल्कदो छु रुख
सउरडी लागिया बेला, कइकाँ हेरु मुख

लामालेखको चिसो पानी उध्यार्‍याको धारो
म भया रहडी माइसे कर्म मरो छारो

## ४.१.३.२ एक एक जनाको दोहोरी गायन

मन मिल्ने प्रेमी प्रेमीकाहरू वन, पाखा आदिका नजिक रहेर एकको स्वर अर्काले सुन्ने ठाउँमा पनि आफ्ना मनमा टुसाएका रागात्मक भावनाहरूलाई देउडा गीतका माध्यमबाट साटासाट गर्दछन् । प्रेमी प्रेमीकाहरूलाई खुला समाजमा आफ्ना प्रेम मूलक भावनाहरू आदान प्रदान गर्ने उपर्युक्त वातावरण नहुने हुँदा उनीहरू वनपाखामा नै एकल गीत गाएर आनन्द लिन्छन् । प्रेमी-प्रेमीका का प्रणय भावहरूमा आधारित गीतहरू निम्न छन् :

केटा - तिहारका मखमली फुल दसैका जमरा
फुल फुली मस्कन लाग्यो काँ घुम्छै भमरा

कटी - फुच्चो क्यान निकै हुन्छ दसै जमरा
जाँ बाँस आला त्यई आस होला मौरीका भमरा

केटी - काँ जान्छै बगन्या पानी कैका लुगा धुन्छै
कैको लाग्यो बउलो माया कैका लागि रुन्छै

केटा - उर्दै जादो उर्दै बग्दो मेरै लुगा धुन्छु
सउरडी बाँजको लाग्दो दैका लागि रुन्छु

### ४.१.३.३ सामूहिक गायन

धेरै मानिसहरू मिलेर खेल खेल्दै गाउनुलाई सामूहिक गायन भनिन्छ । चाडपर्व, मेला उत्सव जस्ता सामूहिक जमघट हुने ठाउँमा सामूहिक रूपमा मिलेर खेलसँगै यस्ता देउडा गीत गाइन्छन् । सामूहिक रूपमा गीत गाउँदा देउडा गायकहरू दुई समूहमा विभाजन भएर एकले अर्काको हात समाउँदै कम्मर मर्काउदै पाइलामा पाइला र स्वरमा स्वर मिलाएर सामूहिक गीत गाउने गर्दछन् । एक समूह एकातिर अर्को समूह अर्कोतिर लागेर देउडा खेल्ने गरिन्छ । खेलको दुवै तिरका समूहमा एक एक जना प्रमुख गायक हुन्छन् । तिनलाई गिदेरु भनिन्छ । गिदेरुका स्वरमा सबैले स्वर मिलाएर गीत गाउँछन् । एक समूहले गीत भनिसकेपछि अर्को समूहले गीत फर्काउँछ । यसरी खेल गायन र वा नृत्य क्रमिक रूपमा अगाडि बढ्छ । सामूहिक रूपमा खेलिने खेलमा खेलाडीहरू जोस, जागर र फुर्तिकासाथ खेल खेल्छन् ।

देउडा गायकहरू खुट्टालाई अन्दाजी डेढ पाइलाको नापमा अगाडि पछाडि सार्दै पाइलामा पाइला मिलाउँछन् र गोल घेरामा घुम्छन् । प्राप्त स्थान अनुसार खेलको घेरा ठूलो वा सानो हुने गर्दछ । खेल हेर्ने दर्शकहरू खेलको बिचमा बसेर निकै चासोका साथ खेलको माया, प्रेम पीर व्यथा का साथै मूल्याङ्कन गरि राखेका हुन्छन् । सामूहिक गीतहरू माया, प्रेम र पीर व्यथाका साथै समाजमा देखिएका विकृति, विसङ्गति शोषण भष्टचार रुढि जस्ता कुराहरूलाई उजागर गर्ने खालका हुन्छन् । खेलमा प्रसङ्ग अनुसार सवाल जवाफ गरिन्छ । यसरी प्रस्तुत हुने सामूहिक गायनका गीतहरू यहाँ प्रस्तुत छन् :

समूह 'क' - एकचोटि हुक्काया वल्द जुजीकन छोड्छ
सौच्चै लडाई गरेपछि किल्ला पनि तोड्छ

समूह 'ख' - सिँगै जोड्न नदिईकन खेदी बाउँ रजाउँला
छ महिना वर्षे दिन सम्म घाँस हाल्नु गराउँला

प्रस्तुत गीतमा एक पक्षले सवाल गर्दै तपाइँहरूसँग देउडा खेल्न हामी तयार छौँ, खेलको मैदानमा तपाईको पराजय निश्चिय रूपमा हुन्छ र किल्ला पनि भत्कन्छ भनेको छ भने त्यसको जबाफमा कडा प्रतिक्रया दिँदै अर्को पक्षले खुट्टा घाइते हुने गरि थला पार्ने कुरा गरेको छ । उल्लिेखित गीतहरू कति पेचिला छन् भन्ने कुरा गीतको भावबाट व्यक्त भएको छ । यस्तै अर्को देउडा गीत समूह गायनको नमुनाका रूपमा प्रस्तुत छ :

समूह 'क' - अर्को साल आइजाया हाइ क्या नदीलाल
झन खेल्या झन् खेलाई लाग्दो कठै मायाझाल

समूह 'ख' -     अर्को साल आउला वाज मकन पल्काया
कपालमा हाने वाज नाखमा कैकुन झल्काया

प्रस्तुत गीतमा नन्दीलाल भन्ने सिपालुलाई आउँदो सालको चाँडमा जसरी भए पनि आउन आग्रह गरिएको छ । अर्को अनुपस्थितिमा खेल रमाइलो नहुने र खेलले लिनु पर्ने रौनकता नलिने भाव व्यक्त गरिएको छ ।

त्यसको जवाफमा नन्दीलालको समूहले भन्ने नभन्ने खालका गाली शब्दहरू गीतमा प्रयोग गरेर आफूलाई धेरै गुण लागाइएको लाक्षणिक भाव व्यक्त गरेको छ । सवालहरू टाउको फुटाउने र नाकमा सिस्नु पानी लगाउनु पर्ने खालका थिए भन्ने व्यङ्ग्य उनीद्धारा गरिएको छ ।

सामूहिक रूपमा खेलिने देउडा गायन सहितका खेल कहिले काहीँ एकातिर आइमाई र अर्कोतिर लोग्ने तथा मान्छेको समूह बनाएर खेल्ने गरिए पनि प्रायः नारी र नारी तथा पुरुष र पुरुषको अलग अलग समूह बनाएर खेलिन्छ । देउडा भन्नाले मूलतः यही हो र समूहगत दोहोरीका रूपमा नाच्दै यसको गायन गरिन्छ ।

गाउँघरका  युवायुवतीहरू आ-आफ्ना रागात्मक भावनाहरूको साटासाट गर्ने आफ्नै समूह बनाएर खेल खेल्ने गर्छन् । यसरी हुम्ला जिल्लामा सामूहिक रूपमा गाइने देउडा गीत खेलसँगै गाइने भएकाले निकै रोचक र ज्ञानवर्द्धक हुन्छ । समाजका साना ठुला सबै उमेर र वर्गका समामूहिक भावहरू यस्ता गीतमा समेटिएका हुन्छन् । यसै कारणले यस्तो खेलको प्रचलन दिन प्रतिदिन बढ्दै गएको छ ।

## ४.१.४ विषय वस्तुका आधारमा वर्गीकरण

हुम्ला जिल्लामा प्रचलित देउडा गीतलाई विषय वस्तुका आधारमा पनि वर्गीकरण गरेर हेर्न सकिन्छ । समाजका बालकदेखि वृद्धसम्म सबैको मनमा अभिव्यक्ति र अनुभूति पोख्ने माध्यमका रूपमा रहेका देउडा गीतहरूले विविध विषय वस्तुलाई समेटेको पाइन्छ । समयको क्रमसँगै विगतका कुराहरूलाई समेत अङ्कन गर्दै आएका देउडा गीतहरूले पुर्खाको ऐतिहासिक, सामाजिक आर्थिक अवस्था, धार्मिक विश्वास, वीरता र बालदानीपूर्ण त्याग जस्ता कुराहरूलाई यर्थात रूपमा चित्रण गरेर वर्तमानमा छर्लङ्ग्याएका छन् । परम्परादेखि मान्दै आएका रीतिरिवाज चाल चलन, भेषभूषा, नीति नियम, जात-भात जस्ता संस्कार र संस्कृतिका कुराहरूका साथै मानवीय जीवनमा आइ पर्ने दुःखसुख, हर्ष बिस्मात आँसुहाँसो, उकाली ओराली, मिलन बिछोड, प्रेम प्रसङ्ग उमङ्ग र वेदनाका कुराहरू यिनै देउडा गीतका शव्दहरूमा संयोजित भएका हुन्छन् । आर्थिक विषमता, भष्ट्राचार शोषणले गर्दा विदेसिनु पर्ने बाध्यता, प्रमी-प्रेमिकाको प्रेम प्रणयको

साटासाट, समाजमा देखिने विकृति र विसङ्गति जस्ता सामाजिक जनजीवनका सम्पूर्ण तितामिठा कुराहरूलाई समेटेर देउडा गीतहरू गाइन्छन् ।

प्रकृतिको नियम परिवर्तन भएर देखिने प्राकृतिक दृश्यावली प्राकृतिक आपत्ति विपत्ति र परस्थितिजन्य विसङ्गति जस्ता कुराहरू पनि लोक गीतका विषयका रूपमा आउँछन् । यी विषय वस्तुहरूसँग सम्बन्धित देउडा गीतलाई निम्ननुसार वर्गीकरण गरिएको छ :

## ४.१.४.१ प्राकृतिक देउडा गीत

हुम्ला जिल्ला प्राकृतिक दृष्टिले निकै धनी जिल्ला भएकाले यस जिल्लाको सौन्दर्यको प्रमुख त□व भनेको प्रकृति हो । यो जिल्ला बनपाखा, खोलानाला, हिमाल, पहाड, वन, जङ्गल, डाँडाकाँडा, उकाली, ओराली र आदि प्राकृतिक सौन्दर्यले सम्पन्न भएकाले यहाँको लोकसमाजले प्रकृतिसँग तादाम्यता राख्दै प्रकृतिसँग सम्बन्धित देउडा गीतहरू गाएको पाइन्छ । यस्ता गीतका केही नमुना तल प्रस्तुत छन् :

सालुमालु पलाइ गयो साल किन ढिलायो
कुइरी जुन लाग्न्या माया हिउँ जुन विलायो

क्या राम्रो चैतको म्विना वुराउँसी फुल्याको
मौरी पुन मह खानलाई रनबनै डुल्याको

ढकमक्क फुल फुल्याका तेइ पोरी बुनाउदो
तु सम्भया सम्भाइ लाग्दो यइ पापी मुनाउदो
वारी लाली पारी थाली माभ करनाली
हिउँद हिउँ नाइ वर्षा मेघ नाइ पाकला क्या बाली

दार्म जिउला तल हबर धान कोद्या वोयाको
सउरडी लाग्याको लाग्यै कोलीमा रोयाको

## ४.१.४.२ अर्थ सम्बन्धी देउडा गीत

हुम्ला जिल्लामा प्रचलित देउडा गीतहरूले आर्थिक अवस्थालाई पनि व्यक्त गरेको पाइन्छ । यहाँका प्रचलित गीतहरूमा धनी र गरिबका विचमा असमानता गरिबीको कारण आफ्नो भाग्यलाई भावनाले बनाएको हो कर्मको खेलले दुःख पाएको जस्ता भाव यस्ता गीतमा व्यक्त भएको पाइन्छन् । आर्थिक सम्बन्धी देउडा गीतका केही नमुना यहाँ प्रस्तुत छन् :

खाउ भुल्या त मानु छैन बसु भुन्या घर
भाग्यले त यसै दियो कैका पड्नु भर

छोरा राम्रा गरिबका घर राम्रा सेटका
दाइ सुखारी मु दुःखारी हुँ एकै पेटका

दिन भरी काम गरी बाहा खानु रोटी
सुत्ता लिन क्या गर्नुछ मेरै भाग्य खोटी

निकै खानु निकै लाउनु पुइसा भया पास
भारी बोक्ने कर्म मेरो कइको मान्नु आस

हात खुट्टा फाटी गया एक छाक्की भातलाई
काम नुगरी सुक पाइन्या नाई परानी सासलाई

पारीको बिस भारी खेत खाइ दियो ढालुले
अर्काको बाउरमा लागि पाल्या छुन बाबुले

## ४.१.४.३ सामाजिक रीतिरिवाज सम्बन्धी देउडा गीत

लोक वा समाजबाट नै लोक परम्पराको जन्म भएको हुन्छ । समाजमा नै मानिसहरूले आफ्ना सम्पूर्ण व्यवहारहरू आदान प्रदान गर्ने हुनाले यी सामाजिक क्रियाकलापबाट लोक साहित्यले आफ्नो भण्डार समृद्धशाली बनाएको हुन्छ । हुम्ला जिल्लामा प्रचलित देउडा गीतहरूले सामाजिक रीतिरिवाजको अवस्थालाई पनि व्यक्त गरेको पाइन्छ । समाजिक रीतिरिवाज सम्बन्धी हुम्लामा प्रचलित केही देउडा गीतहरू निम्न अनुसार छन् :

क्या विगाडय कुल देउता हेर मेरी तिर
गोठ छैन धुन्या भुइसी काख छैन छोरा

दिनका दिन कलीजुग लाग्दो जात कसरी थाउ
हलोजोत दलित छोरा क्या हो तेरो कामु

यइ जुनी गरिमा कर्म उइजुनी पाइएला
को धर्मी हो हो को पापी हो स्वर्गमै था होला

विरामी भ्या अस्पताल जाउ अदालत मुद्धा
जिन्दगी अकालै जाला देवी देउता कुद्दा

नफुल्नु हजारी फुल पैरने भाइ छैन
माइत जानु माला लाउन्या भाग्यले पाइएन

तरबारको धारमा हिड्नु बामुनको जात
ख्वाइ लाग्या के कैन भन्नु पाउन्या छैन भात

### ४.१.४.४ विविध विषय सम्बन्धी देउडा गीत

माथि उल्लेख भएका विषयका अतिरिक्त अन्य विविध विषयसँग सम्बन्धित देउडा गीत पनि हुम्लामा गाइन्छन् । त्यस्ता गीतहरुमा मूलतः धार्मिक, राजनैतिक र मनोवैज्ञानिक विषय रहेका हुन्छन् ।

## ४.२ विश्लेषण

हुम्ला जिल्लामा प्रचलित देउडा लोकगीतलाई विभिन्न आधारमा निम्नानुसार विश्लेषण गर्न सकिन्छ :

### ४.२.१ विषय वस्तुका दृष्टिकोणबाट विश्लेषण

हुम्ला जिल्लामा प्रचलित देउडा गीतलाई विषयगत आधारमा सामाजिक, धार्मिक, सांस्कृतिक, आर्थिक, राजनैतिक, काव्यात्मक र मौलिक आदि विभिन्न कोणबाट हेर्न सकिन्छ । यिनै आधारमा देउडा गीतलाई निम्न अनुसार विलेषण गरिएको छ :

### ४.२.१.१ सामाजिक दृष्टिकोणबाट विश्लेषण

हुम्ला जिल्लामा परम्परादेखि गाइँदै र खेलिँदै आएका देउडा गीतहरूमा मानवीय जीवनमा तितामिठा अनुभूति र अभिव्यक्तिका साचै समाजमा मानिन्दै र गरिँदै आएका विभिन्न संस्कार र संस्कृति अनि समाजमा 'आर्थिक शैक्षिक अवस्था, धार्मिक विश्वास सामाजिक मान मर्यादा' र जातिय मान्तयाजस्ता मान्यतासँग सम्बन्धित अनेक कुराहरूको विश्लेषण गरिएको हुन्छ । हुम्ला जिल्लामा गाइने देउडा गीत यस क्षेत्रका वास्तविक समाजको ऐना नै हो । त्यसैले यहाँका देउडा गीतलाई सामाजिक दृष्टिकोणका आधारमा पनि विश्लेषण गर्न सकिन्छ ।

**१) रूढि अन्धविश्वास**

हुम्ला जिल्लामा प्रचलित देउडा गीतले सामाजिक जीवनमा विभिन्न विषय वस्तुलाई समेटेको पाइन्छ । हाम्रो लोक समाज लोक परम्परा आधारित भएको हुनाले हाम्रा कतिपय संस्कारहरू रुढीवादी र अन्धविश्वासमा नै आधारित छन् । यसले गर्दा लोक र समाजले अनाहकमा दुःख कष्ट भोग्नु परेको हुन्छ । यस्ता रुढीवादी र अन्धविश्वासका कुराहरूलाई अपठित र अशिक्षित जन समुदायले सहजरूपमा स्विीकार्ने हुनाले यस्ता कुराहरू देउडा गीतमा प्रशस्त रूपमा आएका पाइन्छन् । जस्तै :

काली करर्नाली या माछा खोलाउँदा भल खानु
मान्ठकुन क्या दोष लाउनु कर्मको फल खानु

आफु बाइगै छोरी लैगइ काली गाउँ काटि गै
एक नेल दैवुले हाल्यो दोस्रो तेले हालि गै

घरमाथि काग बास्यो कोइ पाउना आउन्न क्या
बाजले नुहेऱ्या पुन भाविनी रवाउन्न

काग बस्यो काउलीका रुख काल्या बस्यो खोला
भावीले हालिया होरो छुट्याउने को होला

क्या विगाडयाँ बाबु देउता हाली दिया होरा
गोठ छैन धुन्या भुइसी कोल छैन छोरो

बाबु छन् थानका धामी आमा हुन पुजारी
कालल लिया कर्म नुइ भया दुःखारी

हात खुट्टा लागिग्या भाउव छोरीले क्या गरु
किरिया गऱ्या छोरा नाइ त छोरीले क्या गरु

यस्तै प्रकारका अन्धविश्वास रुढीवादी परम्पराका गीतहरू यहाँ गाइने गरिन्छन् । यी गीतहरूमा रुढीवादी र अन्धविश्वासका कुराहरू आउका छन् । मानिसले जति दुःख गरे पनि केही हुनेवाला छैन, कर्म अभागी भएपछि धेरै सुख भोग खोज्नु नै बेकार छ भन्ने कुरा यहाँको पहिलो गीतले स्पष्ट पारेको छ । आफू पनि जाँदा छोरी पनि लिदा आफूलाई मान्छेले भन्दा देवताले बढी नेल हालेको घरको, आँगनमा काग कराउदा अशुभ सङ्केत भएको र भगवानले गरेको सृष्टिलाई जो सुकै आए पनि परिवर्तन गर्न नसक्ने सङ्केत जस्तो कुरा माथिका गीतमा प्रस्ट्याइएको छ । आफूसँग हिड्ँन डुल्न सक्ने छोरी भए पनि मेरेका बेला किरिया बस्ने छोरा नै छैन भन्ने अन्धविश्वासको भाव यी गीतहरूमा देखिन्छ ।

## २) सौन्दर्य र वेशभूषा

हुम्ला जिल्लामा प्रचलित देउडा गीतहरमा जतिखेर सामाजिक परम्परागत रूपमा केटा र केटीको विवाह हुन्छ त्यतिखेर मानिसहरूले प्रयोग गरेका लुगा कपडा र रूपको वर्णन गरी देउडा खेल्ने गरिन्छ जसको जानकारी तलका गीतहरूमा पाइन्छ ।

हात लाइन्या हातका बाला खुट्टा लाइन्या कल्ली

मुकन राउणो मान्या बल्ली होइकी पल्ली

सुनारले सुन कुमायो दिनको एक रती
तुला जोख्या पाथा भरया दैको रूप कति ?

उदो लाया माल्ल्या गाबुन उभो लाया चोली
हेऱ्या त बिग लाग्या जसी रूप रानी होली

उदो लाउन्या जिगलो छ उभो लाउन्या टोपी
भित्ती मुन कह प छ कि मुखै रूपस्या होकी

शिर लाउन्या शिरकै टोपी खुट्टा लाउन्या पउला
लाइ खाइ त देखिका राउडा देखिदा छौ मउला

हुम्ला जिल्लामा महिलाहरूले हात र खुट्टामा चाँदीका बाला र कल्ली लगाउँछन् जुन गहनाले केटीहरूको सौन्दर्य बढाउने काम गरेको हुन्छ त्यसरी गहना लगाएकी केटीलाई केटाले आफूलाई मन पराउने बल्ली हो कि पल्ली हो भनेर पहिलो गीतमा सोधेको छ । दोस्रो गीतमा पनि सुनारले दिनभरि काम गरेर एक रती मात्रै सुन कमाए पनि मूल्यवान हुन्छ तर कसको माया कति छ भनेर थाहा पाउन जोख्नै पर्ने भयो भनिएको छ । केटीहरूले लगाएको सुन्दर पहिरन हेर्दा पनि आँखा लाग्ला जस्तो छ भनेर उनीहरूको रूपको प्रशंसा यहाँ गरिएको छ भने फत्तु, जिगला र ढाका टोपीले बाहिरी रूप सुन्दर भएर पनि मधुरा देखिने केटाहरूको अवस्थाको पनि टिप्पणी गरिएको छ । यसरी हुम्ला जिल्लामा केटा वा केटी सबैको सौन्दर्य वर्णन गरी विभिन्न चाडपर्वमा देउडा गीत गाउने गरिन्छ । सौन्दर्य र वेशभुषाको वर्णन गरिएका केही देउडा गीतहरू यस प्रकार छन्:

पहाड चलऱ्या मोटर गाडी मुधेस चल्ल्या रेल
डाँडामै अस्ताए जसो, मुन परिया बेल

दुमाई दाईले बनाइ हाल्या छिट्का खेल्ल्या ढाल
छयाम-छयामी बजाउनी छौ त कुम्पनीका माल

भात खाइल्य जिगलो लाइल्य सर्को गड्याउँदो छु
हेऱ्या त कोरेली जसी आँखा अड्याउदो छ

बुम्बै रुन्को टेलिफुनको पहाड गाउन्याको
रूपस्या मुहार उज्यालै छ शिरवुन्दी लाउन्याको

यी माथिका गीतहरूमा केटाले केटीको सौन्दर्य वर्णन गरेको पाइन्छ । जसरी डाँडामा अस्ताउन लागेको सूर्य सौन्दर्यपूर्ण हुन्छ त्यस्तै युवतीको सुन्दरता रहेको बयान यहाँ पाइन्छ । यहाँ बाजा बजे झैँ गरी बज्ने चाँदीका कम्पनीमाला र शिरवन्दी तथा सुन्दर मुहारको प्रशंसा भएको छ ।

### ३) जातीय विभेद

परम्परादेखि चल्दै आएको जात-भातको नियम यस जिल्लामा पनि प्रशस्तै मात्रामा पाउन सकिन्छ । जातीय विभेद हुनु आफैमा विडम्बनाको कुरो त छँदै छ त्यसैमा पनि परम्परागत मान्यतालाई परिवर्तन गर्न नसक्नु पनि दुःखको विषय हो । यसरी हुम्ला जिल्लामा खेलिने देउडा गीतमा जात भात सम्बन्धी देउडा गीत गाएर खेलिने चलन प्रशस्त मात्रामा पाउन सकिन्छ । हुम्ला जिल्लामा आधाआधी गिदेरु (गायक) दलित महिला तथा पुरुष भएका कारण जातीय विभेदका देउडा गीतहरूमा स्वाभाविक ढङ्गले आवज उठि नै हाल्छ । त्यस्ता गीतहरूका केही उदाहरण निम्ना अनुसार छन् :

खेल्दा छौ देउडा गीत रातभरीको डिउटी
छोया पानी चल्न्या छैन कौ लैजाला निउती

बारै मुइना फुल फुल्दा छुन त्यइ फुलका बाडी
एकै थाल भातु खाउला नुजाउ मलाई छाडी

अउल फुल्न्या बुराउसी अ लेख फुल्या बुकी
क्या भुनी पिरती लाइछी क्या भुनेर थुकी ?

बाग आयो बाग आयो भुन्दा खाला भुनी लुक्या
घरका बाआमा बोल्दा त्यइ भुनेर थुक्या

तरबारका धारमा हिड्नु बामुनको जात
भोक लाग्या क्या गरी भन्नु खान्नु नाइ त भात

यहाँ पहिलो गीतमा तल्लो जातका मानिसले आफूले छोएको पानी नै नचल्ने र आफूहरूलाई कसैले निमन्त्रणा गरेर नलइजाने यथार्थ जानकारी गराएका छन् । एक थाल भात खाने धारणा राख्दै, आफूलाई छोडेर अन्त कतै नजाने कुरा दोस्रो गीतको भावबाट प्रष्ट हुन्छ । तेस्रो गीतमा केटाले देउडा खेल्दा खेल्दै तल्लो जातको केटीलाई हेय दृष्टिकोणले हेरेपछि केटस्ले के भनेर पिरती लाएको थियो र तल्लो जातको भनेर किन थुकिदै छ भनेर प्रश्न उठाएको

पाइन्छ । केटाले आफूले माया गर्न पनि त सक्थे तर घरका बा आमाले गाली गर्ने कुरा सुनाएर आफूले थुकेको जवाफ दिएको छ ।

पाँचौं गीतमा पनि जात भातका कारण ब्राह्मण जातिले अर्काको हातको भात खानु हुन्न भन्ने विचार व्यक्त गरिएको छ । भोकै बस्नु परेपनि जातलाई जोगाउनु पर्ने मान्यतालाई अघि सार्दै ब्राह्मणको जातलाई तरवारको धारसँग यहाँ दाँजेको छ । तरवारका धारमा कुनै कुरा राख्न निकै खतरा हुने संकेत पनि यहाँ पाइन्छ । जाति प्रथा सँग सम्बन्धित यी गीतहरू पनि मर्मस्पर्शी छन् :

दिन दिनै कलिजुग लाग्यो, जात कसरी चामु
हलो जोत क्षेत्रीका छोरा क्या हो तेरो कामु

खोली-खोली खोल्याइ लाइदो खोलीको मुस्याइलो
रानी चडो उडी बाइगो बजारै निस्यालो

यहाँ पहिलो गीतमा जातभातका आधारमा काम विभाजन गरिएको हुदा क्षेत्रीको छोरालाई माथिल्लो जातिले हलो जोत्न आदेश दिएको कुराको सङ्केत पाइन्छ । दोस्रो गीतमा खोलाका किनारामा गुड वनाएर रमाइलो वातावरण सिर्जना गर्ने मुस्याइलो र रानी चरा उडी जाँदा नरमाइलो हुन्छ भन्ने भाव प्रकट गरिएको छ । समाजमा जातभातको अन्त्य भए जातिय स्वामित्व नहुने कुरा प्रति सङ्केत गरिएको छ ।

### ४) **रीतिथिती**

हुम्ला जिल्लामा प्रचलित देउडा गीललाई रीतिथितीका कोणबाट पनि हेर्न सकिन्छ । यस जिल्लामा आफ्नै मौलिकपनका केही रीतिथिती छन् । तिनलाई आधार बनाई देउडा गीत गाउने चलन पनि प्रशस्त मात्रामा पाउन सकिन्छ । ती गीतहरू तल विवेचना गरिएको छ :

लेक गोरु भोका मद्दा अउल मेला बन्द
घाँस काट्न्या दाउरा काट्न्या कैलै फुक्न्या भुन्प

यस गीतमा गाउँलेहरूले गाउँमा रीतिथिती बाँध्न वनमा जथाभावी घाँस दाउरा काट्न र गाई, गोरु, भेडा, बाख्रा चराउन बन्द गरेको नियमको वर्णन छ । नियम मिचेमा दण्ड सजाय भोग्नु पर्ने हुनाले गीतमा लेक तिर घाँस सकिएको छ र गाईगोरु पाल्न धेरै समस्या भएको कुरालाई कहिले बन्द फुकाइने होला भन्ने चासो व्यक्त भएको छ । यस्तै सामाजिक प्रचलनबारे तलको गीतमा पनि वर्णन गरिएको छ :

पल्ला गाउदै लाड्ु ल्यायो भ्या गन्याको निउतो
सुल्या खाया ठेक बलियो सल्याडीको सिउतो

यस गीतमा विवाह गर्दा दिइने निमन्त्रणाको प्रतीकका रूपमा मह र चामल मिसाई बनाइएको लड्डु पल्ला गाउँबाट आएको र त्यहाँ जानु पर्ने वर्णन पहिलो पङ्क्तिमा छ र विवाहको निम्तो दिने हुम्लाको चलनलाई यसले झल्काउने काम गरेको छ । दोस्रो पङ्क्तिमा वन वा वनपाखा जाँदा यहाँका मानिसले सुल्पा (कक्कड) खाने चलन रहेको र त्यो कक्कड खाए वाँकी रहेको आगो जथाभावी फाल्दा सल्लाको सिउतो जली आगलागी हुने डर रहेको अनि आगो लागेमा गाउँलेको नियम अनुसार जरिवाना भोग्नु पर्ने सङ्केत यस गीतमा दिइएको छ । हुम्लाको सामाजिक रीतिथितीसँग यी जीतहरू पनि सम्बन्धित छन् :

सुङ्ग बाज्यो पारी गाउदो को मान्ठ मर्‍यो हो
वारी गाउँदो खेल खेल्दा छुन क्या जुनी पडेयो हो

एकै राजा एकै देव मर्नु एकै च्यान
अक्काले मागीमा दै ले वसी रुनु ध्यान

यहाँ पहिलो गीतमा पारि गाउँमा शङ्ख बजेको हुँदा कसका घरमा मान्छे मरेछ भनी चिन्ता व्यक्त गरिएको छ भने वारि गाउँमा देउडा खेलिएकोमा खेल्नेहरू कस्ता काम नलाग्ने रहेछन्, मान्छेका जुनी नपरेको जस्ता रहेछन् भन्दै मान्छे मर्दा खेलमा रमाउन नहुने कुरा प्रस्ट्याइको छ ।

दोस्रो गीतमा एकै शासन व्यवस्था मान्ने, एकै देवता मान्ने अनि मरे पनि एकै चिहानमा जाने हुनाले अर्काको मागेकी आइमाईसँग जिस्कनु हुँदैन र राती राती देउडा खेल्नु हुँदैन भन्दै आफ्नो अनुशासनमा वस्नु पर्छ भनिएको छ । यहाँको वैवाहिक सम्बन्धको चलनलाई सङ्केत गर्ने काम यस गीतले गरेको छ । विवाहसँग नै सम्बन्धित अर्को एक गीत यस प्रकार छ :

जोइ ल्याइ कुन छोरो भैगो कोस्याली ख्वाउनै छ
साला, साली, सासू सउर ती पुनी र्‌वानै छ

यस गीतमा विवाह गरेर छोरा भइ सक्ता पनि माइतीलाई कोसेली खुवाउन जान नपाएको र साला, साली, सासू र ससुरा, पनि चिन्न बाँकी रहेको बयान छ । यहाँको वैवाहिक रीतिरिवाजलाई यस गीतले पनि चिनाउने काम गरेको छ । हुम्ला जिल्लामा यस्तै प्रकारका आफ्ना मौलिकपनमा आधारित विभिन्न देउडा गीत गाएर मनोरञ्जन गर्ने चलन छ ।

**५) थिचोमिचो र शोषण**

हुम्ला जिल्लामा प्रचलित विभिन्न देउडा गीतहरू मध्ये थिचोमिचो र शोषण सम्बन्धी देउडा गीतहरू पनि उल्लेख मात्रामा पाइन्छन् । यहाँको पुराना मुखिया लगायत गाउँका हुने

खाने साहुहरूले गरिब तथा विपन्न वर्गहरूलाई दमन अन्याय अत्याचार शोषण गर्ने गरेको कुरा यहाँका देउडा गीतहरूले व्यक्त गरेका छन् ।  गरिबहरूले गरिबीका कारण एकसरो लगाउन एक छाक खान कै लागि आफ्ना भएका सारा जग्गा जमिन भाँडा कुडा समेत बेच्नु पर्ने बाध्यताको वर्णन गरेर पनि देउडा गीत गाइने गरिन्छ । यहाँका शोषक समान्तहरूले गरिबका राम्रा चिजवस्तु, गाई, बाख्रा, जग्गा जमिन समेत खोसेर लिने गरेको कारुणिक घटनालाई देउडा गीतमा समेटिएको पाइन्छ । थिचोमिचो र शोषण सम्बन्धी देउडा गीत केही तल प्रस्तुत छन्:

दिनभरी काम गरी बेल्का दिदा रोटी
भएको घर जग्गा पुनी, लियो साहुले लुटी

कुमाउनलाई जग्गा छैन किन्नलाई धुन छैन
खाउ भुन्या खानु नै छैन बस्ने नि मुन छैन

जिन्दगी कामाउँदो वित्यो ज्यानमा खुन छैन्
छोरा छोरी क्याले पाल्नु घरमा नून छैन्

एक खेत छियो मुखियालाई उदारो तिन्नाले
बालबच्चा कसरी पाल्नु बुनका सिन्नाले

धान बिग्रया पलाटो हुदो,मान्ठ विग्र्या नेता
मनु कालो साउकै हुदो, लुगा मात्रै सेता

गाउँ खाया देश पुन खाया यी दुःख काँ हालु
काँ जादा हुन क्या गद्दा हुन तुम्मा गाउँका ठालु

राम बादुर कइको छोरो बाइगयो शिकार
साहुले ठगिया गाउँमा जन्मनु बेकार

यी देउडा गीतहरूमा समाजमा व्याप्त अन्याय, अत्याचार, दुःख, पीडा र मर्कालाई प्रस्तुत गरिएको छ । साहु महर्जनले गरेका ज्यादतीलाई पनि बाहिर ल्याउने काम गरेका छन् । वास्तवमा अहिले पनि दिन भरि काम गरेपछि पारिश्रमिक दुई पाथी (४ माना) मात्रै माम अन्न पाउने चलन हुम्लामा छ । यसरी ४ माना अन्नको भरमा  परिवार पाल्न नसकिने आफुसँग भएका घर, जग्गा, भेडा र बाख्रा साहुले लुटी लिए पछि जीवनभर उनीहरूकै घरमा ज्यालादारी काम गरी जीवन धान्नु पर्ने वाध्यताको चित्कार यी गीतका भावमा पाउन सकिन्छ ।

गरिबी कुनै पनि मानिसको दैवी फल होइन तर यहाँका मानिसमा दैवी फलकै कारण गरिब हुनु परेको थिचोमिचो सहन परेको हो भन्ने धारणा छ । उनीहरू केवल आफ्नो भाग्यलाई

दोष दिन्छन् । जिन्दगी भरि अर्कोको काम गर्दा गर्दा शरीरमा रगत नरहेको र घरमा छोराछोरीलाई खुवाउन जङ्गलबाट टिपेर ल्याएको सिस्नाको सागमा हाल्ने नुन समेत नभएको मार्मिक अभिव्यक्ति गीतमा छ । जसरी धान बिग्रँदा पलाँटो हुन्छ त्यसरी नै मन बिग्रेका मान्छे लोभी पापी र भ्रष्ट हुँदा रहेछन् उनीहरू हामीलाई शोषण, अन्याय र अत्याचार गर्न बाहेक अरू केही जानेका हुँदा रहेनछन् भनी साहुका साथै नेताको पनि यहाँ आलोचना गरिएको छ । गरिबलाई न्याय निसाफ नहुने साहुले ठगिए गाउँमा गरिब निमुखाहरू जन्मनु नै बेकार रहेछ भन्ने कुरा यी हुम्ला देउडा गीतमा व्यक्त गरिएको छ ।

### ६) नारी समस्या

नारीलाई माता वा देवीका रूपमा पूजा गरिन्छ तर हुम्ला जिल्लामा नारीलाई कहिल्यै नथाक्ने काम गरि रहने मेसिनका रूपमा हेरिन्छ । मानिसलाई दुःख, पीडा, मर्का पर्न थाल्दछन् तब उसले गीत सङ्गीतको त्यति बेला साहारा लिन्छ । यस जिल्लाका महिला र सचेत पुरुषले पनि नारी समस्या सम्बन्धीका विभिन्न देउडा गीतहरू गाउने गरेको पाइन्छ । यहाँका नारीहरूले एकातिर अपमान अपजस पाएका र  सामाजिक कुरीति एवम कुसंस्कारको चपेटामा जीवन जिउनु परेको छ । अर्कोतर्फ पुरुषको दमन सहनु परेको दुःख स्थिति छ । उनीहरूका वेदनाले मुटु नै छिया छिया बनाएको हुन्छ । यी वास्तविकतासँग सम्बन्धित गीत तल प्रस्तुत छन् :

भाउजुले लायाको माला सुनकै तिलहरी
लाग्निन माइतीको ग्वाली ज्यानकै विलहरी

वारी दै धेकिदो पारी लाली झिलिमिली
खाउ त मारस्या खाजा नुखाउ सिलियिली

झ्याल भाइर झुल हाल्याको नुछाप्या आटीका
मु रुदै मेरो मुन रुदै कोल मेरो फाटिगो

आइत यसो क्यान भयो बौराली छुइ हुन कि
दाइ सुरवारी मुइ दुःखारी भाविनी दुई छुन कि

पानी जुम्यो बादलबाट घिउ जुम्यो दईबाट
घरको घर धुन्दा गर्नु मुइले भर छैन कइबाट

बाग जसा बडाजु मेरा भालु कुट्न्या पोइ छ
सर्प जसा देवर मेरा भुटिन्या कोइ छ

सुकि गो लालीको जिउलोको कुलो कुल्याउला
पोइला देश भोक लाग्या को माइत बोलाउला

यहाँ पहिलो गीतमा छोरी भएर जन्मलिए पछि माइती घरमा गोठाली वन्नु पर्ने र शारीरिक मानसिक कष्ट भोग्नु पर्ने पीडालाई दर्साइएको छ । यहाँ आफुले घर परिवारमा समेत मान सम्मान नपाई केवल दासीको रूपमा मात्रै काम गर्नु पर्ने, खाना समेत अरूलाई भन्दा फरक छुट्याएर छोरी, बुहारीलाई दिइने अनि एकै घर- भित्रका दाजु लोग्नेको जीवनशैली सुखसयलमा रहने तर महिलाहरू भने आफुहरू जाँतामा पिसिए झैँ पिल्सिनु पर्ने वास्तविकतालाई  प्रस्टायाइएको छ ।

दिन भरि काम गरेर बेलुका घरमा आँउदा आफैले घरधन्दा गर्नुपर्ने तथा घरका ससुरा लोग्ने र देवर सबैले नारीमाथि हेय दृष्टिकोणले मात्र हेर्ने गरेको कुरालाई पनि यहाँ व्यक्त गरिएको छ । एउटी नारीले न त माइत मै सुख पाउछन् न त घरमा नै भन्दै जसरी पनि दुःख कष्टको जीवन झेल्नुपर्ने उनको समस्यालाई प्रतिविम्वित गरी हुम्ला जिल्लामा प्रचलित देउडा खेलमा गाइने गीतमा नारीको मर्मलाई प्रकट गरिएको पाइन्छ ।

## ४.२.१.२ धार्मिक र सांस्कृतिक दृष्टिकोणबाट विश्लेषण

हुम्ला जिल्लामा प्रचलित देउडा गीतलाई धार्मिक दृष्टिकोणबाट पनि विश्लेषण गर्न सकिन्छ । यस जिल्लामा विशेषगरी हिन्दू धर्म बौद्ध धर्म मान्ने मानिसहरू बसोबास गर्दछन् । हिन्दू धर्मालम्बीहरूले विभिन्न मन्दिर बनाई पूजा पाठ गर्ने र सोही अनुसारकै देउडा गीत देवीदेवता सम्बन्धी, पुजापाठ सम्बन्धी बाजागाजा सम्बन्धी, जन्म मृत्यु सम्बन्धी र धर्मअनुसारको विवाह परिपाटी सम्बन्धी देउडा गीत गाउँने परम्परा छ । बौद्ध धर्म सम्बन्धीका देउडा गीत पनि गाउँने गरिन्छ । धार्मिक दृष्टिकोणबाट हुम्ली देउडा गीतलाई निम्न अनुसार विश्लेषण गरिएको छ ।

### १) धर्म

यस जिल्लामा बसोबास गर्ने लामा जाति बाहेक सबै मानिसहरूले हिन्दू धर्म मान्दछन् । हिन्दू धर्म मान्ने मानिसले सोही अनुसारकै आफ्नो धर्म सम्बन्धी कही न कही त्यस्ता भाव देउडा गीतको माध्यमबाट अभिव्यक्ति गरिएको हुन्छ । त्यस्ता देउडागीतको माध्यमबाट अभिव्यक्ति गरेको पाइन्छ । त्यस्ता देउडा गीतहरू सबै धर्मसँग जोडिएर आएका हुन्छन्। यी देउडा गीतले परम्परागत धर्मलाई निरन्तरता दिने कार्य समेत गरेको पाइन्छ । हुम्ला जिल्लामा प्रचलित हिन्दू धर्म सम्बन्धी देउडा गीत निम्न अनुसार छन् :

कमलदानी निगालाको छापदानी कर्मको
पुजा पाठ गर्नु पड्न्या आ-आफ्ना धर्मको

दिन काटी न बाटो काट्या पुगिगया बिन्दु
बाउ बाज्याले गरिल्या मान्नु पड्न्या हिन्दू

कै का भर को बसला कुनले गऱ्यो निउतो
घर ठूलै धर्म ठूलै बाल्नु हो क्या सिउतो

चोरी कुल्यै गर्नु होइन काम गरिखानु हो
दैवले बोलाया दिन धर्मले जानु हो

मान राख्न्या मर्यादा राख्या धर्म ठूलो हाम्रो
हिन्दू धर्म गाईमाता हुन बान्या हुन की दाम्लो

कै कुन गरिब भन्नु कै कुन साउ भन्नु
पापीलाई गरिब भन्नु धर्मीलाई साउ भन्नु

यसरी हुम्ला जिल्लामा धर्म सम्बन्धी गीत प्रशस्त गाउने गरिन्छ । यी माथिका गीतमा हामीले पुर्खा देखि चल्दै आएको अथवा मान्दै आएको हिन्दू धर्मलाई मान्नु पर्छ भन्ने विचार पाइन्छ । पूजा पाठ गर्दा होस वा कुनै शुभ अशुभ कार्य गर्दा होस् धर्मले हामीलाई ठुलो टेवा पुऱ्याइ रहेको छ भन्ने भाव पनि त्यहाँ प्रकट गरिएको छ । कुनै पनि मानिससँग आफ्नो धर्म जोडिएर आएको हुन्छ र त्यही धर्मले उसलाई बाँच्ने आधार दिएको हुन्छ भन्ने भावना पनि देउडा गीतमा पाइन्छ । यस जिल्लाका मानिसहरूले हिन्दू धर्म मान्ने र सो धर्मले चोरी डकैती, हत्या, लुटपाट आतंक हुने जस्ता क्रियाकलाप कहिल्यै नगर्ने निर्देशन गर्ने कुरा पनि देउडा गीतमा व्यक्त गरिएको छ । आत्मले शान्ति हिन्दू धर्ममा पाउँछ, यसैमा हामी सबैको भलाइ हुन्छ, भन्ने आर्दश भाव पनि यहाँका गीतहरूमा प्रकट गरिएको छ ।

ठुलालाई मान र सानालाई माया गर्नु तथा गाईलाई माता वा आमा झैं मान्न पनि गीतले सिकाएको छ । जो पापी छ, र धर्म मान्दैन त्यही नै गरिब हो अनि जो आफ्नो धर्म मान्छ र अरूको भलाई गर्छ त्यही व्यक्ति साहु हो भन्ने भनाइ पनि त्यहाँ छ । परिश्रम गरेर खानु पर्छ र मानिसहरूबिच एक आपसमा सद्भाव बढाउनु पर्छ भन्ने कुरा पनि हुम्ला प्रचलित धर्म सम्बन्धी देउडा गीतले प्रस्ट पारेका छन् ।

### क) देवी देवता

यस जिल्लाका धेरै जसो मानिसहरूले देवी देवता प्रति ठुलो आस्था राख्ने गरेको पाइन्छ । हरेक मानिसका सफलता-असफलताका पछाडि देवी देवताको ठुलो हात रहेको हुन्छ भन्ने यस क्षेत्रमा विश्वास रहेको पाइन्छ । समाजमा कुनै आपत विपद पर्दा वा रोग लाग्दा, छोरा नहुँदा वा

त्यस्तै अन्य समस्या आइ पर्दा देवी देवता प्रति, धामी झाँक्री प्रति आस्था राखी सामूहिक रूपमा होस् वा एकल रूपमा होस् हुम्ला जिल्लामा यस्ता देउडा गीहरू गाइने चलन छ ।

क्या बिगाडय कुल देउता, गद्दा मेरा कुरा
गोठ छैन धुन्या भुइसी घर छैन छोरा

हात खुट्टा लागन्न भाउव छोरीले क्या गरु
किरिया गर्न्या छोरो छैन मु कसरी मरु

जीवनका कल्पुना मेरा सपना देखिन्छन्
अद् जीवन यसै भयो पछि क्या लेखिन्छन्

भात खान्या कासका थाल पानी खान्या टङ्का
दशा लाग्या कैन भन्नु, भावी पडिन लङ्का

रामले चिनिया धारा पानने खाइजा, सीता
मुन भुन्दो धर्मी होइजा कर्म भुन्दा बिदा

बारै आया बर्‍याला कोटी दुई आया दोजामी
घर छोरा मर्न लाग्यो बचाउन्या कोइ छकी

चौध वर्ष बनबास बस्या राम लक्ष्मण सीता
विहानै बन्तु छ भुन्या पढ्नु पर्छ गीता

यहाँ पहिलो गीतमा देवी देवतालाई पाठ पूजा गर्दा गर्दै किन दुःख दिइएको हो भन्दै घरमा दुहुने भैसी पनि छैन किरिया गर्ने छोरा नभएको र छोरीले केही गर्न नसक्ने भाव अभिव्यक्ति भएको छ । जीवतका सारा सपना कल्पना सुख, दुख हुने नहुने यी सबै कुरा दैव भगवानकै खेला हो भन्ने धार्मिक विश्वास यहाँका गीतमा रहेको छ । मानिसहरूले भात चाँही कासको थालमा खाए पनि कर्म चाहिँ ठिक छैन भने कुरा पनि यहाँ पाइन्छ । यसरी नै टाढा बसेका अथवा लङ्का बसेका भगवानलाई आफ्ना दुःख कसरी भन्नु भन्ने भाव पाँचौ गीतले प्रकट गरेको छ ।

रामले चिनेका धारा भनेर उनीप्रति श्रद्धा व्यक्त गर्दै सीतका रूपमा पानी खान आहान गरी गीतमा राम सीताप्रति भक्ति दर्साइएको छ । मन चाँही जत्तिसुकै धर्मी भएपनि कर्म ठिक छैन भने देवी देवता खुसी छैनन् भने केही हुनेवाला छैन भन्ने भाव व्यक्त गरिएको छ । घरमा छोरा छोरी बिरामी हुँदा कतिका मानिस आए, उपचार गर्न वैद्य पनि आए तर यहाँ देवता वाहेक कसैले बचाउन नसक्ने कुरा यहाँ गीत मार्फत प्रस्ट पारिएको छ । अन्तिम देउडा गीतमा

राम, लक्ष्मण र सीताले न्याय र सत्यताको लागि वनवास वस्नु परेको सन्दर्भ दिइ विद्वान् बन्नु छ भने गीता पढ्नु पर्छ भन्ने सल्लाह दिइएको छ । गीता पढ्नु पर्छ भन्नाको तात्पर्य भगवान्को पाठपुजा गर्नु पर्छ भन्ने हो । हुम्ली देउडा गीतमा सबै मान्छेहरूमा माया राख्न भगवानलाई आह्वान गर्दै देवी देवताका रूपमा पुजिने भवानी मालिका मैठा कालीकाको पुकारो कसरी गरिन्छ भन्ने कुरा तलका गीतहरूमा देख्न सकिन्छ ।

भोक छैन भुलिया दिन दिउसै गोरु वान
सबै माथि माया राख्याइ दैव भगुवान

प्युसका गाउँका भुवानीय लामा लेख मालिका
रक्षा गार्‍याइ बावु मैठा पाउनु भयाइ कालिका

यी गतिमा देवताहरूलाई आफ्नो लागि जहिले पनि रक्षा गर्न आराधना गर्दै स्तुति भक्ति भाव प्रकट गरिएको छ । प्युस गाउँकी भवानी र मैठा देवतालाई आफ्नो दुःख कष्टमा साथ दिन आग्रह गरिएको छ ।

**(ख) पूजा पाठ**

हुम्ला जिल्लाका बहु सङ्ख्यक मानिसहरूले हिन्दू धर्म मान्ने भएकोले यस जिलामा गुरा, भवानी, मण्टो, काली सिल्ता, ल्वासुर कैलाश रामपाल, आदि देवी देवताका मन्दिर (माडु) रहेका छन् । ती मन्दिरहरूमा विभिन्न समयमा मेला लाग्ने गर्दछ । त्यस अवसरमा मानिसहरूले पूजापाठ सम्बन्धी देउडा गीतलाई आफ्नो धर्म संस्कार सम्पन्न गर्छन । यस्ता गतिहरू विशेष गरी देवी देवतालाई पूजा पाठ गरी हिन्दू धर्म संस्कारलाई महत्व दिने खालका हुनुका साथै मनोरञ्जनात्मक हुन्छन् । जुन तल प्रस्तुत छन्ः

काठमाडु कारखानी अड्डो ताल पडिया रारा
दुवो र दै चावल गरी पूजा गरु सारा

शिरमा लाया शिरकै टोपी पाउमा लाया जुत्ता
कुड्या र कलश गरी तुइ नारुन पूजा

हात लाउन्या हात्या घडी काध बोक्या रिडी
ढोल बजाई दुमअ बजाइ पुजा गर्दा फिरि

पुनिका उजेली रात तारा मधुरै छन्
जत्ति पूजा गर्‍या पुन धोका अधुरे छन्

हटेरुको गल्ला गल्ली, कता लाग्या भात
दुध चागल चढाउदा हामी देव जुन्म जात

हिड्दै गान्या करनाली घुम्दै रुन्या सेती
बाँच्या कैलाश पूजा गल्ला नातारात यत्ति

पहिलो गीतमा आफुले मान्दै आएका देवतालाई दुबो र चामलले पूजा गर्न आग्रह गरिएको छ । त्यस्तै गरी हामीले जतिसुकै राम्रा कपडा लगाए पनि मान्यगुन्य देवी देवताको पूजा पाठ नगरी सन्तोष भई दैन भन्ने भाव पनि व्यक्त गरिएको छ । कलश, पाती, तेल र बत्ती लिएर प्रत्येक औंशी पूर्णिमामा पूजा पाठ गर्नुपर्छ पुजा पाठ गर्दा देवता खुसी हुन्छन् र मनका चाहना वा लक्ष्य पुरा गर्दछन्, यो हाम्रो धार्मिक परम्परा नै हो र हामी यसैमा खुसी छौं भन्ने यी देउडाका भावमा प्रकट भएको छ ।

समाजलाई मर्यादा र अनुशासनमा बाँध्ने विश्वास पनि यिनमा व्यक्त गरिएको छ । हामीले बाँचुन्जेलसम्ममा पूजा पाठ गरि रहने नै छौं र मरे पछि अहिले गरेको पुजा नै अन्तिम भयो भन्ने भाव यी गीतमा प्रकट भएको छ ।

हुम्ला जिल्लामा गाइने देउडा गीतहरूमा धार्मिक विषयले ठुलो स्थान ओगटेको छ । बहुसंङ्ख्यक जनताहरू अपठित भएका कारण आफ्नो मनोआंकाक्षा पूरा गर्न यस्ता पूजा पाठ सम्बन्धी देउडा गीतहरू गाएर तथा तिनमा नित्य गरेर  रमाइलो गर्ने र प्रार्थना गर्ने काम गरेका छन् ।

**(ग) जन्ममृत्यु**

यस जिल्लामा जन्म र मृत्यु सम्बन्धी सुख र दुखका गीतहरू गाउने चलन पनि प्रर्याप्त पाउन सकिन्छ। कुनै घरमा बालक जन्म्यो भने त्यस घरका मानिस असाध्यै खुसी भएर सारा गाउँका मानिसहरूलाई निम्ता गरेर खुसी मनाउँछन् । भोल ब्याउने गर्नुलाई खुसीयाली मनाउने गर्नु पनि भनिन्छ । जसमा बुढापाका आफ्नै किसिमले खेल्ने गर्छन् भने युवा युवतीले देउडा खेलेर रमाइलो गर्छन । यस जिल्लामा मानिस मर्दा विशेष गरेर महिलाहरूले डाको छोडेर रुँदा गीतको लयमा भाव झै गरेर रुने समेत गरिएको पाइन्छ । जन्ममृत्यु सम्बन्धी गीतहरू निम्न छन् :

**अ) जन्म**

को हाल्दो हो कर्मरेखा को जुन्म दिँदो हो
खुसी उफ्किया दिन भाउ किन रुदो हो ?

भावीले हाल्या होरो जुन्म दिन्या आमा
बाबुले जुन्माया छोरो खुसी भया माया

देऊ न मुसी देऊ न कलम मु चिठी लेख्दो छु
पाँच छोरी पाएकी भाउजु आइ खुसी धेक्खोछु

सुनारले दोकान लायो लोवारका आरन
छोरो पाउन्या भत्यार ख्वाउन्या धर्मका कारन

काली गङ्गा कालो माछो । वालुवा बुकाउला
जुन्म्या पछि मर्नै पर्छ मर्नै पर्छ मुन पनि बुझाउँला

माथिको पहिलो देउडा गीतमा मान्छे जन्मेपछि कसले कर्म रेखा हाल्छ होला कसरी मान्छे जन्मन्छ होला भन्ने जिज्ञासा राख्दै खुशियालीको दिनमा नवजात शिशु किन रुन्छ होला भन्ने भाव व्यक्त गरिएको छ । बच्चाको होरो हाल्ले भगवान् हुन् भन्दै आमावावुले जन्म दिएको अनि सबै खुसी भएको वर्णन पनि यो गीतमा प्रकट गरिएको छ ।

तेस्रो गीतमा एक जना देवरले पाँच पाँच छोरी पाएकी भाउजूले छोरा पाउदा अत्यन्तै खुसी भएकी छिन भनेर चिठी लेख्न तयार भएको कुरा अभिव्यक्त गरिएको छ । छोरा पाउनेले भोज भतेर खुवाउनु  धर्म नै हो भन्दै छोरो पाएकामा विशेष खुसी मनाउने त्यहाँको प्रचलन गीतमा व्यक्त भएको छ ।

### आ) मृत्यु

हुम्ला जिल्लामा अन्यत झैँ कुनै मानिसको मृत्यु भएको बेला सबै रुने त गर्छन नै आफ्नो घरको आफन्तहरू मर्दा डाको छोडेर लय मिलाएर बिलौना गर्छन ।  यिनै कारना काटेका भाकालाई देउडा गीत भन्न त मिल्दैन तर मृत्यु भएको केही समय पछि वन पाखा घाँस दाउरा जादा गाई गोरु, भेडा, बाख्रा चराउन जादा मृत्यु सम्बन्धीका  विरह र वेदनाका देउडा गीत गाउने गरिन्छ ।

दाजु वउ मेरा दाजु आइ देखि छाडिगयौ ।
दाजु बउ मेरा दाजु आइदेखि देव जड्यौ

वो दाजु एक चोटी बोली जाउ पुन
दाजु बउ एक चोटी रूपस्या मुहार देखाउजाउ पुन

घर छाडी घरवार छाडी काँ तिर गया हुन्
हाड मासु जल्या त पुन काँ जुनी पाया हुन्

आफन्त कोही मरेपछि रुने गरिन्छ र सोही अनुसार विरह वेदना र छटपटीका गीतहरू एकल रूपमा गाउने गरिन्छ । यी माथिका गीतहरू यस्तै दुखका भाव गीत मार्फत अभिव्यक्त भएका छन् ।

**२) लामा जाति**

हुम्ला जिल्लामा बसोबास गर्ने लामा जातीहरूले बौद्ध धर्म मान्दछन् । बौद्ध धर्मालम्बीहरूको पनि आफ्नै रीतिरिवाज चाल चलन वेश भूषा हुन्छ । सोही अनुसार यस जिल्लामा बसोबास गर्ने हुम्ली नेपाली भाषा बोल्न सक्ने लामा जातिहरूले र अन्यले बौद्ध धर्म सम्बन्धी गुम्बा सम्बन्धी अंहिसा सम्बन्धी देउडा खेल्ने र गीत गाउने गर्दछन् । त्यस्ता देउडा गीतहरू निम्न बमोजिमका छन् ।

भोट्याले स्यानीमा लायो भित भित्र बुनु
लामाले मुन्तर्‍या पछि निको भयो सुन

रात बक्खु लाउन्या हुन् कि गुम्बा बस्न्या लामा
मु पुन राउणै मान्दो कसो होला आमा

काग बास्यो काउलीका रुख काल्त्या बास्यो खोला
माने पामे पुजा गर्‍या त्यो पारिको होला

काट्या रगत आइ जाँदो छ खानु त हुँदैन
धर्मले दियाको आज्ञा मार्नु त हुदैन

भाइ हुन्या त अगरान खान्नी धर्मी मुइना माघ
एकै सुर्ज घाम ताप्नु धर्म सवका भाग

याल्वाङ्ग गुम्बा लामा बस्यो धर्मी घट्ट रिघाऊ
देवशक्ति हराइ गयो लामा कुन भिकाउ

रलिङ्ग गुम्बा ठुलो मेला मान्ठकै ओइरो छ
पापी मुन हटाउन्या हुन कि सर्कउदो कुइरो छ

गाई गोरु चरन लाग्या पात खादा बुकीका
बुद्ध धर्म सेवा गर्‍या कर्मले दुःखीका

यी माथिका बुद्ध धर्म सम्बन्धी गीतहरूले मानिस विरामी हुँदा, गुम्बामा बस्ने लामाले झार फुक गरे पछि निको हुन्छ, चिन्ता लिनु पर्दैन, राता बक्खु लगाउने गुम्बामा धर्मी घट्ट घुमाउने र विवाह समेत नगर्ने यी लामा बास्तवमै असल हुन्छन् उनीहरू अहिंसाका प्रतीक नै हुन भन्ने कुरा व्यक्त गरेका छन् । बौद्ध धर्मालम्वीहरू कहिल्यै पनि कुने पनि प्राणीको हत्या आफ्नो हातले गर्नु हुँदैन, गरे पश्चात पाप लाग्छ, धर्म कर्मको उलङ्घन हुन्छ जन्म मृत्यु विवाह सबै आफ्नो धर्मले दिएको ज्ञान शास्त्र अनुसार नै गर्नु पर्छ, त्यही नै हाम्रो महानता हो भन्ने जस्ता धार्मिक आस्थाका भक्ति भावपूर्ण धारणा माथिका देउडा गीतमा प्रकट गरिएको छ ।

वास्तवमा हुम्ला जिल्लामा बस्ने लामा जातिले यहाँको बौद्ध धर्म परम्परालाई जोगाउनुका साथै विभिन्न चाडपर्वमा आफ्ना धर्म संस्कार सम्बन्धी देउडा गीत गाएर देउडा खेल्छन् । उनीहरूले यहाँको देउडा गीतलाई माथि उकास्ने काममा आफ्ना तर्फबाट योगदान गरेका छन् । बौद्ध धर्म मान्ने मानिसहरूले गीत गाउँदा ती धार्मिक विविधयुक्त छन् । हुम्लामा रहेका याल्वाङ्ग गुम्बा, रलिङ्ग गुम्बा सम्बन्धी देउडा गीत स्थानीय पोसाकमा सजिएर गाइन्छ । धार्मिक महत्व सम्बन्धी यी गीत गाइएका कुरालाई पनि माथिका देउडा गीतले स्पष्ट पारेका छन् ।

## ४.२.१.३ आर्थिक दृष्टिकोणबाट विश्लेषण

हुम्ला जिल्लामा प्रचलित देउडा गीतलाई आर्थिक दृष्टिकोणबाट पनि विश्लेषण गर्न सकिन्छ । समाजमा मानिसहरू व्यक्तिगत वा सामाजिक क्षेत्रमा आर्थिक रूपले ग्रसित हुँदा मन शान्त पार्ने प्रमुख साधनका रूपमा देउडा गीतलाई नै लिइएको पाइन्छ। विदेसिनुको पीडा, खेतीपाती, जडीवुटी सङ्कलन, भारी बोक्दाका आदि समस्यासँग सम्बन्धीत देउडा गीतहरू हुम्लामा गाउने गरिन्छ । हुम्ला जिल्लाका बहुसङ्ख्यक मानिसहरूको जीविकोपार्जन गर्ने माध्यम पनि यिनै हुन् । यिनै आर्थिक स्रोतका विषयमा आधारित भएर देउडा खेल्ने र गीत गाउने यस किसिमका केही देउडा गीत निम्न अनुसार छन् ।

१) **खेतीपाती**

हलो जोती बाउसो खुनी पेट पनि पाल्नु छ
घर खान्या खानु छैन खाल कोद्या किन्नु छ

उवा बोया, कोद्या बोया धान पुनी गोड्न्नै छ
जोत्याका हलबल्द छाडी बाउसो चलाउनै छ

चिसो हावा कइले खाउँला रमाइलो नयाँको
पैसा कुमाइ सकिन्या नाइ दुःख मात भयाको

हिउँ आयो हिउँ चुलीबाट मेग आयो मालवाट
मु खेती गरिनै रहुँला समय सालबाट

एक खेत छियो मुखियालाई उदारो तिन्नाले
बाल बच्चा कसरी पाल्नु बुनका सिन्नाले

हिमाल हिउ पड्न्या बेला बादल घेरिदो छ
जौ उवा सुकिया बेला मुन त चीरीदो छ

माथिको पहिलो गीतमा हलो जोतेर कोदालाले खनेर पेट पाल्नु पर्ने घरमा खाने खाना समेत नहुने र आर्थिक समस्याले ग्रसित परिवारले एक खाल (२० के.जी.) कोदो किनेर भए पनि काम चलाउनु पर्ने कुरा व्यक्त गरिएको छ । दोस्रो गीतका दुई हरफमा पुन : उवा, जौ, कोदो छर्न र धान गोड्न्न बाँकी रहेको र खेतीपाती गर्दा जोतिएका गोरु छोडेर कोदालो चलाउनु पर्ने बाध्यता छ भन्दै आर्थिक रूपमा निम्न स्तरका यहाँका जनताले यस्ता पिर मर्काका गीतहरू गाउने कार्य गरेको भाव प्रकट गरिएको छ ।

तेस्रो गीतमा चिसो हावा कहिले खाइएला, भनेर आनन्दको जीवन कहिले बिताइएला र आर्थिक जीवनको सु-सम्पन्नता कहिले होला, पैसा कमाउन नसकिने भएकाले केवल खेतिपाती गर्दै दु:ख पूर्ण जीवन विताउनु पर्ने भयो भन्ने कुरा गरिएको छ । त्यस्तै क्रमशः गीतमा आकाशबाट हिउँ आए पनि वर्षा भए पनि र भोक मेट्न र दिन विताउन खेतिपाती गरी जीविकोपार्जन त गर्ने पर्‍यो भन्ने कुरा पनि व्यक्त गरिएको पाइन्छ । आर्थिक रूपमा अत्यन्तै विपन्न यहाँका जनताहरूको आर्थिक स्रोतको एक मात्र माध्यम खेतीपाती भएको र त्यहीँ जग्गा पनि यहाँका साहु महाजन भनाउँदाहरूले खोसि लगेका कारण जीवन जिउन गाह्रो भएको भाव यहाँ प्रकट भएको छ । यहाँका गरिबहरूले घरमा खान लगाउन नपुग्दा साहुको घरबाट अन्न ऋण ल्याउने र बेलैमा तिर्न नसक्दा सावाको व्याज र व्याजको स्याज तिर्नु पर्ने हुदा भएको जग्गा गुमाउनु परेका दु:खत घटनालाई समेटी आर्थिक सम्बन्धी देउडा गीतहरू गाउँने गरिएको पाइन्छ । यी माथिका गीतहरूमा यस्तै दु:ख पिडाका भाव प्रकट गरिएको छ ।

### २) जडीबुटी

हुम्ला जिल्लामा गाइने विभिन्न देउडा गीतहरू अर्थिक स्रोतका रूपमा रहेको जडीबुटीसँग पनि सम्बन्धित छन् । जडीबुटी सङ्कलनको समयमा पनि यस्ता गीतहरू गाउने गरिन्छ । यहाँका मानिसहरूको थोरै आम्दानीका कारण उनीहरू विभिन्न हिमाली लेकमा गएर जडीबुटी सङ्कलन गर्ने गर्दछन् । जडीबुटी सङ्कलनका क्रममा भए गरेका विभिन्न घटना क्रमलाई देउडा गीतका विषय बस्तु बनाइ मनको गहुङ्गो भारी बिसाउने रमाइलो गर्ने गरिएको

पाइन्छ । यस्ता गीतमा जडीबुटी सम्बन्धी वर्णन र त्यसको विक्रि वितरणबाट भएको कमाइलाई समावेश गरिएको हुन्छ । जडीबुटी सङ्कलन सम्बन्धी हुम्ली देउडा गीतलाई निम्न अनुसार विश्लेषण गरिएको छ ।

पल्ला लेक पाइदो होक्या भोल्त्या र कटुकी
पैसा पाउन्या धोको मेरो भात खादो बटुकी

थैला थैला बोकी ल्याउँदा खुन्याका अत्तिस
दैका दुन्त हाँस्न्या हुन्न कि धेकिँदा बत्तिस

लामा लेक उकालो बाटो बाउसो कंध हाल्नु
जडीबुटी बेची कुन फाट्या टालो टाल्नु

घोडा, खच्चर खाल्बा बाद्या, लुकाल जाक्नु छ
दिन काम गन्नु पड्न्या बेलुका थाक्नु छ

धान्नी जोख्न्या बिसौउलीया यसो प क्या भयो
नौलो पिउली ब्याउली ल्याउला उदै प भ्या भयो

यहाँ पहिलो गीतमा हुम्लामा पाउने जडीबुटी जटामसी कटुकीका बारेमा परिचय दिलाउँदै जडीबुटी बेचेर पैसा कमाउने धोको रहेको कुराको उल्लेख गरिएको छ । दोस्रो गतिका दुवै पङ्क्तिमा बोराका बोरा जडीबुटी भरेर राख्ने काम गरिएको र यो बेचेर पैसा पाउँदा अत्यन्तै खुसी भइने तथा हामो बैत्तिसै दन्तबाट सो खुसी समेत देखिने भाव प्रकट भएको छ ।

तेस्रो पङ्क्तिको गीतमा स्थानिय वासिन्दाहरू जडीबुटी सङ्कलन गर्न लामा लेकका काँधमा कोदालो हाली जाने, त्यहाँ काम गर्दा उनीहरूले लुगा फाटो फेर्ने, जडीबुटी घोडा खच्चर भेडा, बाखामा ढुवानी गर्ने दिन भरि काम गरेर बेलुका थाक्ने, तर त्यस्तो खिन्नतको महसुस नगर्ने भन्ने भाव प्रकट गरिएको छ ।

गीतका अनुसार यहाँका जनताहरू आफ्ना दैनिक जीविकोपार्जन गर्न जडीबुटी सङ्कलन गर्दछन् र त्यसबाट पैसा कमाई आफ्ना साना तिना समस्या समाधान सम्बन्धि भाव प्रकट छ । काम गर्दा उनीहरूले भोगेका आर्थिक पक्षसँग सम्बन्धीत घटना, समस्या आदि देउडा गीतका विषयका रूपमा गाइन्छन् ।

### ३) व्यापार व्यवसाय सम्बन्धी

हुम्ला जिल्लामा व्यापार गर्दा भोगेका सुखदुःखका रमाइला नरमाइला पक्ष सँग सम्बन्धित गीतहरू पनि देउडा गीतमा गाउने गरिन्छ । यहाँका मानिसहरूले आफ्ना हैसियत अनुसार कसैले पसल चलाउँछन् त कसैले खुद्रा सामान किनेर गाउँ गाउँमा गई बेच विखन गर्ने गर्छन । यससँग सम्बन्धित विषयका गीत पनि उनीहरूले गाएको पाइन्छ । त्यस्ता हुम्ली देउडा गीतहरू निम्न बमोजिम छन् :

रोडीकोट विफ्यारो खोलो, दुल्ली केरो केरो,
टाला टुली चाइन्या भया किनी लैजाउँ मेरो

तेल तेरो काँगियो मेरो कपाल कोर्ने लछी
ऐलेलाई यत्तिकै भैगा किनि लिउला पछि

व्यापारी व्यापार गर्दा खादा कुमिसन
सस्तै गऱ्या निकै गर्‍या छाड्न्या छैन मुन

दिनभरि कुरी बस्न्या कोइ किन्न आउँदा की
आइ त व्यापार केइ भएइन दुइ रोटा ख्वाउँदा कि ?

धोती दिन्या चोला दिन्या को प साउ जी होला
दै तुम्मो गरिया कामु फाइदा होइ जाला

घर मेरी एकै होली बसु भुन्या घर
भाग्यले यसै प दियो कै को मान्नु भर

यहाँ पहिलो गीतमा ठाउँको परिचय दिदै लत्ताकपडा चाहिने भए किनेर लैजान आग्रह गरेको छ । ग्राहकले त्यसको प्रति उत्तरमा व्यापारीलाई कांगियो आफूसँग भएको हुँदा तेल दिन अनुरोध गरेको छ र त्यस दिन समान किनिसकेको हुदाँ कुनै दिन आइएमा पछि किन्ने कुरामा आश्वस्त बनाएको छ । अन्य गीतमा व्यापारीहरूले धेरै कमिशन खाने कुरा उठाउदै सस्तो पाएमा मन नजाने धारणा अघि सरिएको छ । डुलन्ते व्यापारीहरू दिनभरि गाउँमा माल सामान बेच्दै हिडछन् भन्ने जानकारी दिंदै उनीहरूलाई कहिले काहीँ व्यापार नभएका दिनहरूमा कसैले खाना खुवाइदिए हुन्थ्यो भन्ने अपेक्षा गरिएको छ । माया प्रीतिको साइनो गाँस्न मन परेकी केटीहरूलाई कहिले काहीँ सित्तैमा धोती चोलो दिए हुँन्थ्यो भन्ने अपेक्षा पनि गीतमा पाइन्छ । त्यसबाट व्यापारीलाई फाइदा पुग्न सक्ने सङ्केत पनि गीतमा गरेका छन् । यस्ता स्थितिमा

व्यापारीले भने घरमा स्वास्नी रहेको र घर पनि एउटा मात्र भएको जानकारी दिँदै आफू अरूका भरमा नपरि आफ्नै भाग्य अनुसार चल्ने धारणा व्यक्त गर्दछ ।

**४) विदेश गमन**

हुम्ला जिल्लाका तमाम बेरोजगार युवाहरू दाम र मामको खोजीमा विशेष गरी भारतका विभिन्न ठाउँमा मजदुरी गर्न जान्छन् । उनीहरू पियन, पालेका रूपमा काम गरी दुई चार पैसा कमाउने आशा बोकी त्यता जाने काम हुन्छ । अर्काको देशमा गएर काम गर्दा पाएका दुःख पीडा, कष्ट र बेदनालाई देउडा गीतहरू गाउँदा सार्वजनिक गरिन्छ । आर्थिक समस्या पनि यस्ता देउडा गीतमा झल्केको  देखिन्छ । विदेशमा आफ्नो श्रम र शक्ति खर्चेर पनि नेपाल आउँदा उनीहरू खासै केही ल्याएका हुदैनन् । ती दुःखका देउडा गीत मार्फत यसरी उनीहरू पोख्दछन् ।

एक बैरी बुम्बैको सेठ अक्को बैरी निद
तेस्रो वैरी मायाजाल चौथो बैरी रिन

घर छोड्या घरबारी छोड्या दुई पुइसा ल्याउला की
घरको ओरालो छाडी भारु त रुवाउला की

वल्ला गाउँकी पल्ला गाउँकी बाट्न्ती हुन्नी केश
आमा छाडी बाबु छाडी आयाँ परदेश

दार्म जिउला धान पाक्दैन चुङखीली छायाले
दै दुरै मु पन दुरै रुपिया मान्याले

आस खाया चुली खाया पाकिया भया त
घर फर्कि आउन्या छिया दुई पुइसा पाया त

यी गीतहरूमा घर छोडेर विदेशमा आउँदा साहु, निद्रा, मायाजाल र ऋण सबैले शत्रुका रूपमा सताउने बयान छ । घर छोडियो घरबारी छोडियो दुई चार पैसा कमाउन सकिन्छ कि भनेर भारत आइयो तर भारतमा पैसा कमाउन त के पैसा चिन्नै पनि गाह्रो भयो भन्ने भाव प्रकट गरिएको छ । त्यहाँ वस्दा वल्ला पल्ला गाउँकी माया गर्ने केटीहरू र आफ्ना बारेमा चिन्ता गर्ने बा आमाको मायाले सताउने गरिएको कुराको सम्झना आउँछ भन्ने भाव व्यक्त गरिएको छ । र्दाम जिउला धान पाक्न नदिने चङ्खेली लेक वैरी छ त्यसरी नै आफ्नो मायालाई टाढा बनाउने शत्रु पैसा रहेछ, पैसा कमाएको भए घरमा आउन पाइन्थ्यो भन्ने जस्ता हृदयस्पर्शी भाव यी गीतहरूमा प्रकट गरिएको छ ।

### ४.२.१.४ प्राकृतिक दृष्टिकोणबाट विश्लेषण

हुम्ला जिल्लामा प्रचलित देउडा गीतलाई प्राकृतिक दृष्टिकोणबाट पनि विश्लेषण गर्न सकिन्छ । भीर पाखा, खोला, नाला, हिमाल-पहाड, बन-जङ्गल आदि जस्ता भू-भागबाट मानवीय जीवनमा आइ पर्ने सुखदुखका भाव र अनुभूतिहरूलाई समेटेर यहाँका मानिसहरूले देउडा गीत गाएको पाइन्छ । यस्ता गीतहरूमा यहाँको प्रकृतिको विभिन्न स्वरूपहरू देखा पर्ने गर्दछन् । हुम्ला जिल्लामा यस्ता प्रकृति सम्बन्धी गीतहरू जताततै सुन्न पाइन्छ । प्राकृतिक दृष्टिकोणबाट देउडा गीतलाई निम्न अनुसार विश्लेषण गरिएको छः

**१) प्रकृतिक सौन्दर्य**

हुम्ला जिल्ला प्राकृतिक दृष्टिले निकै धनी जिल्ला हो । यस जिल्लाको सौन्दर्यको प्रमुख त□व भनेको नै प्रकृति हो । खास गरी यस जिल्लामा रहेका वनपाखा, खोलानाला र डाडाँकाडाले यहाँको सौन्दर्य बढाएको छ । यहाँका मानिसहरू आफ्ना मनका बहहरू पोख्ने क्रममा प्राकृतिक सौन्दर्यलाई आधार बनाउने गर्दछन् । गायकहरू प्रकृतिको नियमसँगै परिवर्तन भएर देखिने प्राकृतिक दृश्यावलीहरूलाई वन जङ्गलमा एकल रूप होस् या चाडपर्व र मेला उत्सवमा देउडा गीतहरू गाएर यसरी प्रस्तुत गर्छन :

औल फुल्या लाली गुराँस लेक फुल्या बुकी
अद्द सुकी अद्द दुःखी भावी होरो होकि

हिउँ पड्यो नाराका लेख पात रैग्या रुख
कैले जाला पापी म्विना कैले होला सुख

फुल फुल्याइ फुलका बाडी आउला पुल्ती भेष
नटुटेइ पिरिमको डोरी भेट भयाका देश

काला लेक रमाइला हुन्छन् काफल पाकन्नर
रुङ्गी मुन विरङ्गी हुन्छ मुल्का लागन्तर

सालुमालु पलाइ गयो साल किन ढिलायो
कुइरी जुन लागन्या माया हिउँ जन विलायो

लाली जिउला तल हउरी धान कोद्या बोयाको
ह्याका छ कि बिंसी हाल्यौ घाँस काटी रोयाको

रुन बुनै उज्यालो धेक्तो रमाइलो हुनाले
तल हउर राउँडै धट्तो हरिया हुनाले

घाँस पलाइ हरिया जुङल फुल फुलेकै बुन
चैतका चाखुरी जुन किन घुम्डै मुन

पिड्यालु पातको पानी खाऊँ खाऊ भन्दै ढल्की
रुन बुनै रमाइलो भयो काफल खान पल्की

चिसो हावा अब खाउला रमाइला नयाको
सुदिन मेरा आउन्या हुन्न् दुःख त गयाको

सुन टल्कनी टल्कँदो छ सिङकोटको हिउँ त
ठोरे मुन ठगुन छैन सबै सम्भि लिऊँ त

सेतै छन् हिमालका चुचा बर्खा फुल्या बुकी
धर्म कर्म राखि राख्या, तब हौंला सुखी

जरा सेता पात पुहेला पाटन बुकीका
धर्म कर्म जोड्न्या हौक्या खेल्दारु मुनका

यी गीतहरूमा प्रकृतिका सौन्दर्यको भर मग्धुर बयान गरिएको छ । प्रकृति जति खेर रमाइलो हुन्छ त्यति खेर गाउने गीत रमाइला हुन्छन यी माथिका गीतका भावमा लेकमा फुलेका लाली गुराँस बुकीले डाँडाकाँडा अत्यन्तै रमाइला वनाएका छन् र यस्तो रमाइलो प्राकृतिक सौन्दर्यता कहिल्यै उजाडिर कतै नजाओस, पापी महिना नआओस, फुल चाहिँ फुलि रहोस् जस्ता भाव यहाँ व्यक्त छन् । गीतमा उल्लेख भए अनुसार यहाँका लेक पनि रमाइला हुन्छन्, काफल पाकेर प्रकृति रसिलो बनेको हुन्छ र सारा बोट बिरुवा पलाएर हरियो भएका छन्, कुहिरो र हिँउ पनि यहाँ बेला बेला देखा पर्छ भन्ने कुराको वर्णन छ । सारा बस्ती डाँडाकाँडा, खोलानाला र वन पाखा हरिया भएर संसारै राम्रो भएको बेला च्याखुरा कराएर नरमाइलो नबनाई दिए हुन्थ्यो भन्ने भनाई यहाँ प्रस्तुत छ ।

प्रकृति सौन्दर्य वर्णन भएका यस्ता प्रकारका गीतहरूमा खासै निराशा दुःख र वेदनाको अभिव्यक्ति पाउन सकिदैंन भन्ने कुरा यहाँका गीतमा भनिएको छ । चिसो हावा रमाइलो प्रकृतिले दिएपछि दुःखका दिन जान्छन् र सुखका दिन आउँछन् भन्दै सुन टल्के भैं टल्केको मन पनि रमाउछ भन्ने भाव व्यक्त छ ।

## २)	प्राकृतिक विपत्ति

प्रकृति मानवीय जीवनका लागि नभई नहुने त□व हो । प्रकृतिको विपत्ति (बाढी, पहिरो, भूकम्प र ज्वालामुखी विष्फोट) ले मानवीय जीवनमा ठुलो असर पार्दछ । प्रकृतिले एकातिर फाइदा पु¥याइ रहेको छ भने अर्कातिर बेफाइदा पनि गरि रहेको छ । प्राकृतिक विपत्तिका घटनाले ठुलो असर पार्दा आफन्त र प्रेमीहरू छुट्ने र मनमा विभिन्न प्रकारको चिन्ता बढ्ने हुन्छ । यस्ता दुःखद घटनालाई बिर्सन देउडा गीत गाउने गरिन्छ । बाढी पहिरोमा परी मरेको मानिसको घटनालाई, गोठाला जाँदा ढुङ्गा लाग्दा र घाँस दाउरा गर्न जाँदा हावा हुरीले सताउँदा मरेका मानिसहरूको सम्झनामा देउडा गीत गाउने गरिन्छ ।

प्रकृतिले मानिसहरूका मनमा पु¥याएको चोटलाई समेटेर हुम्ला जिल्लामा पनि प्राकृतिक विपत्ति सम्बन्धी देउडा गीतहरू गाउने गरिन्छ । यस्ता हुम्ली देउडा गीतहरू निम्न बमोजिम छन्ः

धरती उप्क्यो खोलै बउल्यो पाल्त बास्या न्याउला
घर बाइगो घरबारी बाइगो क्या गरुत प्याउला

आफु बाइगै छोरी लैगै काली गाउँ काटि गइ
एक नेल दैबुले हाल्यो दोस्रो नेल हालि गइ

खाउ भुन्या पै चारो छैन बसु भुन्या घर
हारी खान्या कर्म मेरो कै कै छैन भर

पुनीका उजेली रात तारा अधुरै छन्
जीवनको भरोसा छैन लच्छे अपुरै छन्

हात काटी बिसान लाग्यो निगाली पुत्ताले
दिन खाँदैन रात सुन्दैन पैराका सुत्ताले

मुसाले कपडा काट्यो काट्यो कुरु कुरु
घर गयो घर खेती गयो रुन्छु धुरु धुरु

खोली खोली खोल्याइ लाइदो खोलीकै मुस्याइलो
जग्गा जुमिन उप्कि गयो वस्ती यै निस्याइलो

घाँस काट्नेले हात काटियो वगिगो रगत

आगो आज भुराइ गयो भात खाने बगत

कर्नालीका माछाकति भेरीका भेल कति
दुःखीका दुखाना कति कर्मका खेल कति

यहाँ प्रकृति विपत्तिले मानिसको जन जीवन छेद विच्छेद पारेका घटनालाई मर्म स्पर्शी ढङ्गले प्रकट गरिएको छ । कहिले काहीँ आउने बाढी पहिरोले किसानका घर र खेतीयोग्य जमिन समेत बगाएर लैजाने गरेको हुन्छ । प्रकृतिक विपत्तिका घटनाले सारा बन्यजन्तु प्राणीहरूलाई समेत विजोग पारेको वर्णन यहाँ पाइन्छ ।

एकातिर नदीमा पानी भर्न गएकी स्वास्नीलाई गङ्गाले बगाएर लाँदा आफू एक्लो भएको चिन्ता यहाँका गीतमा व्यक्त गरिएको छ भने अर्कातिर एक नेल त दैवले हालेकै थियो दोस्रो नेल मरेर जाने स्वास्नीले पनि हाली भन्ने भाव अभिव्यक्त गरिएको छ । प्राकृतिक विपत्तिका कारण खानलाई खाना समेत नभएको र बस्नलाई घर पनि नभएको सूचना पनि देउडा गीतमा दिइएको छ । आफू हारेको जुनीमा जन्मेको कर्म नै खोटी रहेको र कसैको भर नभएको कुरा पनि यसमा प्रस्ट्याइको छ । पूर्णिमाका दिनमा ताराहरू उज्याला हुनु पर्नेमा किन नभएको भन्ने चिन्ता प्रकट गर्दै प्राकृतिक विपत्तिको धरापमा रहेको जीवनको भरोसा नभएको र लक्ष्यहरू अधुरा रहेको कुराको चिन्ता माथिका गीतमा व्यक्त गरिएको छ ।

जुनसुकै बेला पनि आफू प्राकृतिक विपत्तिमा पर्न सक्ने, सानतिना भएका खुसीहरू पनि खोसिन सक्ने र जीवनमा दुःख आइ पर्न सक्ने भन्ने भनाइ यहाँ प्रस्तुत छ । हुम्ला जिल्लाका विभिन्न चाडपर्वमा यस्ता देउडा गीतहरू सुन्न सकिन्छ ।

### ३) ऋतु तथा महिना

हुम्ला जिल्लामा विभिन्न महिना र ऋतुको बदलिँदो समय चक्रलाई विषय वस्तु बनाई देउडा गीत गाउने गरिन्छ । हुम्ली देउडा गायकहरूले आफूले मान्दै आएका चाडपर्वमा होस् वा माया प्रीती लाउन खेलिने खेलमा होस, ऋतु सम्वन्धी वर्णन घुसाएका हुन्छन् । ऋतु महिनाका राम्रा नराम्रा पक्षलाई खुलस्त गरी यस्ता गीतहरू गाइने गरिन्छ जुन गीतका नमूना निम्न प्रकार छन् ।

वसन्तमा फुल फुल्या शिशिर झडल्लाई
जिन्दगीमा हार खाया तुइ पछि पडल्लाई

बर्खा ऋतु हरियाली हेमन्तमा हिउँ छ
कोइली गाइँदा कुहुँ कुहुँ मुन बुजाउन्या जिउ छ

फुल फुल्या जेठका म्विना सेरीका पाटन्

टिपिन कानाउँदो लाइल सउरडी काटन

लगला वसन्त ऋतु काफल पाकि जान्न
मु अभागी पर्देशै छु साथ्या भाइ त खान्न

लागला असुज म्विना प्याउली फुलि जान्ना
रुखका हाँगाउदो वसी न्याउली झुरि जान्ना

लागन्त चैत्तका म्विना काफल पाकन्नर
रङ्गी मुन विरङ्गी हुन्छ झल्का लागन्नर

यी माथिका देउडा गीतमा ऋतु चक्र र महिनालाई मानवीय घटनासँग जोड्ने काम गरिएको छ । जसरी वसन्त ऋतुमा फुल फुलेर ढकमक्क भई शिशिर ऋतुमा झर्ने गर्दछन् त्यसरी नै मानिसको जीवनमा पनि कहिले सुख त कहिले दुःख परि नै रहने कुरा दर्साइएको छ ।

जेष्ठ असार महिनामा फुलहरू फुलेर ढकमक्कै हुन्छन् । फुलेका फुलहरू कानमा लगाइने र पछि पनि सम्झना गरिने कुरालाई यहाँ व्यक्त गरिएको छ । बसन्त ऋतुमा काफलहरू पाकेका तर आफू विदेशमा भएका कारण खान नपाइने चिन्ता व्यक्त गरिएको छ । असोज महिनामा फुलेका फुलले कोइलीलाई समेत मोहित पार्ने गरेको र आफूलाई चैत्रका महिनामा पाकेका काफलले घरको झल्का लगाउने गरेको भाव प्रकट गरिएको छ ।

### ४.२.१.५ वैचारिक दृष्टिकोणबाट विश्लेषण

हुम्ला जिल्लामा प्रचलित देउडा गीतलाई वैचारिक दृष्टिकोणबाट पनि विश्लेषण गर्न सकिन्छ । यहाँका बहुसङ्ख्यक जनताहरू शैक्षिक स्तरमा कमजोर छन् र पत्र पत्रिका सञ्चारका अन्य साधनको कमीले मानसिक तथा विकास गर्ने अवसरबाट बञ्चित छन् । राष्ट्रिय जनजीवनमा राजनैतिक घटनाले पार्ने सामान्य प्रभाव, चुनाव प्रचार प्रसार गर्दा नेताहरू गाउँ घुम्दा गर्ने भाषणको प्रभाव, भने पाइन्छ । त्यसैले आफूले जाने बुझेको राजनीति र विकासको अनुभूति गर्न नपाएका स्थितिलाई हुम्ला जिल्लाका देउडा गीतमा गाइने गरिन्छ । यस्ता गीत विरोध सर्मथन सैदान्तिक विचारधारा र नेताहरूप्रति घोचपेच जस्ता विषय वस्तुमा आधारित भएर निम्न अनुसारका गीत गाईन्छन् ।

**१) राजनैतिक अन्दोलन र व्यवस्था**

आफ्नो हक अधिकार स्थापित गर्न तथा आफ्नो क्षेत्रमा शिक्षा, स्वास्थ सञ्चार, यातायात, खानेपानी लगायतका आधारभूत आवश्यक परिपूर्ती गर्न देशमा प्रजातन्त्रिक

लोकतन्त्रिक गणतान्त्रिक शासन व्यवस्थाको सर्मथन गर्नु पर्छ यो व्यवस्था जनताको जन पक्षीय हक अधिकारको संरक्षण गर्न सक्षम छ भन्दै रमाइलो गरी देउडा खेल्ने गरिन्छ । राजनैतिक चिन्तनसँग सम्बन्धित देउडा गीतहरू यस प्रकार छन:

हक पाउन्या अधिकार पाउन्या प्रजातुन्त आया
भन्न बोल्न पाउन्या भया गणतुन्त आया

बस्ती डुब्यो रगतले देश डुब्यो रिनले
गद्दार गन्या को-को भया राजाले लिनले

काग बास्यो काउलीका रुख काल्ज्या बास्यो खोला
प्रजातुन्त लांद्या भयो गणतुन्त होला

भोट्याले स्यानीमा लाया पाल हाल्याका सेता
निको राउण कामु गन्नु हाम्रा देशका नेता

भोट दिलिउ चोट पुन खाइलीउ गणतुन्त ल्याउन
काम गर्नु राम पुनि गर्नु जुन्ता निका ख्वाउन

जुन्ता उठ्या सडकमा नेता उठ्या जेलमा
कति वाँच्या कति मर्‍या अन्दोलनको भेलमा

यहाँ पहिलो गीतमा जनताहरूले हक अधिकारको लागि प्रजातन्त्र र गणतन्त्र व्यवस्था ल्याएको र सोही व्यवस्थाबाटै आफ्नो भलाइ हुने भाव प्रस्तुत गरिएको छ । हाम्रो देश नेपालमा द्वन्द्वका कारण यहाँका बस्तीहरू रगतले डुबेको र देश ऋणले डुबेको चिन्ता यहाँ व्यक्त गरिएको छ । राजासँग नजिक हुनेहरूले गद्दारी गरेको कारण जनताले दुःख पाएको कुरातिर पनि यहाँ सङ्केत गरिएको छ ।

जसरी काग र कोइली खोलामा कराउँछन् त्यसरी नै जनताहरूले सडकमा कराउँदा अन्दोलन गर्दा प्रजातन्त्र गणतन्त्र व्यवस्था आएको कुरालाई यहाँ उल्लेख गरिएको छ । यो देशका नेताले देश विकास गर्न सधैं झगडा नगरी मिलेर काम गर्नु भन्ने भाव पनि यहाँ प्रकट गरिएको छ ।

जनताले गणतन्त्रलाई संस्थागत गर्न भोट दिएर पठाएका हुनाले देश विकास गरी जनताको गाँस, बास र कपासको प्रत्याभूति गर्नु पर्दछ भन्ने भाव समेत गीतमा व्यक्त गरिएको छ ।

अन्तिम गीतमा नेपालमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था ल्याउन जनता सडकबाट र नेता जेलबाट उठेको धेरै मानिसहरू आन्दोलनमा घाइते भएको र मरेको कुरा

उल्लेख गरिएको छ । यसरी नै देशको विकास गर्न र शान्ति सु-व्यवस्था कायम गर्न सबै मिलेर अघि बढ्नु पर्छ भन्ने भाव पनि यहाँ प्रकट गरिएको छ ।

## २) राजनैतिक नेता

देश र जनताको भलाइका लागि काम गर्ने जिम्मेवारी बोकी जनताले भोट दिएर नेताहरू सत्तामा पुग्छन् । उनीहरू साँच्चिकै जनताको भलाइ र देश निर्माणको अभियानमा लागे नलागेको हिसाव किताब जनताले गरेका हुन्छन् भन्ने कुरा पनि यहाँ उल्लेखित छ । नेताहरूले जनताको भावनाको सम्मान नगरेको पाएपछि जनताले विभिन्न माध्यम बाट विरोध जनाउनु स्वभाविक हो । हुम्ला जिल्लाका देउडा गीतहरूमा पनि यस्ता नेतालाई घोचपेच गर्ने खालका गीतहरू पनि गाइने गरिन्छ । जुन गीतहरू निम्न अनुसार छन् ।

आरु रात स्याउ सेता को छौ आउ यता
जनताको काम गर्न छाडी गयौ कता कता

भोट्याले स्यानीमा लाए पाल हाल्या हुन् सेता
जोइ खेड्न्या घर पुनि खेड्न्या भन्ट्रचारी नेता

सुम्विधान बुनाउला भुनि भोट माग्न आयौ त
राजा जैथा तुमी पुनि भत्ता त खायौ त

घर झगडा क्यालाई गद्दा सुम्बिधान लेख
सुम्बीधान लेखेउन भुन्या गाउँ आयापइ धेक

बसन्तमा फुलफुल्या शिशिर कराउला
यइथै कामु गर्‍या पछि चुनाउमा हराउला

हटु भुन्या बाटो छैन पिउ भुन्या पानी नाइ
देशको विकास गरु भुन्या नेताको बानी नाइ

यी माथिका गीतमा आरु र स्याउ पाकेर राता हुनु पर्नेमा सेता भएका र नेताहरू जनताको काममा लाग्नु पर्नेमा आफ्नै स्वार्थ पछि लाग्ने गरेका कार्य प्रति चिन्ता र खेद प्रकट गरिएको छ । देशको विकास गर्ने वाचा गरेको नेताले पनि केवल आफ्नै घरजम र भष्ट्राचार गरेका कार्यप्रति यी गीतमा विरोधको भाव प्रकट गरिएको छ ।

देशका नेताहरूले जन पक्षीय संविधान बनाउने भन्दै भोट मागेको तर समयमै संविधान नबनाएर भत्ता पचाउने र राजाकै जस्तो प्रवृत्ति देखाउने गरेको दुखिसो यी माथिका गीतको भावमा उल्लेख गरिएको पाइन्छ । एक आपसमा झगडा गरेर होइन मिलेर काम गर्नु पर्छ, नत्र

भने गाउँ आउँदा र फेरि चुनाबमा भाग लिँदा विरोध र पराजय भोग्नु पर्ने चेतावनी यी गीतमा दिइएको छ ।

जनताहरूलाई हिड्नको लागि बाटो पनि नभएको र पिउनको लागि पानी समेत नभएको दुःखेसो पनि यिनमा व्यक्त गरिएको छ । जनताहरूले गर्ने नेताप्रतिको खबरदारीले राम्रो परिणाम निकाल्ने आशयले यस्ता गीत गाइएका हुन सक्तछन् ।

### ३) सैद्धान्तिक विचार धारा

हुम्ला जिल्लामा विभिन्न राजनैतिक विचार धारामा आस्था राख्ने मानिसहरू छन् । तिनले आफूले अँगालेको सिद्धान्त राम्रो छ भन्दै देउडा गाउने गर्दछन् । जो स्वतन्त्र रूपमा वसेका हुन्छन् तिनीहरू भने गुण दोषका आधारमा त्यस्तै प्रकारका देउडा गीत गाउने गर्दछन् । विशेष गरी पुरुष-पुरुष देउडा खेल्दा प्रत्येक समूहमा हुने गिदेरु फरक-फरक पार्टीका रहेछन् भने आआफ्ना सिद्धान्तका यस्ता गीतहरू गाउने गर्दछन् । हुम्ला जिल्लामा गाइने देउडा गीत अर्न्तगतका विचारधारत्मक गीतहरू यस प्रकार छन् :

देश जगाइ जुन्ता जगाइ विकास गद्दा छौ कि
भाइ मारी भाग पुनि खान्या सोसि खान्या हौ कि

एकै बाबु दुबै छोरा दुइ किन लाग्दा छुन
को जेठा हुन् को कान्छा हुन् को भुन्या चाख्ता हुन्

घर छाड्यौ घरबार छाड्यौ जङ्गल पसिया
आफ्नै घरका जाहान मर्‍या जुनता सकिया

दरबार पस्न्या ज्ञाने ढोग्ने बाज तुम्रो बानी
एक पाटी दश तिर भयौ हार्ने बेला जानी

महिला पुरुष बराबरी अधिकार माग्दा छौ
जुन्ताको अधिकार ल्याउन शोषकलाई ताक्ता छौ

यी माथिका देउडा गीतमा देश र जनताको भलाइ गरी शोषण, अन्याय र अत्याचार बन्द हुनुपर्ने आशय व्यक्त गरिएको छ । हामी सबै नेपाल आमाका छोराछोरी हौँ, दशथरी विचारधारा राखी झगडा गर्नु ठिक होइन भनिएको छ । घर, घरबार र आफ्नो पेसा छोडेर जङ्गल पसेर राजनीति गरेर केही उपलब्धि हुन नसकेको बरु उल्टै धेरै मानिस मरेको टिप्पणी यहाँ गरिएको छ । परिवर्तन शान्तिपूर्ण तरिकाले ल्याउनु उपयुक्त हुने विचार व्यक्त गरिएको छ

। दरबारियाहरू राजाका पछि लागेर केही गतिलो काम नभएको भन्दै पाटी दश टुक्रा बनाई चुनाबमा हार्ने प्रति पनि यहाँ आलोचना गरिएको छ ।

महिला, पुरुष जातभातको भेदभाव अन्त्य गरिनु पर्छ, हरेक प्रकारको असमान व्यवहार सदाका लागि अन्त्य गरिनु पर्छ र आम जनताको भलाईका लागि नेताहरू लागि पर्नु पर्छ भन्ने भाव पनि यहाँ व्यक्त गरिएको छ । यसरी हुम्ली देउडा गीतमा राजनैतिक विचारधारालाई पनि विषय वस्तु बनाई गीत गाउने गरिन्छ ।

## ४.२.१.६ मनोवैज्ञानिक दृष्टिकोणबाट विश्लेषण

हुम्ला जिल्लामा प्रचलित देउडा गीतलाई मनोवैज्ञानिक दृष्टिकोणबाट पनि विश्लेषण गर्न सकिन्छ । मनोवैज्ञानिक देउडा गीतहरूले मानिसका मनमा उत्पन्न हुने विभिन्न भाव गीतका माध्यमबाट प्रकट गरेको पाइन्छ । कुनै पनि मानवीय समाजमा सुख-दुःख, मिलन-बिछोड, गरिबी, प्रेमप्रणय जस्ता कुराहरूले निरन्तरता पाइ नै रहेका हुन्छन् । कतिपय प्रेमी-प्रेमिकाहरू एक अर्काप्रति आकर्षित भए पनि समाजमा निडर भएर अगाडि बढ्न सक्दैनन् । उनीहरू हृदयमा भएको मनको भावनालाई देउडा गीत मार्फत प्रस्तुत गर्छन् । त्यसैले मनको भाव प्रकट गर्ने एक माध्यम देउडा गीत हो । मनोविज्ञानसँग सम्बधित देउडा गीतहरू निम्न अनुसार छन् :

(१) **मनोविज्ञान**

खै लाग्यो ल्वाखडका लौडा जौं गौं मा घुन लाग्या
छोरो जुन्म्या तिन दिन भया जोइ नुपाइ रुन लाग्या

जत्ति काट्या पलाइ जान्या गोप्काको बाबियो
यो माया मरल्ला मान्या भ्रुन गैला गैलियो

रुखै छ बाँद्द छाउडो रुखै आँसु पुच्दो
धेक्यात कोलडी जसी सुङ्गै लैजाउ सुच्दो

घाँस काट्दो छै ग्वाला भाउव दाउरा का भाँचलाई
बिना घरका घरबारी अ कसरी बाँचलाई

लाली अउल आटी हाल्या लेख भुइसी धोएँ
बाँजका कोलीउदो बस्दा फुल ओइल्या भ्रैं भएँ

काला लेक रमाइला भया पारी बुन साग छ
आमा बाबु माया बिर्स्या दै कै माया लाग्छ

आलुका तिउन सित राता चङ्ल भात छ
मुकि पल्का दै की झल्का पुस मास रात छ

कि माया लागउन्या हुँदा कि माया राख्न्याको
आया गया था हुँदैन उन्तर चाख्न्याको

यहाँ पहिलो देउडा गीतमा छोरा नपाएर धेरै दिन देखि चिन्तित भएको लोग्नेले स्वास्नीको आनी बानी देखेर दिक्क भएको र छोरो जन्मेको केही दिनमै स्वास्नीले आफूलाई छोड्दा दुःखी भएको भाव व्यक्त गरिएको छ । जसरी फलाममा खिया लाग्दा र जौ गहुँमा किरा लाग्दा काम नलाग्ने हुन्छ त्यसरी नै मान्छेको भित्रि मनमा चिन्ता हुँदा खुसी नहुने मनोवैज्ञानिक भाव यहाँ प्रकट गरिएको छ ।

यहाँ बन जङ्गलमा पलाइने बावियो जति काटे पनि पलाइ हाल्छ भन्दै मानिसले गर्ने माया जति बिर्सन खोजे पनि सम्झना आइ रहन्छ भन्ने भाव प्रकटित छ । रुखको हाँगामा आमा नहुँदा बाँदरको वच्चा रोएर आँसु पुछ्दै बसि रहे झै आफ्नो पिर मेट्न प्रेमिकालाई नछोडी सँगै लैजाने भाव केटाद्धारा यहाँ व्यक्त छ ।

जसरी घाँस काटेर मात्र हुँदैन दाउरा पनि काट्नु पर्ने हुन्छ, त्यसरी नै एक्लो जिन्दगी मात्रै कति दिन बिताउन सकिन्छ र भन्दै घरबार जोड्नु पर्ने आवश्यकता यहाँ औंल्याइएको छ ।

कसैको माया लाग्दा प्रेमले सताउने कुराको बयान गर्दै आमा बाबुको माया ममता भन्दा पनि त्यो चर्को हुने भाव गीतले प्रकट गरेको छ । रातो चामलको भात खाए पनि, पुस माघको जाडो भए पनि मायाले सताउन छाड्दैन भन्ने अभिव्यक्ति पनि यहाँ पाइन्छ । अन्तिम गीतमा साँचो प्रेम गर्नेको र  पत्नीका रूपमा आफूलाई ग्रहण गर्नेको माया सर्वाधिक लाग्ने कुरा अगाडि सार्दै क्षणिक प्रेमको स्थायी प्रभाव नहुने भाव व्यक्त भएको छ ।

२) **मायाप्रेम**

हुम्ला जिल्लामा प्रेम सम्बन्धी देउडा गीतहरू गाउनु पर्‍यो भने कि त डाँडा तिर कि खोला ओडार जङ्गल अथवा एकान्त ठाउँमा गई लुकी छिपी गाउने गरिन्छ । यस्ता गीत आफूभन्दा ठुला मान्यजन, आमा बाबु, दिदी बहिनी र दाजु भाईले नसुन्ने गरी गाउने गरिन्छ । यी गीतहरू विवाह गर्न मिल्ने अथवा अन्य जातका केटीसँग मात्र खेलिन्छ । आफ्नै नातागोता मिल्ने वंशका केटा वा केटाले परस्पर यी गीत गाउँदैनन् । यी गीत एक्लै भने जो सुकैले पनि

मेलापात, घाँस र दाउरा जाँदा गाउने चलन छ । यस प्रकारका गीतका उदाहरणहरू यहाँ प्रस्तुत छन्:

काट्दो छु बाँजाका स्याउला उल्कदो छु रुख
सउरडी लागिया वेला कइका ताकु मुख

पहाड फुटने पानी धारा कैले पानी खाउँला
दै कुन सुम्भिया बेला सउरडी मु लाउला

बम्बै साउ सेटकी छोरी ओठ लाउन्या लाली
को दै को ओछ्यान लाउन्छ को धोइहिन्छ थाली

अछाम फल्न्या चुक्या आँप जुम्ला फल्ने केला
एक घुट्को बाडुली लाइजा मु सम्भेका बेला

सिमालीका तल हउरी हाल्या हुन् कि गेट ?
बाजको सउरडी लाग्यो कैले होला भेट ?

खाँदै रयाइ लाउँदै रयाइ पैसा दिउला भारु
मुन गर्‍यै फुलका जसो जोबन गर्‍याइ फारु

यी माथिका देउडा गीतमा प्रेमी-प्रमीकाहरूले मेलापात जाँदा र घाँस दाउरा गर्दा एकातिर काम अनि अर्कातिर मन हुने गरेको र सम्भना आइ रहँदा कसको अनुहार हेर्ने भन्ने जस्ता पिरलो मनले बेहोर्नु पर्ने भाव व्यक्त गरिएको छ । हिमालका काखबाट निस्केका पानीका मूलले जसरी तिर्खा मोटाउने काम गर्छन त्यसरी नै प्रेममा तड्पिएकालाई सम्भनाका बाडुलीले मनमा शान्ति प्रदान गर्दछन् भनी यहाँ भनिएको छ ।

यहाँको गीतमा बम्वैमा साहुकी छोरीले ओठमा लाली लगाएर चिटिक्क पर्ने गरेको सन्दर्भ दिदै प्रेमीको सुत्ने ओछ्यान लगाइ दिने र खाएको थाल धोई दिने को होला भनी जिज्ञासा व्यक्त गरिएको छ । अछाममा फलेको चुके आँप र जुम्लामा हुने केरा जति नै माया मिठो हुने कुरा पनि यहाँ उठाइएको छ । सिमाली नामक फाँटमा ठुला-ठुला ढुङ्गाका गेट हालिए भैँ मायाको सागरमा गेट नहालिएकाले भेटघाट गरिहाल्न आहवान पनि देउडा गीतमा गरिएको छ ।

बिछोडमा रहेकी प्रियसीलाई आफूले भारतबाट पैसा पठाउने वाचा गर्दै जीवन जसरी भएपनि जिउन देउडा गीतले आग्रह गरेको पाइन्छ । मनलाई गह्रुङ्गो त्यहाँ नबनाइ फुल झैँ हल्का पार्न र योवन जोगाइ राख्न पनि अनुरोध गरिएको छ ।

## ४.२.२ काव्यात्मक कोणबाट विश्लेषण

हुम्ला जिल्लामा प्रचलित देउडा गीतलाई काव्यात्मक दृष्टिकोणबाट पनि विश्लेषण गर्न सकिन्छ । यस्ता देउडा गीत विभिन्न रस, अलङ्कार र लक्षण युक्त हुन्छन् । यसैलाई आधार मानेर देउडा गीतलाई काव्यात्मक आधारमा विश्लेषण गरेर हेर्न सकिन्छ ।

### ४.२.२.१ रस भावका आधारमा विश्लेषण

यस जिल्लामा प्रचलित देउडा गीतहरूमा विभिन्न रस शृङ्गार, वीर शान्त, करुण, हास्य र भयानक रस प्रयोग भएको पाइन्छ ।

**१) शृङ्गार रस**

लोकसाहित्य अपठित अशिक्षित विशाल समुदायको विशाल काव्य कोश हो । यस काव्य कोशमा विभिन्न रसहरू प्रयोग भएर गीतिकाव्यहरू मौखिक परम्परा गाइने गरिन्छ । यी काव्यहरूमा प्रयोग भएको प्रमुख रसमध्येको शृङ्गार रसमा प्रेम-प्रणय सम्वन्धी गीतहरू अत्यधिक मात्रामा पाइन्छन् । चाहे त्यो प्रेमी-प्रेमीका बिचको पारस्परिक प्रेम होस् चाहे त्यो प्रेमी वा प्रेमिकाको बिचको एकल मनोभावसँग सम्बन्धित होस् देउडा गीतहरूमा शृङ्गार रसको अत्यधिक प्रयोग भएको पाइन्छ । जस्तै :

लाउन्या भया किति दिउँला ढोकानका लछी
मु जइथा कति प हुन्न मेरा लाग्दि पछि

बल्दको नाउँ हिरामोती भुइसीको नाउँ गौरी
जै फुल फुल फुली अउँन्छ उइ फुल कि मौरी

नानु भुइँसी ठुलो घाणो, त्यो घाणो फुटि जा
घर आउन्या मुन लागि जा जागिरी छुटि जा

बाट्ति उम्याको काफल चैत पाकी जान्छ
हातको रुमाल दि जा पुन सउरयाइ लागी रुन्छ

जा भाउव घाँस काटी लइया पोरि बुनाउँदाको
कै ति भुनि क्या हुन्या छ आफ्ना मुनाउदाको

परदेशी लाउर्‍या दाइको पानी खान्या टङ्गा ।
मु रइग्या धत्तीका कुना सुवा रइगइ लङ्का

यस्तै प्रकारले विभिन्न रस भावले ओतप्रेत भएका गीतहरू चाहे ती सम्भोग शृङ्गारका होउन चाहे विप्रलाभ शृङ्गारका हुम्ला जिल्लामा व्यापक मात्रामा प्रचलित छन् । यसले गर्दा गीतहरूमा एक प्रकारको आनन्दानुभूति हुन्छ र श्रोताहरूलाई ती बढी रोचक र मर्मस्पशी बन्न जान्छन् ।

**२) वीर रस**

रसकै आधारमा हुम्ला जिल्लामा प्रचलित देउडा गीतको विश्लेषण गर्ने अर्को आधार वीर रसको प्रयोग हो । वीर भावले ओत प्रोत भएका देउडा गीत पनि यस क्षेत्रमा निकै प्रचलित छन् । देश र राष्ट्रका निम्ति ज्यान दिन पनि पछि नहट्ने वीरको वर्णन गरिएको अभिव्यक्तिहरू यी गीतहरूमा पाइन्छ । जन्मभूमिप्रतिको माया विरता पर्दशन गरिएको स्थिति पनि रसका गीतमा देख्न सकिन्छ । तलका देउडा गीतहरूमा वीर रसको प्रयोग पाइन्छ :

सबै रक्षा गरि दिया जन्मेका  ठौरकी
नेपाली हो वीर जाति झुक्दैन पोरखी

काँ जान्छ कुवाको पानी कसका लुगा धुन्छ
गोरखालिया सुन्तान हामी शिर क्यान झुन्छ

माथिका गीतमा आफ्नो मातृभूमिको रक्षा सबैले गर्नु पर्दछ र मातृभूमिका लागि जिउ ज्यान दिनु परेपनि पछि हट्नु हुदैन भन्ने भाव छ । पुर्खादेखि वीर जाति भनेर चिनिएको नेपाली वीरजातिले जन्मभूमिको रक्षा गर्नुका लागि कसैसँग पनि घुँडा टेकेर पछाडि हट्दैन भन्ने देशभक्ति पूर्ण भाव यी गीतले प्रकट गरेको छन् । यस्ता वीरता भावका गीतहरू सुन्दा वा गाउँदा अझ मनमा देशभक्ति वा गौरवताको आभास हुनु स्वभाविक छ ।

**३) शान्त रस**

हुम्ला जिल्लामा प्रचलित देउडा गीतमा शान्त रस भएका गीतहरू पनि प्रचलनमा रहेका छन् । मान्छे मान्छेका मनमा उत्पन्न शान्त भावलाई प्रकाशमा ल्याउन यस्ता गीतहरू गाइने गरिन्छन् । जस्तैः

अर्काको रिस मानी काँन्यु मरि जान्या चोला
दु:ख मानि काँ हुन्या छ बगि जान्या खोला

यो गीतमा एक दिन मरेर जाने जीवनमा कसै सँग रिस डाह र झगडा गर्नु व्यर्थ छ । जसरी बगेर जाने खोला फर्केर आउदैन त्यसरी नै मान्छे मरिसकेपछि फर्किन्न भन्ने एक किसिमको नैतिक उपदेश दिने खालको अभिव्यक्ति यहाँ छ । धार्मिक दृष्टिकोणबाट हेर्दा पनि कसैको रिस, डाह गर्नु पाप हो भन्ने कुरालाई यस गीतले प्रस्ट पारेको छ ।

**४) करुण रस**

आफ्ना मान्यजन र प्रियजनको कुनै घटनाद्धारा विछोड भयो भने त्यस्तो समयमा मनमा एक किसिमको करुणा जागृत हुने गर्दछ । यस्ता गीतमा करुणाजन्य आँसु र पीडाको भाव व्यक्त भएको हुन्छ । त्यति मात्र नभए पराई घरमा नाना थरीका पीडा सहेर माइतीलाई सम्झँदै गरेकी चेलीको विलौनामा पनि यस्तै किसिमका करुणाजन्य भाव व्यक्त भई हृदय प्रभावित हुन्छ भन्ने कुरा तलका गीतहरू तिर दृष्टि लगाउँदा स्पष्ट हुन्छः

क) नुवाइनु अध्यारका न्याउला सउर्याइ लाग्दो लुटी
तु पुति नुपाक्पाइ कठै¤काफलका बुटी

ख) लेक वस्न्या मुइना चडी रन बुनै रुवायो
आँसुले तिरखा मेट्न्या आँसुले रुझायो

ग) पापी मुन चुडिन लाग्यो पाँख भया उड्नउ
कर्म मेरो सुखी भया दु:ख दै छुट्नउ

घ) छाकलै नुवास्यै चडा मु ओखल हुन्छु
दुखीको अडतो नुल्या धुरु धुरु रुन्छु

यी माथिका गीतहरूमा करुण भावको अभिव्यक्ति पाइन्छ । कठोर भन्दा कठोर मानिसको मनलाई पगाल्ने मार्मिक भावहरू उक्त गीतमा व्यक्त गरिएको छ । खास गरी आफ्नो कर्मघरमा घरका मानिसहरूद्धारा प्रताडना सहेर वाँच्न विवश भएकी छोरीको करुणाजन्य अभिव्यक्ति यी गीतहरूमा पाइन्छ । सुरुका दुई हरफमा आमा बाबुबाट टाढा भएकी छारीले जन्मथलो र त्यहाँको प्रकृतिलाई स्मरण गर्दै न्याउली चरीलाई माइती सम्झँदा मुटु छिया-छिया भएर आउने हुदाँ नबोल्न आग्रह गरेकी छे । त्यस्तै चैत्र वैशाखमा लटरम्म पाक्ने काफललाई खाने मान्छे कोही नभएकाले नपाकि दिन अनुरोध गर्दै प्रकृति र मानव बिचको एकालापीय

अभिव्यक्ति प्रस्तुत गरिएको छ । पछिल्ला दुई हरफका गीतमा पनि अघिल्लामा झैं मार्मिक अभिव्यक्ति गरिएको छ ।

लेकमा बस्ने मैना चरीलाई सम्बोधन गर्दै आफ्नो दुःख देख्ने ऊ बाहेक कोही पनि नभएकाले मेरा दुःख र पिडामा दुःखी नहुन सम्झाइएको छ । त्यस्तै तेस्रो गीतमा कर्म घरमा अनेकौ प्रकारका कष्ट र यातन सहेकी छोरीलाई जब माइतीका सम्झनाले व्याकुल बनाउँछ तव उसले मनका कुराहरू व्यक्त गर्दै यदि उ चरी भई भैदिएको भए भुर्र उडेर दुःखका पिँजडालाई छोड्ने वा मुक्त हुन्थे भन्ने भाव प्रकट गरिएको  छ ।

त्यस्तै अन्तिमका दुई हरफमा विहानै ढिकी जाँतो गरि रहेकी हुनेछु, आफूलाई सम्झेर नबोलाई बरु खाना खाने समयमा खबर गर्नु म सम्झेर धुरु धुरु रुने छु भन्ने विचार देउडा गीत मार्फत पीडित नारीले व्यक्त गरेको पाइन्छ । यस्तै किसिमका करुणजन्य वेदनाले भरिएको अनेक गीतहरू देउडाका रूपमा यहाँ गाइन्छन् ।

## ५)   हास्य रस

हुम्ला जिल्लामा प्रचलित देउडा गीतहरूमा हास्य रस पनि समेटिएको हुन्छ । यस्ता हास्य रस भएका गीतहरूले श्रोतालाई पेट मिचीमिची हँसाउने काम गरेका हुन्छन् । यस्ता गीतहरूमा हाँस्य मात्रै नभएर व्यङ्य पनि मिसिएको हुन्छ । जस्तै :

क)   अद्द घोगा पसाइ गया अद्द घोगा लालु
     पोइ तुम्मा जागीर्‍या नाइ त कसरी हुन् ठालु

ख)   कोइमुसा खुर्सानी भुन्दा कोइमुसा जा भुन्दा
     यै घरका बुढाबुढी विराला वा भुन्दा

ग)   नेता कुरा भउती निका तारा टिपी लाउन्या
     विकासका कुरा गद्दा आफू हुदा व्याँउन्या

यी माथिका  गीतहरूमध्ये एकमा लोग्ने जागिरे नभइ कसरी ठालु भए, भन्ने प्रश्न गरिएको छ । यसरी नै अन्य गीतहरूमा मुसाहरू घरमा हैरान भएर विरालोलाई बा भन्ने गरिएको र विकासका कुरा गरेर नेताले गर्भवती झैं भ्रष्टाचार गरी भुँडी भरेको कुरालाई गीतमा हाँसो मिश्रित व्यङ्य भावमा प्रकट गरिएको छ । समाजमा देखा पर्ने विकृति र बिस·ापतलाई पर्दा फास गर्न यस्ता प्रकारका देउडा गीतहरू हुम्ला जिल्लामा गाउने गरिन्छ ।

६)    **भयानक रस**

हुम्ला जिल्लामा प्रचलित देउडा गीतमा केही डरलाग्दा कुराको अभिव्यक्ति पनि पाइन्छ । जसले श्रोताका मनमा डरको भाव उत्पन्त गराउँछ । जस्तै :

क)  उइ साउन कि काली रात उइ दर्कियो मेघ
लोच्या घाट मुच्चिइ आयो लोच्या कुन ठेक

ख)  माथि उदो भल बगि आइगो घरै बगाउन्या हो
बस्ती सबै पुछि लिन्या दैबु जगाउन्या हो

यस्ता देउडा गीतमा प्रकृतिको भयानक रूपको चित्रण गरिएको हुन्छ । उपर्युक्त गीतका हरफहरूमा साउनको झरीको काली रात्रीका भेल उलेर आउनु, घर बगाउन लाग्नु जस्ता प्रकृतिका स्वरूपको चित्रण भएको छ । लोच्या खोला उलेर आएको छ, र बाढी भलहरू बग्न थालेको हुँदा घर नै बगेर जाने भयानक किसिमको अभिव्यक्ति यस गीतमार्फत प्रकट गरिएको छ । यस गीतमा प्रकृतिको भयानक स्वरूपको कलात्मक किसिमले चित्रण गरिएको छ ।

हुम्ला जिल्लामा प्रचलित देउडा गीतमा यी रसका अतिरिक्त अन्य रस पनि केही गीतमा समेटिएको पाइन्छन् तर तिनमा रसको व्याप्ति तुलनात्मक रूपमा कम रहन्छ । यी रस लोकका मुखबाट असचेत रूपमा नै प्रकट भएको पाइन्छ । यस्ता देउडा गीत  सुमधुर र मर्मस्पर्शी हुन्छन् ।

## ४.२.२.२ अलङ्कारका आधारमा विश्लेषण

हुम्ला जिल्लामा प्रचलित कतिपय देउडा गीतहरूमा सोझो रूपमा गीतको अर्थ नखुलेर लक्ष्य अर्थमा गीतको अर्थ खुल्दछ ।यिनमा गायकहरूका मधूर कण्ठबाट अचेत रूपमा नै अलङ्कारको प्रयोग भएको हुन्छ । देउडा गीतहरू प्रायः अशिक्षित ग्रामीण नर नारी द्वारा मौखिक रूपमा सिर्जना गरेर गाइन्छन् । कतिपय सन्दर्भमा गायकले आफ्ना अनेकौ भावलाई व्यक्त गर्न स्वभाविक रूपमा आलङ्कारिक प्रयोग पनि गरेको पाइन्छ । सशक्त लयात्मक प्रवाहका वेगमा छान्दिक संरचना र अलङ्कार सौन्दर्यको भाव स्वतः समाहित भएको हुन्छ । देउडा गीतमा अशिक्षित नर नारीको सौन्दर्य चेतनाका कारण स्वाभाविक रूपमा सहज र सरल किसिमले विभिन्न शब्दालङ्कर र अर्थालङ्कारहरू स्वतः आएर प्रकट भएका हुन्छन् । जस्तै :

क)  सुनजसो टल्किदो छ मारुगरेको हिउँ त
ठौरमुन ठगान छैन सबै सुम्झि लिउँ त

यस गीतमा उपमेय र उपमानका बिच रूप गुण क्रिया आदिको समानता प्रस्तुत गरिने रूपमा अलङ्कारको प्रयोग भएको छ । यस गीतमा उपमेयका रूपमा मारुगोरको हिउँ र उपमानकारूपमा सुन आएका छन् । यहाँ उपमेय हिउँलाई उपमान सुनसँग दाँजिएको छ । यहाँ वाचकका रूपमा झै अर्थदिने जसो आएको छ । त्यसैले उपमा अलङ्कारको प्रयोग भएको छ ।

म माया कति प मान्दो साइ नुमान्या जाति
माना भरु तुला जोखु कै को माया कति ?

यहाँ अभिव्यक्तिलाई बढी प्रभावकारी बनाउन लोक प्रसिद्ध उक्तिलाई उछिनेर बढाइ चढाइका साथ कुनै विषयको वर्णमा गरिने अतिशयोक्ति अलङ्कारको प्रयोग भएको छ । मानवीय भावनामा कुनै प्रेमलाई न तौलन सकिन्छ न त माना पाथीमा भर्न नै सकिन्छ । तर यहाँ गीतको दोस्रो पङ्क्तिमा कसको माया कति छ भनी नापी हेर्ने भनाइ रहेको छ जुन स्वतः अतिशयोक्तिका रूपमा आएको छ । अनुप्रासको व्यापक प्रयोगले पनि लोक गीतलाई आलङ्कारिक तुलाइएको हुन्छ ।

## ४.२.३ मौलिकताका कोणबाट विश्लेषण

हुम्ला जिल्लामा प्रचलित देउडा गीतलाई मौलिकताका कोणबाट पनि विश्लेषण गर्न सकिन्छ । यस जिल्लामा गाइने  केही देउडा गीतहरू आफ्नै मौलिकपनमा आधारित छन् । यिनले स्थानीय चलन चाँजोलाई कसरी बुझाउँछन भन्ने कुराको माथि गरिएको विवेचनामा पनि मौलिकताबारे यथेष्ट प्रकाश पारि सकेको छ । मौलिकता स्थान र भाषाका कोणबाट पनि हेर्न सकिन्छ । यी आधारमा हुम्ली देउडा गीतलाई निम्न अनुसार विश्लेषण गरिएको छ ।

### ४.२.३.१ स्थानीय भूगोलका आधारमा विश्लेषण

मानिसले आफ्ना मनका सुख दुःखलाई अभिव्यक्त गर्नु पर्दा विभिन्न स्रोत र सधानलाई विम्व वा प्रतीकका रूपमा प्रयोग गर्ने गर्छ । हुम्ला जिल्लामा गाइने देउडा गीतहरू गाउँदा यहाँका स्थानीय लोक गायकहरूले यस जिल्लाका विभिन्न सुन्दर ठाउँहरूलाई आफ्ना गीतमा समेट्ने गरेको पाइन्छ जसले गर्दा यस जिल्लामा गाइएका गीतहरूमा आफ्नो स्थान विशेषको मौलिकपन पाउन सकिन्छ । जस्तै :

रोडिकोट बिफ्यारो खोलो दुल्ली केरो केरो
पिपलाङ दै धोकिदो पारी दार्म जिउला सेरो

उबो लिमी उदो रिमी माझउदो सिङकोट
एकै हुँ हुम्लीका छोरा नुलाउ कै की चोट

गल्फा गाँड माछा खाया हिल्साको नून पाया

रलिङ्ग गुम्बा मु आइ जाउला बाँजले गुन लाया

लाली अउल बाटो काट्या जान्या हौ क्या गोठी
जैर गाउँदो घट्ट नाइ र मुनभयो खोटी

हिल्दुम खोला पानी बग्दा विजुली बल्यो कि
खोल्सी गाउँदो स्याल कराउन्दा, रुख पुन ढल्यो कि ?

यी माथिका सबै देउडा गीतहरूले हुम्ला जिल्ला भित्र भएका स्थान विशेषको परिचय र त्यस भेगमा भएको अवस्थालाई चिनाउने गरेका छन् । पहिलो गीतका दुई पङ्क्तिमा रोडीकोटमा उल्टो खोलो छ दुल्ली गाउँको बोटो घुमाउरो छ पिपलाङ्गबाट दार्म हेर्दा त्यँहाको सुन्दर धान खेती गरेको जिउलो देख्न सकिन्छ भन्ने वर्णन गरेका छन् । दोस्रो गीतमा हुम्ला जिल्लाका छेउ छाउका गाउँ लिमी र रिमी हुन् बिचमा सदर मुकाम सिमकोट पर्छ भन्दै यहाँ सबै मिलिरे बस्नु पर्छ किनकि हामीहरू एकै हुम्लीका छोरा हौ भन्ने भाव पनि प्रकट भएको छ । तेस्रो गीतमा गल्फा गाड खोलामा प्रशस्त माछा पाइने र तिब्वतको सिमानामा पर्ने हिल्साबाट ल्याएको नुन हालेर पकाउँदा माछा मासु मिठो हुने बयान गरिएको छ । रलिङ्ग गुम्बाको मेलामा आउने कुरा गरेर पनि स्थानीय विशेषता झल्काइएको छ ।

चौथो गीतमा लाली गाउँको तल्लो बाटो खनिदा गोठी गाउँ जान सजिलो हुन्छ होला तर जैर गाउँमा घट्ट नै नभएको र त्यहाँका मानिसको भाग्य नै खोटी भएको कुरा प्रकट गरिएको छ । पाँचौं गीतमा हुम्ला जिल्लाको सदर मुकाम सिमकोटलाई उज्यालो गर्ने हिल्दुम खोलाको वर्णन गर्दै त्यहाँबाट उत्पन्न हुने बिजुलीको चर्चा छ । रुख ढल्दा खोल्सी गाउँ स्याल झै थर्कमान भएको वर्णन अन्तिम गीतले गरेको छ । यसरी हुम्लाका विभिन्न स्थानको परिचय दिने खालका आफ्नै मौलिकतामा आधारित हुम्ली देउडा गीतहरू उल्लेख्य मात्रामा प्रचलित छन् ।

## ४.२.३.२ स्थानीय भाषाका आधारमा विश्लेषण

हुम्ला जिल्लामा प्रचलित देउडा गीतको मौलिकतालाई भाषाका आधारमा पनि हेर्न सकिन्छ । हरेक समाजमा भाषाले मौलिकपन जाहेर गर्छ । मानिसहरूले आफ्ना जीवनमा तिता मिठा अनुभव अनुभूति आफ्ना भाषाका गीत मार्फत व्यक्त गरेको पाइन्छ । यस जिल्लामा पनि आफ्नै प्रकारको भाषा छ । त्यसलाई केन्द्रीय नेपालीको एक भेद मानिएको छ । यहाँका देउडा गीतमा स्थानीय भाषाको मौलिकताको अवस्था कस्तो छ भनी तलका गीतहरूमा हेर्न सकिन्छ:

डिल ढुङ्गी भिटा ढुङ्गी दुई ढुङ्गी कटाउला
ह्वादी खानु मु पाउन्या नाइ अगान्जी ढ्याउला

सुन्तै जिउलो रोपी गयो पानी यई नपुग्या

मान्याको धुरम हाम्मो सोच्यार नपुग्न्या

सालीले सिराउला कुटी भिनाजु वा बुर्की
मुइ भुन्या अखुन्ड्याइ गर्दी अरू भुन्या तुड्की

बान गोठाला तेरी भुइसी मु देख्या तर्सन्छै
जाँ जान्छ अब्जसी कर्म त्याइँ छारो र्बसन्छै

चल कुल्ली रानीका भाग काम खुल्या भुवानी
दुद नुदिन्या दै नुदिन्या तु क्याकी गुवाली

भित्त घर गया पुन जान्या एकै धेलो
छाकलै उठनु पड्डो घाँस काट्नु छ मेलो

यी माथिका हुम्ली भाषासँग सम्वन्धित देउडा गीतमा आफ्नै मौलिक शब्दहरू प्रयोग, भएका छन् । पहिलो पङ्क्तिको गीतमा डिल 'छेउ', ढु'ी 'ढु·df', कटाउला 'पारगरौंला', हवादी 'मिठो', पाउन्या 'पाउने', अगान्जी 'भेटभरि' र ढ्याउला 'खाउँला' शब्दहरूले हुम्ली भाषाको अर्थ विशेषता प्रदर्शन गरेका छन् । एउटा दुङ्गालाई वारि पारि जता पनि कटाउन सक्ने भन्दै मिठो नपाए पनि रोटी दिएर पेटभरि खुवाउला भन्ने अर्थ पहिलो गीतले दिएको छ ।

दोस्रो पङ्क्तिको गीतमा सुन्नै 'सबै', नपुग्या 'नपुग्ने' मान्याको 'मानेको', धरुम 'धर्म' नाइ 'छैन', हाम्मो 'हाम्रो' सोच्यार 'सोचेर' जस्ता स्थानीय विशेषता भएका शब्द छन् । यस देउडा गीतले सबै खेत जिउलाका रोपेर सकियो तर पानी पुगेको छैन धर्म कर्म मानेकै हो सोचेर मात्र के गर्ने केहिल्यै पुग्दैन भन्ने अर्थ दिएको छ । तेस्रो देउडा गीतमा भुइ 'जमिन' भुन्या 'भनेर' अखुन्ड्याइ 'अप्ठारो', गर्दी 'गर्नी' र तुड्की 'खुरुक्कै' जस्ता शब्द छन् । यस गीतमा सालीले सिराउली 'सिरौला' कुटेको प्रसङ्ग छ । 'सिरौला' भनेको भिजाएको धान कुटेर तयार पारिएको चामल हो । चौथो गीतमा बान 'बाँध' भुइसी 'भैंसी', देख्या 'देख्नु' अब्जसी 'खोटी कर्म' त्याई 'त्यही' र छारो 'फोहोर' भन्ने शब्द प्रयुक्त छन् । यस गीतमा भैंसी वाँध्न खोज्दा तर्सन्छ र जता गए पनि अभागी कर्मले दुःख कष्ट मात्रै पाउँछ भन्ने भाव प्रकट भएको छ ।

दुद 'दुध', दइ 'दही', धेलो 'ढोका', छाकलै 'विहानै' र पड्डो 'पर्ने' आदि हुम्ली भाषाका शब्दमा निर्मित अन्तिम चार पङ्क्तिका गीतहरूले जति सुकै दुःख गरे पनि भाग्य छैन भने सुख पाइदैन भने अर्थ प्रस्तुत गरेका छन् । गाईको गोठाली भएर पनि आफूलाई दुध र दही नदिएको हुँदा माया नगरिने भए परिचय भएर मात्र के गर्नु भन्ने भाव प्रकट गरिएको छ । यसरी हुम्ला जिल्लाका देउडा गीतहरूमा प्रशस्त मात्रामा स्थानीय शब्दहरू प्रयोग गरिन्छ । यी शब्दले स्थानीय प्रचलन र संस्कृतिको पनि द्योतन गर्दछन् ।

# पाँचौ परिच्छेद

# उपसंहार

## ५.१ सारांश

नेपालका विभिन्न क्षेत्रमा गाइने लोकगीतहरू जस्तै हुम्ला जिल्ला पनि परम्परादेखि नै प्रचलित हुँदैआएका विभिन्न गीतहरू मध्ये ग्रामीण समुदायमा देउडा गीतको छुट्टै किसिमको स्थान र महत्व रहेको छ । व्यक्तिका व्यक्तिगत अनुभूतिका साथै समाजमा परम्परादेखि चल्दै आएको परम्परागत प्रचलन, संस्कार र विकृति विसङ्गतिको अभिव्यक्त यिनमा पाइन्छ । विभिन्न चार्डपर्व र मेलामा होस् या अन्य परिवेशमा होस् लोक गीत गायकहरू आफ्ना मनका अनुभूति र समाजका राम्रा नराम्रा पक्षलाई आफ्नो मधुर लयमा मिसाएर व्यक्त गर्ने गर्दछन् । यसरी एकातर्फ देउडा गीत मनोरञ्जनको साधन बनेका छन् भने अर्कोतिर परम्परामा आधारितहुँदै र एक पुस्ताबाट अर्का पुस्तामा हस्तान्तरण हुँदै जीवन्त रहने विशेषताले युक्त छन् । नेपालका कतिपय अरू भेग जस्तै हुम्ला जिल्लामा पनि देउडा गीत विभिन्न स्थानीय संस्कृतिरूपमा मानिँदै आएका छन् । श्रुति परम्परा र गायन गरिँदै आएका देउडा गीतले हाल सञ्चारका माध्यमद्धारा राष्ट्रिय स्तरसम्ममा पनि आफ्नो प्रभाव फिँजाउन थालेका छन् ।

यहाँ प्रचलित देउडा गीतले पुस्तौँपुस्तादेखि नै समाजमा प्रत्येक मानिसको मनलाई जित्दै आएका छन् । त्यसैले समाजमा यिनका स्थान उच्च रहँदै आएको पाइन्छ । यी गीतहरूमा समाजले मान्दै आएका रीति रिवाज, चाल चलन वेश भूषा र संस्कृतिलाई सुरक्षित रहनुका साथै पुर्खाको इतिहास प्रकृतिक र सामाजिक वातावरणलाई पनि छर्लङग्याइएको छ । यी गीतमा मानब जीवनका अनेक वेदना र उमङ्गका भावलाई गीत मार्फत व्यक्त गरेरे मान्छेको मनलाई सन्तुष्टि दिने काम पनि ग्रामीण जनसमुदायमा हुँदै आएको छ । हुम्लामा प्रचलित यिनै देउडा गीतका बारेमा प्रस्तुत शोधपत्रका विभिन्न परिच्छेदमा निम्न अनुसार वर्णन र विश्लेषण गरिएको छ ।

## ५.२ प्राप्ति

**'हुम्ला जिल्लामा प्रचलित देउडा गीतको अध्ययन'** शीर्षकको प्रस्तुत शोधपत्रले देउडा गीतको परिचय दिदै यसका विभिन्न विशेषताहरूलाई प्रकाशमा ल्याउनु एक महŒवपूर्ण प्राप्ति हो । नेपालका विभिन्न क्षेत्रका भाषाभाषी र जातजातिका बस्तीहरूमा गाइने विभिन्न लोकगीत झैँ लोक साहित्यका अनेकौ हाँगा-बिंगाहरूले ‰याँगिएको मध्य पशिचमाञ्चल क्षेत्र अन्तर्गत पर्ने हुम्ला जिल्लामा परम्परादेखि प्रचलित हुँदै आएका विभिन्न प्रकारका लोकगीतहरूमा देउडा

गीतहरूको छुट्टै स्थान र महत्व छ । पुर्खाहरूद्धारा आफ्ना मनमा अनेक तितामीठा अनुभूति र अभिव्यक्तिका साथै समाजमा देखिने राम्रानराम्रा पक्षहरूको अङ्कन गरेर चाडपर्व, मेलापात, वनजङ्गलमा गाइँदै आएका देउडा गीतहरू एकपछि अर्को पुस्ताका मधूर कण्ठबाट दाउरा घाँस, गर्दा होस् वा उत्सव समारोह मनाउँदा होस् गुन्जिँदै आएका छन् । पुस्तौँपुस्तादेखि व्यक्तिगत मानवीय जीवनका साथै समाजिक जन जीवनका उमङ्ग, वेदना विभिन्न अवस्था, समाजले मान्यता दिएका रीती रिवाज र चाल चलनका साथै युगीन चेतना र प्राकृतिक वातावरणलाई समेत समेटेर गाइँदै र खेलिँदै आएका देउडा गीतहरूलाई आज पनि समाजले निकै ठुलो मान्यता दिएको छ ।

त्यहाँ आफ्ना सम्पूर्ण अनुभूति र अभिव्यक्ति पोख्ने र रमाउने प्रमुख माध्यमा यही देउडा गीत बनेको छ । आज समाजले मान्दै आएका चाँडपर्व चलाउँदै आएका संस्कारहरू जस्तैः पौषपन्ध्रको रात्री, उतरायणको दिन, व्रतबन्ध वा देवी देवताको पूजा या यस्तै अन्य अवसर देउडा गीतमा वर्णित छ । जहाँ र जहिले पनि समाजका बाल बालिकादेखि युवायुवती र बुढापाकासम्म एक आपसमा मिलेर देउडा खेल्दै र गीतमा रमाउदै मनोरञ्जन गर्ने गर्दछन् । उनीहरू आ-आफ्ना जीवन यापनका क्रममा देखा परेका सुखदुःख, आँसुहाँसो, प्रेमप्रणय, मिलन विछोडसँग सम्बन्धित भाव र वातावरणमा अनुभूतिलाई पोख्ने प्रमुख माध्यमका रूपमा देउडा गीतको प्रयोग गर्छन् । मानिसहरूले यी गीत आँगन, चौर, चौतारी, चाडपर्व मनाइने स्थल,वन जङ्गल, खेतबारी र खोलानाला जस्ता कर्मस्थलमा मात्र होइन घरका झ्यालमा वसेर एक्लै पनि गुनगुनाइ रहेका हुन्छन् । बाल बालिकाहरूले पनि गाईगोरु चराँउदा वा विभिन्न अवसरहरूमा गरिने नाचगान आदि सांस्कृतिक क्रियाकलाप र प्रतियोगितामा देउडा गीत गाउँदै रमाएका हुन्छन । एक अर्कालाई मन पराउने प्रेमी प्रेमिकाहरू यिनै गीतका माध्यमबाट परस्पर भाव र प्रभाव साटासाट गर्दछन् ।

देउडा गीतहरू आज केवल ग्रामीण अशिक्षित नरनरीका कण्ठ र गाउँघरमा मात्र सिमीत, छैनन । ती जिल्लामा मनाइने राष्ट्रिय चार्ड पर्व र उत्सव समारोहमा पनि गाइन्छन् । यस क्रममा विभिन्न सङ्घसंस्था वा सरकारी पक्षबाट लोकगायकलाई बोलाएर प्रतियोगिताका रूपमा देउडा गीत गाउन र देउडा खेल खेल्न लगाउने गरिन्छ । साथै रेडियो नेपाल, क्षेत्रीय प्रसारण केन्द्र, स्थानीय एफ.एम. आदि सञ्चारका माध्यममा पनि देउडा गीतले स्थान पाएका हुन्छन् ।

यस शोधपत्रले देउडा गीतका प्रकार धमारी, भुवो हुड्क्या, देउडा, बाल गीत, कर्मगीत हुने र विषय वस्तुका रूपमा सामाजिक, धार्मिक, सांस्कृतिक, आर्थिक, प्रकृतिक, राजनैतिक, काव्यात्मक र मौलिक विषयहरू रहने कुरा उदाहरण सहित प्रस्तुत गरेको छ । स्थानीय जन

जीवनका भावना र समस्याका विभिन्न पक्ष यसमा अङ्कित छन् । त्यहाँको कष्टकर जीवन, आर्थिक कठिनाइ, परदेशका पीडा, नारीका व्यथा आदि बारे यसले विवेचना गरेको छ । त्यहाँका गीतमा प्रयाप्त काब्यिक विशेषता रहेको र श्रृङ्गार, वीर, शान्त, करुण, हास्य र भयानक रसको यथेष्ट प्रयोग भएको कुरा अध्ययनले देखाएको छ । स्थानीय भुगोल र भाषाको प्रयोगमा मौलिक विशेषता झल्किने कुरा पनि यसमा विवोचित छ ।

यसरी पुस्तौपुस्तादेखि नै समाजका बालकदेखि वृद्धसम्मको अन्तः हृदयलाई जितेर समाजमा आफ्नो स्थानलाई उच्च राख्दै आएका देउडा गीतहरू निकै महत्वपूर्ण छन् भन्ने कुरा प्रस्तुत अध्ययनले सिद्ध गरेको छ । यी गीतहरूले एकातिर समाजले मान्दै आएका रीतीरिवाज, चालचलन, वेशभूषा जस्ता संस्कार र संस्कृतिलाई सुरक्षित राख्नुका साथै पुर्खाका इतिहास प्राकृतिक र समाजिक वातावरण आदिलाई वर्तमान अवस्थासँग गाँसेर अभिव्यक्ति दिने काम गरेका छन् भने अर्कोतिर, सामाजिक जीवनका अनेक अवस्थाको प्रतिविम्ब उतारेका हुन्छन् । ग्रामीण जन जीवनका विवशता र बाध्यताका साथै व्यक्तिगत जीवनका अनेकौ वेदना र उमङ्गका भावहरूलाई समेटेर प्रस्तुत गर्ने काम पनि यिनले गरेका छन् । त्यसैले हुम्ली जन जीवनका अनेक पक्षलाई नियाल्न प्रस्तुत अध्ययनले योगदान गर्न सक्तछ ।

## ५.३ भावी अध्ययनका लागि शीर्षक

भविष्यमा प्रस्तुत अध्ययनबाट हुम्ला जिल्लामा प्रचलित देउडा गीतबारे निम्न लेखित शीर्षकमा अध्ययन गर्न सकिने सम्भावना देखा परेको छः

(क) हुम्ली देउडामा सामाजिकताको अध्ययन

(ख) हुम्ली देउडा गीत र नेपाली लोकगीतका विभिन्न भेदको तुलनात्मक अध्ययन

(ग) हुम्ली लोकगीतमा प्रयुक्त भाषाको अध्ययन

## परिशिष्ट क

प्रस्तुत परिशिष्टांशमा शोधपत्रमा रहेका गीतहरूमा भएका हुम्ली भाषिकाका केही शब्दहरूको वर्णानुक्रम अनुसार मानक नेपालीमा अर्थ दिइएको छ ।

| | शब्द | अर्थ |
|---|---|---|
| | अक्को | अर्को |
| | अइले | अहिले |
| | आङ | जिउ, शरीर |
| | उम्खरा | कसौँडी, लोटा |
| | उइका | उसका |
| | ओडो | नजिक |
| | ओखल | धान कुट्ने साधन(ढिकी), खल |
| (क) | कसैकि | कसैलाइ |
| | केइ | केही |
| | कैसङ | कोसँग |
| | कति प | कति पो |
| | कैको | कसको |
| | कुइडो | कुहिरो |
| | कुन्ड | भारी बोक्दा भारीका मुनितिर लगाइने ओट |
| | कैन | कसलाई |
| | कइका | कसका |
| | केला | केरा |
| | काटन्ना | काट्लान् |
| | कैकि | कसलाई |

| | शब्द | अर्थ |
|---|---|---|
| | क्याले | कसले |
| 'ख' | खान्न | खालान् |
| | खोटी | खोटो, काम नलाग्ने |
| | ख्वायो | खुवायो |
| | खादाकि | खानालाई |
| 'ग' | गुयला | लेकमा पाइने एउटा फल विशेष |
| | गरु | भारी, ओजनदार |
| | गौं | गहुँ |
| | गुराउँसी | लेकमा फुल्ने लाली गुराँस |
| | गुनी | मुख कालो भएको एक किसिमको जनावर, ढेडु |
| | गया | गए |
| 'घ' | घाणो | गोरुको घाँटीमा झुन्ड्याइने घण्टी |
| | घुट्को | घुड्को |
| 'च' | चडी | चरी |
| | चुक | अमिलो |
| | चौड | चौर |
| | चिफिल्लो | चिप्लो |
| 'ज' | जदेउ | जदौ |
| 'झ' | झुरी | कारुणयुक्त स्वरमा बाल्नु अथवा कराउनु |

| | शब्द | अर्थ |
|---|---|---|
| | झड्डो | झर्नु |
| | ‰याउ | रुखमा उम्रेको एक प्रकारको घाँस |
| 'ट' | टाला | लुगा,कपडा |
| 'ठ' | ठेक | फेद, मुनि |
| | ठौर | ठाउँ |
| 'त' | ताकुँ | हेरूँ |
| 'थ' | थाली | थाल |
| | थान | स्थान/देवी देवताको स्थापना भएको ठाँउ |
| | था | थाहा |
| 'द' | दुन्तपाटी | दाँतका लहर |
| | दुखारी | दुखी |
| | देउ | देवता |
| 'ध' | धर्ति | पृथ्वी |
| | धेक्किनु | देखा पर्नु/देखिनु |
| | धितमद्दा | घीत मर्नु |
| | धेक्तोछु | देख्छु |
| | धुन्छु | सफा गर्छु |
| 'न' | निका | राम्रा |
| | नानु | सानो |
| | न्याउलो | एक चराको नाम |
| | निच्चो | होचो |
| | नुङ | नङ्ग |
| | निको | राम्रो |
| | नौलो | नयाँ |
| | निउतो | निम्तो |
| 'प' | परानी | प्राण |
| | पड्नु | पर्नु |
| | पडल्लाई | पर्लास् |
| | पोते | माला, हार |
| | पैल्ली | पहिले |
| | पछ्यार | पछाडि |

| | | |
|---|---|---|
| | पाल्या | पाइ हाले |
| | पिरती | प्रेम, माया |
| | पुत्याली | सन्तान भएकी महिला |
| | पड्डा | पर्छन् |
| ‘फ’ | फुल | प्रेमीले प्रेमिकालाई सम्बोधन गर्ने शब्द, फुल |
| | फारु | फारो |
| ‘ब’ | ब्यानतारो | मध्यरातमा देखिने तारा |
| | ब्याउन्न | ब्याउँछन् |
| | बास्नु | बोल्नु, कराउनु |
| | बैरागी | बिरक्त लागेको मानिस |
| | बयली | हुरी, बतास |
| | बल्द | गोरु |
| | बजाया | बजाए |
| | बिगाडे | बिगारे |
| | बेच्या | बेचे |
| | बाँज | लेकमा पाइने एक प्रकारको रुख |
| ‘भ’ | भुन्दा | भन्दा |
| | भउती | निकै, धेरै |
| ‘म’ | माच्चिनु | उर्लेर आउनु |
| | मैना | प्रेमीले प्रेमिकालाई सम्बोधन गर्ने शब्द, चराको नाम |
| | मुनमा | मनमा |
| ‘र’ | रहडी | रहर मान्ने |
| | रइगइ | रह्यो |
| | रइग्या | रहि हाले |
| | रनबन | बनैभरि |
| ‘ल’ | लैग्यो | लगि हाल्यो |
| | लोटेका | लडेका |
| | लोट्टा | लड्नु |
| | लत्ता | लुगा, कपडा |
| ‘स’ | साइ | प्रेमिकाले आफ्नो प्रेमीलाई सम्बोधन गर्ने शब्द |
| | सउँर्याइ | सम्झना |

## परिशिष्ट ख

**प्राकृतिक देउडा गीत**

सालुमालु पलाइ गयो साल किन ढिलायो
कुइरी जुन लाग्न्या माया हिउँ जुन विलायो

क्या राम्रो चैतको म्विना वुराउँसी फुल्याको
मौरी पुन मह खानलाई रनबनै डुल्याको

ढकमक्क फुल फुल्याका तेइ पोरी बुनाउदो
तु सम्भया सम्भाइ लाग्दो यइ पापी मुनाउदो
वारी लाली पारी थाली माभ करनाली
हिउँद हिउँ नाइ वर्षा मेघ नाइ पाकला क्या बाली

दार्म जिउला तल हबर धान कोद्या वोयाको
सउरडी लाग्याको लाग्यै कोलीमा रोयाको

**अर्थ सम्बन्धी देउडा गीत**

खाउ भुल्या त मानु छैन बसु भुन्या घर
भाग्यले त यसै दियो कैका पड्नु भर

छोरा राम्रा गरिबका घर राम्रा सेटका
दाइ सुखारी मु दुःखारी हुँ एकै पेटका

दिन भरी काम गरी बाहा खानु रोटी
सुत्ता लिन क्या गर्नुछ मेरै भाग्य खोटी

निकै खानु निकै लाउनु पुइसा भया पास
भारी बोक्ने कर्म मेरो कइको मान्नु आस

हात खुट्टा फाटी गया एक छाक्की भातलाई
काम नुगरी सुक पाइन्या नाई परानी सासलाई

पारीको बिस भारी खेत खाइ दियो ढालुले
अर्काको बाउरमा लागि पाल्या छुन बाबुले

**सामाजिक रीतिरिवाज सम्बन्धी देउडा गीत**

क्या विगाडय कुल देउता हेर मेरी तिर
गोठ छैन धुन्या भुइसी काख छैन छोरा

दिनका दिन कलीजुग लाग्दो जात कसरी थाउ
हलोजोत दलित छोरा क्या हो तेरो कामु

यइ जुनी गरिमा कर्म उइजुनी पाइएला
को धर्मी हो हो को पापी हो स्वर्गमै था होला

विरामी भ्या अस्पताल जाउ अदालत मुद्धा
जिन्दगी अकालै जाला देवी देउता कुद्‌दा

नफुल्नु हजारी फुल पैरने भाइ छैन
माइत जानु माला लाउन्या भाग्यले पाइएन

तरबारको धारमा हिड्‌नु बामुनको जात
ख्वाइ लाग्या के कैन भन्नु पाउन्या छैन भात

**रूढि अन्धविश्वास**

काली करर्नाली या माछा खोलाउँदा भल खानु
मान्ठकुन क्या दोष लाउनु कर्मको फल खानु

आफु बाइगै छोरी लैगइ काली गाउँ काटि गै
एक नेल दैवुले हाल्यो दोस्रो तेले हालि गै

घरमाथि काग बास्यो कोइ पाउना आउन्न क्या
बाजले नुहेऱ्या पुन भाविनी रवाउन्न

काग बस्यो काउलीका रुख काल्या बस्यो खोला
भावीले हालिया होरो छुट्‌याउने को होला

क्या विगाडयाँ बाबु देउता हाली दिया होरा
गोठ छैन धुन्या भुइसी कोल छैन छोरो

बाबु छन् थानका धामी आमा हुन पुजारी
कालल लिया कर्म नुइ भया दुःखारी

हात खुट्टा लागिग्या भाउव छोरीले क्या गरु
किरिया गऱ्या छोरा नाइ त छोरीले क्या गरु

**सौन्दर्य र वेशभूषा**

हात लाइन्या हातका बाला खुट्टा लाइन्या कल्ली
मुकन राउणो मान्या बल्ली होइकी पल्ली

सुनारले सुन कुमायो दिनको एक रती
तुला जोख्या पाथा भरया दैको रूप कति ?

उदो लाया माल्ख्या गाबुन उभो लाया चोली

हेऱ्या त बिग लाग्या जसी रूप रानी होली

उदो लाउन्या जिगलो छ उभो लाउन्या टोपी
भित्ती मुन कह प छ कि मुखै रूपस्या होकी

शिर लाउन्या शिरकै टोपी खुट्टा लाउन्या पउला
लाइ खाइ त देखिका राउडा देखिदा छौ मउला

पहाड चलऱ्या मोटर गाडी मुधेस चल्न्या रेल
डाँडामै अस्ताए जसो, मुन परिया बेल

दुमाई दाईले बनाइ हाल्या छिट्का खेल्न्या ढाल
छयाम-छयामी बजाउनी छौ त कुम्पनीका माल

भात खाइल्य जिगलो लाइल्य सर्को गड्याउँदो छु
हेऱ्या त कोरेली जसी आँखा अड्याउदो छ

बुम्बै रुन्को टेलिफुनको पहाड गाउन्याको
रूपस्या मुहार उज्यालै छ शिरवुन्दी लाउन्याको

**जातीय विभेद**

खेल्दा छौ देउडा गीत रातभरीको डिउटी
छोया पानी चल्न्या छैन कौ लैजाला निउती

बारै मुइना फुल फुल्दा छुन त्यइ फुलका बाडी
एकै थाल भातु खाउला नुजाउ मलाई छाडी

अउल फुल्न्या बुराउसी अ लेख फुल्या बुकी
क्या भुनी पिरती लाइछी क्या भुनेर थुकी ?

बाग आयो बाग आयो भुन्दा खाला भुनी लुक्या
घरका बाआमा बोल्दा त्यइ भुनेर थुक्या

तरबारका धारमा हिड्नु बामुनको जात
भोक लाग्या क्या गरी भन्नु खान्नु नाइ त भात

दिन दिनै कलिजुग लाग्यो, जात कसरी चामु
हलो जोत क्षेत्रीका छोरा क्या हो तेरो कामु

खोली-खोली खोल्याइ लाइदो खोलीको मुस्याइलो
रानी चडो उडी बाइगो बजारै निस्यालो

**रीतिथिती**

लेक गोरु भोका मद्दा अउल मेला बन्द
घाँस काट्न्या दाउरा काट्न्या कैलै फुक्न्या भुन्प

पल्ला गाउदै लाडु ल्यायो भ्या गन्याको निउतो
सुल्या खाया ठेक बलियो सल्याडीको सिउतो

सुङ्क बाज्यो पारी गाउदो को मान्ठ मर्‍यो हो
वारी गाउँदो खेल खेल्दा छुन क्या जुनी पडेयो हो

एकै राजा एकै देव मर्नु एकै च्यान
अक्काले मागीमा दै ले वसी रुनु ध्यान

जोइ ल्याइ कुन छोरो भैगो कोस्याली ख्वाउनै छ
साला, साली, सासू सउर ती पुनी ख्वानै छ

**थिचोमिचो र शोषण**

दिनभरी काम गरी बेल्का दिदा रोटी
भएको घर जग्गा पुनी, लियो साहुले लुटी

कुमाउनलाई जग्गा छैन किन्नलाई धुन छैन
खाउ भुन्या खानु नै छैन बस्ने नि मुन छैन

जिन्दगी कामाउँदो वित्यो ज्यानमा खुन छैन्
छोरा छोरी क्याले पाल्नु घरमा नून छैन्

एक खेत छियो मुखियालाई उदारो तिन्नाले
बालबच्चा कसरी पाल्नु बुनका सिन्नाले

धान बिग्रया पलाटो हुदो,मान्ठ विग्र्या नेता
मनु कालो साउकै हुदो, लुगा मात्रै सेता

गाउँ खाया देश पुन खाया यी दुःख काँ हालु
काँ जादा हुन क्या गद्दा हुन तुम्मा गाउँका ठालु

राम बादुर कइको छोरो बाइगयो शिकार
साहुले ठगिया गाउँमा जन्मनु बेकार

**नारी समस्या**

भाउजुले लायाको माला सुनकै तिलहरी
लाग्निन माइतीको ग्वाली ज्यानकै विलहरी

वारी दै धेकिदो पारी लाली झिलिमिली
खाउ त मारस्या खाजा नुखाउ सिलियिली

झ्याल भाइर झुल हाल्याको नुछाप्या आटीका
मु रुदै मेरो मुन रुदै कोल मेरो फाटिगो

आइत यसो क्यान भयो बौराली छुइ हुन कि
दाइ सुरवारी मुइ दुःखारी भाविनी दुई छुन कि

पानी जुम्यो बादलबाट घिउ जुम्यो दईबाट
घरको घर धुन्दा गर्नु मुइले भर छैन कइबाट

बाग जसा बडाजु मेरा भालु कुट्न्या पोइ छ
सर्प जसा देवर मेरा भुटिन्या कोइ छ

सुकि गो लालीको जिउलोको कुलो कुल्याउला
पोइला देश भोक लाग्या को माइत बोलाउला

## धार्मिक र सांस्कृतिक दृष्टिकोणबाट विश्लेषण

### धर्म

कमलदानी निगालाको छापदानी कर्मको
पुजा पाठ गर्नु पड्न्या आ-आफ्ना धर्मको

दिन काटी न बाटो काट्या पुगिगया बिन्दु
बाउ बाज्याले गरिल्या मान्नु पड्न्या हिन्दू

कै का भर को बसला कुनले गऱ्यो निउतो
घर ठूलै धर्म ठूलै बाल्नु हो क्या सिउतो

चोरी कुल्यै गर्नु होइन काम गरिखानु हो
दैवले बोलाया दिन धर्मले जानु हो

मान राख्न्या मर्यादा राख्या धर्म ठूलो हाम्रो
हिन्दू धर्म गाईमाता हुन बान्या हुन की दाम्लो

कै कुन गरिब भन्नु कै कुन साउ भन्नु
पापीलाई गरिब भन्नु धर्मीलाई साउ भन्नु

### देवी देवता

क्या बिगाडय कुल देउता, गद्दा मेरा कुरा
गोठ छैन धुन्या भुइसी घर छैन छोरा

हात खुट्टा लागन्न भाउव छोरीले क्या गरु
किरिया गन्या छोरो छैन मु कसरी मरु

जीवनका कल्पुना मेरा सपना देखिन्छन्
अद् जीवन यसै भयो पछि क्या लेखिन्छन्

भात खान्या कासका थाल पानी खान्या टङ्का
दशा लाग्या कैन भन्नु, भावी पडिन लङ्का

रामले चिनिया धारा पानमे खाइजा, सीता
मुन भुन्दो धर्मी होइजा कर्म भुन्दा बिदा

बारै आया बर्याला कोटी दुई आया दोजामी
घर छोरा मर्न लाग्यो बचाउन्या कोइ छकी

चौध वर्ष बनबास बस्या राम लक्ष्मण सीता
विहानै बन्तु छ भुन्या पढ्नु पर्छ गीता

भोक छैन भुलिया दिन दिउसै गोरु वान
सबै माथि माया राख्याइ दैव भगुवान

प्युसका गाउँका भुवानीय लामा लेख मालिका
रक्षा गार्याइ बावु मैठा पाउनु भयाइ कालिका

**पूजा पाठ**

काठमाडु कारखानी अड्डो ताल पडिया रारा
दुवो र दै चावल गरी पूजा गरु सारा

शिरमा लाया शिरकै टोपी पाउमा लाया जुत्ता
कुड्या र कलश गरी तुइ नारुन पूजा

हात लाउन्या हात्या घडी काध बोक्या रिडी
ढोल बजाई दुमअ बजाइ पुजा गर्दा फिरि

पुनिका उजेली रात तारा मधुरै छन्
जत्ति पूजा गऱ्या पुन धोका अधुरे छन्

हटेरुको गल्ला गल्ली, कता लाग्या भात
दुध चागल चढाउदा हामी देव जुन्म जात

हिड्दै गान्या करनाली घुम्दै रुन्या सेती
बाँच्या कैलाश पूजा गल्ला नातारात यत्ति

**जन्ममृत्यु**

को हाल्दो हो कर्मरेखा को जुन्म दिँदो हो
खुसी उप्किया दिन भाउ किन रुदो हो ?

भावीले हाल्या होरो जुन्म दिन्या आमा
बाबुले जुन्माया छोरो खुसी भया माया

देऊ न मुसी देऊ न कलम मु चिठी लेख्दो छु
पाँच छोरी पाएकी भाउजु आइ खुसी धेक्खोछु

सुनारले दोकान लायो लोवारका आरन
छोरो पाउन्या भत्यार ख्वाउन्या धर्मका कारन

काली गङ्गा कालो माछो । वालुवा बुकाउला
जुन्म्या पछि मर्नै पर्छ मर्नै पर्छ मुन पनि बुझाउँला

दाजु वउ मेरा दाजु आइ देखि छाडिगयौ ।
दाजु बउ मेरा दाजु आइदेखि देव जड्यौ

वो दाजु एक चोटी बोली जाउ पुन
दाजु बउ एक चोटी रूपस्या मुहार देखाउजाउ पुन

घर छाडी घरवार छाडी काँ तिर गया हुन्
हाड मासु जल्या त पुन काँ जुनी पाया हुन्

**लामा जाति**

भोट्याले स्यानीमा लायो भित भित्र बुनु
लामाले मुन्तर्या पछि निको भयो सुन

रात बक्खु लाउन्या हुन् कि गुम्बा बस्न्या लामा
मु पुन राउणै मान्दो कसो होला आमा

काग बास्यो काउलीका रुख काल्त्या बास्यो खोला
माने पामे पुजा गर्न्या त्यो पारिको होला

काट्या रगत आइ जाँदो छ खानु त हुँदैन
धर्मले दियाको आज्ञा मार्नु त हुदैन

भाइ हुन्या त अग्रान खान्नी धर्मी मुइना माघ
एकै सुर्ज घाम ताप्नु धर्म सवका भाग

याल्वाङ्ग गुम्बा लामा बस्यो धर्मी घट्ट रिघाऊ

देवशक्ति हराइ गयो लामा कुन भिकाउ

रलिङ्ग गुम्बा ठुलो मेला मान्ठकै ओइरो छ
पापी मुन हटाउन्या हुन कि सर्कउदो कुइरो छ

गाई गोरु चरन लाग्या पात खादा बुकीका
बुद्ध धर्म सेवा गन्या कर्मले दुःखीका

**खेतीपाती**

हलो जोती बाउसो खुनी पेट पनि पाल्नु छ
घर खान्या खानु छैन खाल कोद्या किन्नु छ

उवा बोया, कोद्या बोया धान पुनी गोड्न्नै छ
जोत्याका हलबल्द छाडी बाउसो चलाउनै छ

चिसो हावा कइले खाउँला रमाइलो नयाँको
पैसा कुमाइ सकिन्या नाइ दुःख मात भयाको

हिउँ आयो हिउँ चुलीबाट मेग आयो मालवाट
मु खेती गरिनै रहुँला समय सालबाट

एक खेत छियो मुखियालाई उदारो तिन्नाले
बाल बच्चा कसरी पाल्नु बुनका सिन्नाले

हिमाल हिउ पड्न्या बेला बादल घेरिदो छ
जौ उवा सुकिया बेला मुन त चीरीदो छ

**जडीबुटी**

पल्ला लेक पाइदो होक्या भोल्त्या र कटुकी
पैसा पाउन्या धोको मेरो भात खादो बटुकी

थैला थैला बोकी ल्याउँदा खुन्याका अत्तिस
दैका दुन्त हाँस्न्या हुन्न कि धेकिँदा बत्तिस

लामा लेक उकालो बाटो बाउसो कंध हाल्नु
जडीबुटी बेची कुन फाट्या टालो टाल्नु

घोडा, खच्चर खाल्बा बाद्या, लुकाल जाक्नु छ
दिन काम गन्नु पड्न्या बेलुका थाक्नु छ

धान्नी जोख्या बिसौउलीया यसो प क्या भयो
नौलो पिउली ब्याउली ल्याउला उदै प भ्या भयो

**व्यापार व्यवसाय सम्बन्धी**

रोडीकोट विफ्यारो खोलो, दुल्ली केरो केरो,
टाला टुली चाइन्या भया किनी लैजाउँ मेरो

तेल तेरो काँगियो मेरो कपाल कोर्ने लछी
ऐलेलाई यत्तिकै भैगा किनि लिउला पछि

व्यापारी व्यापार गर्दा खादा कुमिसन
सस्तै गऱ्या निकै गर्‍या छाड्न्या छैन मुन

दिनभरि कुरी बस्न्या कोइ किन्न आउँदा की
आइ त व्यापार केइ भएइन दुइ रोटा ख्वाउँदा कि ?

धोती दिन्या चोला दिन्या को प साउ जी होला
दै तुम्मो गरिया कामु फाइदा होइ जाला

घर मेरी एकै होली बसु भुन्या घर
भाग्यले यसै प दियो कै को मान्नु भर

**विदेश गमन**

एक बैरी बुम्बैको सेठ अक्को बैरी निद
तेस्रो वैरी मायाजाल चौथो बैरी रिन

घर छोड्या घरबारी छोड्या दुई पुइसा ल्याउला की
घरको ओरालो छाडी भारु त रुवाउला की

वल्ला गाउँकी पल्ला गाउँकी बाट्न्ती हुन्नी केश
आमा छाडी बाबु छाडी आयाँ परदेश

दार्म जिउला धान पाक्दैन चुडखीली छायाले
दै दुरै मु पन दुरै रुपिया मान्याले

आस खाया चुली खाया पाकिया भया त
घर फर्कि आउन्या छिया दुई पुइसा पाया त

**प्रकृतिक सौन्दर्य**

औल फुल्या लाली गुराँस लेक फुल्या बुकी
अद्द सुकी अद्द दुःखी भावी होरो होकि

हिउँ पड्यो नाराका लेख पात रैग्या रुख
कैले जाला पापी म्विना कैले होला सुख

फुल फुल्याइ फुलका बाडी आउला पुल्ती भेष
नटुटेइ पिरिमको डोरी भेट भयाका देश

काला लेक रमाइला हुन्छन् काफल पाकन्नर
रुङ्गी मुन विरङ्गी हुन्छ मुल्का लागन्तर

सालुमालु पलाइ गयो साल किन ढिलायो
कुइरी जुन लागन्या माया हिउँ जन विलायो

लाली जिउला तल हउरी धान कोद्या बोयाको
ह्याका छ कि र्बिसी हाल्यौ घाँस काटी रोयाको

रुन बुनै उज्यालो धेक्तो रमाइलो हुनाले
तल हउर राउँडै धट्तो हरिया हुनाले

घाँस पलाइ हरिया जुङल फुल फुलेकै बुन
चैतका चाखुरी जुन किन घुम्डै मुन

पिड्यालु पातको पानी खाऊँ खाऊ भन्दै ढल्की
रुन बुनै रमाइलो भयो काफल खान पल्की

चिसो हावा अब खाउला रमाइला नयाको
सुदिन मेरा आउन्या हुन्न् दुःख त गयाको

सुन टल्कनी टल्कँदो छ सिङकोटको हिउँ त
ठोरे मुन ठगुन छैन सबै सम्भि लिऊँ त

सेतै छन् हिमालका चुचा बर्खा फुल्या बुकी
धर्म कर्म राखि राख्या, तब हौंला सुखी

जरा सेता पात पुहेला पाटन बुकीका
धर्म कर्म जोड्न्या हौक्या खेल्दारु मुनका

**प्राकृतिक विपत्ति**

धरती उप्क्यो खोलै बउल्यो पाल्त बास्या न्याउला
घर बाइगो घरबारी बाइगो क्या गरुत प्याउला

आफु बाइगै छोरी लैगै काली गाउँ काटि गइ
एक नेल दैबुले हाल्यो दोस्रो नेल हालि गइ

खाउ भुन्या पै चारो छैन बसु भुन्या घर

हारी खान्या कर्म मेरो कै कै छैन भर

पुनीका उजेली रात तारा अधुरै छन्
जीवनको भरोसा छैन लच्छे अपुरै छन्

हात काटी बिसान लाग्यो निगाली पुत्ताले
दिन खाँदैन रात सुन्दैन पैराका सुत्ताले

मुसाले कपडा काट्यो काट्यो कुरु कुरु
घर गयो घर खेती गयो रुन्छु धुरु धुरु

खोली खोली खोल्याइ लाइदो खोलीकै मुस्याइलो
जग्गा जुमिन उप्कि गयो वस्ती यै निस्याइलो

घाँस काट्नेले हात काटियो वगिगो रगत
आगो आज भुराइ गयो भात खाने बगत

कर्नालीका माछाकति भेरीका भेल कति
दुःखीका दुखाना कति कर्मका खेल कति

**ऋतु तथा महिना**

वसन्तमा फुल फुल्या शिशिर झडल्लाई
जिन्दगीमा हार खाया तुइ पछि पडल्लाई

बर्खा ऋतु हरियाली हेमन्तमा हिउँ छ
कोइली गाइँदा कुहुँ कुहुँ मुन बुजाउन्या जिउ छ

फुल फुल्या जेठका म्विना सेरीका पाटन्
टिपिन कानाउँदो लाइल सउरडी काटन

लगला वसन्त ऋतु काफल पाकि जान्न
मु अभागी पर्देशै छु साथ्या भाइ त खान्न

लागला असुज म्विना प्याउली फुलि जान्ना
रुखका हाँगाउदो वसी न्याउली झुरि जान्ना

लागन्त चैत्तका म्विना काफल पाकन्नर
रङ्गी मुन विरङ्गी हुन्छ झल्का लागन्नर

**राजनैतिक अन्दोलन र व्यवस्था**

हक पाउन्या अधिकार पाउन्या प्रजातुन्त आया
भन्न बोल्न पाउन्या भया गणतुन्त आया

बस्ती डुब्यो रगतले देश डुब्यो रिनले
गद्दार गन्या को-को  भया राजाले लिनले

काग बास्यो काउलीका रुख काल्च्या बास्यो खोला
प्रजातुन्त लांद्या भयो गणतुन्त होला

भोट्याले स्यानीमा लाया पाल हाल्याका सेता
निको राउण कामु गन्नु हाम्रा देशका नेता

भोट दिलिउ चोट पुन खाइलीउ गणतुन्त ल्याउन
काम गर्नु राम पुनि गर्नु जुन्ता निका ख्वाउन

जुन्ता उठ्या सडकमा नेता उठ्या जेलमा
कति वाँच्या कति मर्‍या अन्दोलनको भेलमा

**राजनैतिक नेता**

आरु रात स्याउ सेता को छौ आउ यता
जनताको काम गर्न छाडी गयौ कता कता

भोट्याले स्यानीमा लाए पाल हाल्या हुन् सेता
जोइ खेड्न्या घर पुनि खेड्न्या भन्ट्रचारी नेता

सुम्विधान बुनाउला भुनि भोट माग्न आयौ त
राजा जैथा तुमी पुनि भत्ता त खायौ त

घर भ्रूगडा क्यालाई गद्दा सुम्बिधान लेख
सुम्बीधान लेखेउन भुन्या गाउँ आयापइ धेक

बसन्तमा फुलफुल्या शिशिर कराउला
यइथै कामु गर्‍या पछि चुनाउमा हराउला

हटु भुन्या बाटो छैन पिउ भुन्या पानी नाइ
देशको विकास गरु भुन्या नेताको बानी नाइ

**सैद्धान्तिक विचार धारा**

देश जगाइ जुन्ता जगाइ विकास गद्दा छौ कि
भाइ मारी भाग पुनि खान्या सोसि खान्या हौ कि

एकै बाबु दुबै छोरा दुइ किन लाग्दा छुन
को जेठा हुन् को कान्छा हुन् को भुन्या चाख्ता हुन्

घर छाड्यौ घरबार छाड्यौ जङ्गल पसिया

आफ्नै घरका जाहान मर्‍या जुनता सकिया

दरबार पस्न्या ज्ञाने ढोग्ने बाज तुम्रो बानी
एक पाटी दश तिर भयौ हार्ने बेला जानी

महिला पुरुष बराबरी अधिकार माग्दा छौ
जुन्ताको अधिकार ल्याउन शोषकलाई ताक्ता छौ

**मनोविज्ञान**

खै लाग्यो ल्वाखडका लौडा जौं गौं मा घुन लाग्या
छोरो जुन्म्या तिन दिन भया जोइ नुपाइ रुन लाग्या

जत्ति काट्या पलाइ जान्या गोप्काको बाबियो
यो माया मरल्ला मान्या झुन गैला गैलियो

रुखै छ बाँद्द छाउडो रुखै आँसु पुच्दो
धेक्यात कोलडी जसी सुङ्गै लैजाउ सुच्दो

घाँस काट्दो छै ग्वाला भाउव दाउरा का भाँचलाई
बिना घरका घरबारी अ कसरी बाँचलाई

लाली अउल आटी हाल्या लेख भुइसी धोएँ
बाँजका कोलीउदो बस्दा फुल ओइल्या झैं भएँ

काला लेक रमाइला भया पारी बुन साग छ
आमा बाबु माया बिर्‍स्या दै कै माया लाग्छ

आलुका तिउन सित राता चङ्ल भात छ
मुकि पल्का दै की झल्का पुस मास रात छ

कि माया लागउन्या हुँदा कि माया राख्न्याको
आया गया था हुँदैन उन्तर चाख्न्याको

**मायाप्रेम**

काट्दो छु बाँजाका स्याउला उल्कदो छु रुख
सउरडी लागिया वेला कइका ताकु मुख

पहाड फुटने पानी धारा कैले पानी खाउँला
दै कुन सुम्झिया बेला सउरडी मु लाउला

बम्बै साउ सेटकी छोरी ओठ लाउन्या लाली
को दै को ओछ्यान लाउन्छ को धोइहिन्छ थाली

अछाम फल्न्या चुक्या आँप जुम्ला फल्ने केला
एक घुट्को बाडुली लाइजा मु सम्झेका बेला

सिमालीका तल हउरी हाल्या हुन् कि गेट ?
बाजको सउरडी लाग्यो कैले होला भेट ?

खाँदै रयाइ लाउँदै रयाइ पैसा दिउला भारु
मुन गर्यै फुलका जसो जोबन गर्याइ फारु

**शृङ्गार रस**

लाउन्या भया किति दिउँला ढोकानका लछी
मु जइथा कति प हुन्न मेरा लाग्दि पछि

बल्दको नाउँ हिरामोती भुइसीको नाउँ गौरी
जै फुल फुल फुली अउँन्छ उइ फुल कि मौरी

नानु भुइँसी ठुलो घाणो, त्यो घाणो फुटि जा
घर आउन्या मुन लागि जा जागिरी छुटि जा

बाट्ति उम्र्याको काफल चैत पाकी जान्छ
हातको रुमाल दि जा पुन सउरयाइ लागी रुन्छ

जा भाउव घाँस काटी लइया पोरि बुनाउँदाको
कै ति भुनि क्या हुन्या छ आफ्ना मुनाउदाको

परदेशी लाउर्या दाइको पानी खान्या टङ्का ।
मु रइग्या धत्तीका कुना सुवा रइगइ लङ्का

**वीर रस**

सबै रक्षा गरि दिया जन्मेका  ठौरकी
नेपाली हो वीर जाति झुक्दैन पोरखी

काँ जान्छ कुवाको पानी कसका लुगा धुन्छ
गोरखालिया सुन्तान हामी शिर क्यान झुन्छ

**शान्त रस**

अर्काको रिस मानी काँन्यु मरि जान्या चोला
दुःख मानि काँ हुन्या छ बगि जान्या खोला

**करुण रस**

नुवाइनु अध्यारका न्याउला सउर्याइ लाग्दो लुटी
तु पुति नुपाक्पाइ कठै¤काफलका बुटी

लेक वस्न्या मुइना चडी रन बुनै रुवायो
आँसुले तिरखा मेट्न्या आँसुले रुझायो

पापी मुन चुडिन लाग्यो पाँख भया उड्नउ
कर्म मेरो सुखी भया दुःख दै छुट्नउ

छाकलै नुवास्यै चडा मु ओखल हुन्छु
दुखीको अडतो नुल्या धुरु धुरु रुन्छु

**हास्य रस**

अद्द घोगा पसाइ गया अद्द घोगा लालु
पोइ तुम्मा जागीर्या नाइ त कसरी हुन् ठालु

कोइमुसा खुर्सानी भुन्दा कोइमुसा जा भुन्दा
यै घरका बुढाबुढी विराला वा भुन्दा

नेता कुरा भउती निका तारा टिपी लाउन्या
विकासका कुरा गद्दा आफू हुदा व्याँउन्या

**भयानक रस**

उइ साउन कि काली रात उइ दर्कियो मेघ
लोच्या घाट मुच्चिइ आयो लोच्या कुन ठेक

माथि उदो भल बगि आइगो घरै बगाउन्या हो
बस्ती सबै पुछि लिन्या दैबु जगाउन्या हो

म माया कति प मान्दो साइ नुमान्या जाति
माना भरु तुला जोखु कै को माया कति ?

रोडिकोट बिफ्यारो खोलो दुल्ली केरो केरो
पिपलाङ दै धोकिदो पारी दार्म जिउला सेरो

उबो लिमी उदो रिमी माझउदो सिङकोट
एकै हुँ हुम्लीका छोरा नुलाउ कै की चोट

गल्फा गाँड माछा खाया हिल्साको नून पाया
रलिङ्ग गुम्बा मु आइ जाउला बाँजले गुन लाया

लाली अउल बाटो काट्या जान्या हौ क्या गोठी
जैर गाउँदो घट्ट नाइ र मुनभयो खोटी

हिल्दुम खोला पानी बग्दा विजुली बल्यो कि
खोल्सी गाउँदो स्याल कराउन्दा, रुख पुन ढल्यो कि ?

**स्थानीय भाषा**

डिल ढुङ्गी भिटा ढुङ्गी दुई ढुङ्गी कटाउला
ह्वादी खानु मु पाउन्या नाइ अगान्जी ढ्याउला

सुन्तै जिउलो रोपी गयो पानी यई नपुग्या
मान्याको धुरम हाम्मो सोच्यार नपुग्न्या

सालीले सिराउला कुटी भिनाजु वा बुर्की
मुइ भुन्या अखुन्ड्याइ गर्दी अरू भुन्या तुड्की

बान गोठाला तेरी भुइसी मु देख्या तर्सन्छै
जाँ जान्छ अब्जसी कर्म त्याइँ छारो बँसन्छै

चल कुल्ली रानीका भाग काम खुल्या भुवानी
दुद नुदिन्या दै नुदिन्या तु  क्याकी गुवाली

भित्त घर गया पुन जान्या एकै धेलो
छाकलै उठनु पड्डो घाँस काट्नु छ मेलो

## परिशिष्ट ग

प्रस्तुत शोधपत्र तयार गर्दा आवश्यक देउडा गीत उपलब्ध गराउने स्थानीय देउडा गायकहरूको विवरण निम्न बमोजिम छ :

| क्र.स | नाम थर | ठेगाना | उमेर | योग्यता | पेशा |
|---|---|---|---|---|---|
| १. | अदानसिंह कार्की | रोडीकोट, हुम्ला | ४८ | एस.एल.सी | शिक्षक |
| २. | तेज ब. शाही | लाली, हुम्ला | २६ | आइ.एड | विद्यार्थी |
| ३. | लोक ब. सिंह | डाडाफया, हुम्ला | ३२ | आइ.ए | शिक्षक |
| ४. | मेघराज शाही | गोठी, हुम्ला | ३८ | अन्डर एस.एल.सी | किसान |
| ५. | ज्ञानेन्द्र छत्याल | राया, हुम्ला | २४ | साक्षर | किसान |
| ६. | श्यामजिर फडेरा | सर्किदेउ, हुम्ला | २८ | वि.एड | विद्यार्थी |
| ७. | प्रेम भण्डारी | श्रीनगर, हुम्ला | २९ | आइ.एड | शिक्षक |
| ८. | प्यारीलाल शाही | दार्मा, हुम्ला | ३५ | आइ.ए | किसान |
| ९. | मान ब. थापा | मदना, हुम्ला | २६ | आइ.ए | विद्यार्थी |
| १०. | धन राज छत्याल | जैर, हुम्ला | २९ | वि.एड | कर्मचारी |

# परिशिष्ट घ

## हुम्ला जिल्ला



# परिशिष्ट ङ



चैतलो पर्वमा महिलाहरूको देउडा गायन



माघे सङ्क्रान्तिमा पुरुषहरूको देउडा गायन



स्थानीय पहिरनमा देउडा खेल



महिलाहरूको देउडा गायन

## सन्दर्भ ग्रन्थ सूची


उपाध्याय, केशव प्रसाद, ***पूर्वीय साहित्य सिद्धान्त,*** ललित पुर : साझा प्रकाशन, दोस्रो संस्करण, २०५८ ।

खतिवडा, रमेश, ***कर्णाली,*** काठमाडौः वीणा प्रकाशन, २०४९ ।

गिरी, जीवेन्द्र देव, ***लोक साहित्यको अवोलोकन,*** काठमाडौं : एकता प्रकाशन, २०५७ ।

... ... ... ***नेपाली लोक साहित्यमा जन जीवन,*** काठमाडौं : एकता प्रकाशन २०६७ ।

चन्द, रामबहादुर, ***डेउडा गीतमा ऐतिहासिक चित्रण,*** काठमाडौं : संगम प्रकाशन, २०४७ ।

थापा, धर्मराज, ***मेरो नेपाल भ्रमण,*** पोखरा : सावित्री थापा,२०१६ ।

थापा, धर्मराज र सुवेदी, हंसपुरे, ***नेपाली लोक साहित्यको विवेचना,*** काठमाडौंः पाठ्यक्रम विकास केन्द्र त्रि.वि.वि, २०४१ ।

देवकोटा, रत्नाकर, ***मौलिक लोकगीतभित्रको पश्चिम नेपाल,*** कन्ट्रिब्युसन्स टु नेपलीज स्टडिज, भोलुम ३२, नम्बर १, २०६२, पृ १४१-१७२, ।

पन्त, देवकोटा, ***डोटेली लोक साहित्य,*** काठमाडौंः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०५५ ।

पराजुली कृष्ण प्रसाद, ***नेपाली लोकगीतको आलोक,*** काठमाडौंः वीणा प्रकाशन, २०५७ ।

पनेरु, नेत्र प्रसाद, ***डेउडाको लय विधान,*** **मर्यादा**, अङ्क ३, २०५६ पृ ८२-८४, ।

पाण्डे, गोविन्द प्रसाद, ***देउडा विगतदेखि वर्तमानसम्म,*** जुम्ला : लेखक स्वयम्, २०६० ।

पोखरेल, बालकृष्ण, ***राष्ट्रभाषा,*** छैटौं संस्करण ललित पुर : साझा प्रकाशन, २०४३ ।

बन्धु, चूडामणी, ***नेपाली लोक साहित्य,*** काठमाडौंः एकता प्रकाशन, २०५८ ।

बउथापा, चेतमान, ***सुदूर पश्चिमाञ्चलको लोकप्रिय देउडा,*** **मधुपर्क** वर्ष २५, अङ्क ६, २०५४, पृ ४६, ।

योगी नरहरि नाथ,***सेतीतारा,*** ललितपुर : साझा प्रकाशन,२०२६ ।

सुवेदी, राजाराम, ***बाइसे राज्यको रूपरेखा,*** ललित पुर : साझा प्रकाशन, २०५५ ।

हुम्ला, जिल्ला विकास समिति, ***जिल्लाको वस्तुस्थिति विवरण,*** २०६७ ।

हुम्ला, जिल्ला सिँचाइ कार्यालय, ***जिल्ला प्रोफाइल,*** २०६५ ।